
# अनुभवहरू

वर्ष १ अङ्क १

बाल क्लब विशेषाङ्क




Save the Children

Plan
Be a part of it.



# विश्वव्यापी अभियान (GMC/UNGASS)

प्रत्येक व्यक्ति, समस्त परिवार र आमाबुबाहरू, गाउँ विकास समितिहरू, सामुदायिक संघ संस्थाहरू, विद्यालयहरू, व्यापारी वर्गहरू र सरकारका सबै निकायहरूसंग बालबालिकाका लागि विश्वव्यापी अभियानमा हामी जुटेर यी बाचाहरू आज गरौ कि :

- प्रत्येक बालबालिकाको अधिकारलाई कुनै पनि भेदभाव बिना हामी सम्मान गर्नेछौ ।
- हामी बालबालिकालाई जहिले पनि प्राथमिकता दिनेछौ ।
- प्रत्येक बालबालिकालाई हामी स्याहारसुसार दिनेछौ ।
- एच.आई.भी. = एड्सबाट बालबालिकालाई बचाउनेछौ ।
- प्रत्येक बालबालिकालाई शोषण र दुर्व्यवहारबाट जोगाउनेछौ ।
- प्रत्येक बालबालिकाको विचारको कदर गर्नेछौ र मान्यता दिनेछौ ।
- प्रत्येक बालबालिकालाई शिक्षाको अवसर दिनेछौ ।
- प्रत्येक बालबालिकालाई युद्धबाट जोगाउनेछौ ।
- गरिबी बिरुद्ध हामी लड्नेछौ र पहिले हामी बालबालिका माथि लगानी गर्नेछौ ।
- पृथ्वीलाई बालबालिकाका लागि जोगाई राख्ने छौ ।
- बालबालिकाको सर्वोत्तम हित र हर क्षेत्रमा उनीहरूको सक्रिय सहभागिताको अधिकाबारे गरिएको यस आह्वानलाई सबै व्यक्ति, परिवार र संघ संस्थाहरूले व्यवहारमा परिणत गर्नु हुने छ भन्ने कन्सोर्टियमले आशा लिएको छ ।

# अनुभवहरू

नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) को

## बालक्लब विशेषाङ्क

वर्ष- १, अंक- १

**विषय सुची**


| विषय | पेज |
|---|---|
| बालक्लबबारे दुई चार कुरा | १ |
| Child club: Children's own voices | ४ |
| के यस्तै गर्न सकिन्न र ? | ७ |
| जिल्ला बालकल्याण समितिका बालसदस्यको अनुभव | ८ |
| Role of child clubs in Nepal | १० |
| घरेलु बालश्रमिकका समस्या र क्रमिक सुधारको अभियान | १२ |
| Children's Organisations in South and Central Asia | १५ |
| हातेमालोको अनुभव | २० |
| मध्यपुर थिमी र बालक्लब | २२ |
| Story of a girl child: Banke | २४ |
| Finally "Sukhi" | २५ |
| बालसहभागिता तथा सशक्तीकरण तालिमका सफल उदाहरणहरू | २६ |
| बालक्लबको विकासक्रम | २८ |
| नेपालका बालक्लबहरू कता ? | २९ |
| कन्सोर्टियमको लागि बालसल्लाहकार समिति : अनुभवहरू एक सिंहावलोकन | ३२ |
| Child Participation in Poverty Reduction | ४० |
| एफोर्ड बालक्लबको विकासक्रम | ४५ |
| Bhutanese Refugee Children's Forum | ४६ |
| जिल्ला बालकल्याण समिति, सिराहाको गतिविधि | ४८ |
| सन् २००१ मा कन्सोर्टियमको प्रमुख कार्यहरू | ४९ |
| Say yes for children | ५३ |



**प्रकाशन कार्य समूह**

श्री विजय सैंजु
श्री चन्द्रिका खतिवडा
श्री ज्यास्मिन राजभण्डारी
श्री माधव प्रधान

**सम्पादन सहयोग**

श्री राजीवलोचन अधिकारी
श्री शालिकराम पाण्डे
श्री सुशीला अधिकारी

**ले-आउट/डिजाइन**

द मिराकल्स प्रा. लि.
फोन नं: ४३१२६५

**चित्र :**

श्री लक्ष्मण भुजेल
श्री भीष्म के.सी.

**मुद्रण :**

पारू अफसेट प्रेस प्रा. लि.
फोन नं: ४३०७९९

**प्रकाशक :**

नेपालका बालक्लबहरूसँग कार्यरत
संस्थाहरूको साझा समूह (कन्सोर्टियम)
पो. ब. नं. ६८२, काठमाण्डौ
फोन नं. : ५४२२०४
इमेल : consortium@mos.com.np

# संचालक समितिको तर्फबाट.....

नेपालमा बालक्लबसंग काम गर्ने संस्थाहरूको साझा समूहलाई छोटकरीमा अंग्रेजीमा कन्सोर्टियम (Consortium) भनिन्छ । यसको स्थापना सन् १९९८ मा भएको हो । स्थापना कालदेखि नै यसले बालबालिकाको हक, अधिकारको खातिर काम गर्दै आइरहेको पनि जानकारी गराउँदछौं । सन् १९९८ सालदेखि बालबालिकाको विभिन्न मुद्दालाई यो संस्थाले हेर्दै आइरहेको भएता पनि संस्थाको पहिलो पठनिय सामाग्रिको रूपमा वा प्रकाशन यहाँहरु समक्ष राख्न पाउँदा ज्यादै गौरवान्वित भएको महसुस् गरेका छौं । अवश्य पनि यहाँहरूबाट सकारात्मक सुझावको अपेक्षा कन्सोर्टियमले राख्दछ । यो पुस्तक हाम्रो पहिलो प्रयास भएता पनि यसले नेपालका बालक्लबहरूको केही प्रमूख मुद्दाहरु र यथार्थ स्थितिको चित्रण गर्दछ जस्तो हामीलाई लागेको छ । विशेष गरेर बालक्लबहरूसंग सम्बन्धीत रहेर निकालिएको यो बालक्लब विशेषांकले नेपालका बालबालिकाको सहभागिताको अधिकार भित्र पर्ने कुराहरु अवश्य पनि छुटेका छैनन् होला जस्तो हामीलाई लागेको छ ।

बालअधिकारको क्षेत्रमा बालबालिकाले नै जागरूक बनेर संगठित बन्दै गएको सुखद घटना नेपाल राष्ट्र पक्ष भएको बालअधिकार सम्बन्धी महासन्धी सन् १९८९ लाई सन् १९९० मा अनुमोदन गरे यता अहिले नेपालमा कन्सोर्टियम सदस्यहरूको सम्पर्कमा मात्र १७०० (एक हजार सात सय) भन्दा पनि बढि बालक्लबहरु विभिन्न नामबाट बालक्लबहरु सक्रिय रहेका छन् । यसरी बालक्लबको बृद्धि हुनाका कारणहरूमध्ये बालबालिका राष्ट्रिय विकास प्रक्रियाका एक अभिन्न अंग हुन् भन्ने कुरा समाजमा स्थापित हुँदै जानु पनि एक हो ।

बालअधिकारका लागि बालसहभागिताको आवश्यकताको बारेमा बढ्दो जागरूकताको कारणले पनि बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु बीच एउटा सहकर्मी समूह बन्नु पर्ने सोचको विकास भयो । त्यसपछि सन् १९९९ देखि कन्सोर्टियम नामक मिलिजुली समूहले अहिलेसम्म विभिन्न चरण गरी बालबालिकासंग कार्य गर्ने संस्थाका प्रतिनिधिहरूलाई सहजकर्ता तलिमको आयोजना पनि गर्दै आएको छ । बालअधिकार सम्बन्धी महासन्धीले प्रतिपादन गरेका सिद्धान्तको आधारमा तयार पारिएको आचार संहिताको पालना नै यस संस्थाको सदस्यता पाउने आधार हुन् । यो समूहमा संस्थापक सदस्य, पूर्ण, र अवलोकनकर्ता गरी तीन प्रकारको सदस्य रहने व्यवस्था गरिएको छ ।

हामी लेख उपलब्ध गराउनुहुने साथै यस प्रकाशनमा प्रत्यक्ष वा अप्रत्येक्ष रूपमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु तथा संघ संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै नयाँ वर्ष २०५९ को सुखद उपलक्ष्यमा सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । अन्तमा, भविष्यमा पनि सहयोग पाइरहने आशा राख्दै सुझावको अपेक्षा गर्दछौं ।

**माधव प्रधान**
संचालक समिति सदस्य
कन्सोर्टियम, कुपण्डोल ललितपुर

बालक्लबहरुलाई बालअधिकार महासन्धि अनुसार सरकारी मान्यता प्राप्त हुनुपर्ने भनी सर्वोच्च अदालतमा दिएको मुद्दा बालक्लबको पक्षमा फैसला हुनुले राष्ट्रियस्तरमा बालक्लबहरुको छविलाई उजागर गरिदिएको छ। बाल्य अवस्थामै सामाजिक र राष्ट्रिय समस्याहरुप्रति परिचित हुने र त्यस्ता विषयहरुमा सहभागी हुदैं सानैदेखि जीवनलाई उपयोगी हुने विविध सीपहरु हाँसिल गर्ने अवसर बालक्लबहरुले बालबालिकालाई प्रदान गरेको छ। भावी नागरिकको हैसियतले हाम्रा बालबालिकाले आफ्ना बालक्लब भित्र सामाजिक परिचालनको उत्तम अभ्यास गरिरहेका छन्।

बाल विकासको सर्वोत्तम नमुनाका रुपमा कमशः चर्चा परिचर्चामा आउँदै गरेका र बालक्लबहरुको विस्तार हुँदै गईरहेको सन्दर्भमा यसलाई कसरी दीगो र उपलब्धिमुलक बनाउने भन्ने कुरा यस क्षेत्रमा काम गर्ने संस्थाहरुका लागि एउटा चुनौती नै खडा भएको छ। बालक्लबहरु गठन गरिदिनु सजिलो कुरा हो तर त्यसलाई निरन्तरता दिनु कम कठिन पक्ष होईन। हामीले बालक्लब गठन गर्‍यौं र त्यसलाई निरन्तरता दिएनौं भने हामीले बालक्लबबाट खोजेको उपलब्धि नपाउने मात्र होइन बच्चा र अभिभावकमा समेत गलत सन्देश जान सक्ने खतरा रहन्छ। तसर्थ बालक्लबहरुसंग काम गर्दा भोगेका केही अनुभवहरु राखेर यो लेखको बिट मार्ने जमर्को गरेको छु।

रहरले बालक्लब गठन गरेर संख्यात्मक आंकडा प्रस्तुत गर्नु बालक्लबको प्रारम्भ नै गल्तीबाट शुरु भयो भनेर जान्नु पर्छ। हामीले बालक्लब गठन गर्नु अघि बालबालिकालाई बालक्लवको भूमिका, जिम्मेवारी र महत्वको विषयमा प्रष्ट पार्नुपर्छ। बालक्लब गठन गर्दा देखि उनीहरुको हरेक क्रियाकलापमा हाम्रो भूमिका निर्णायक नभएर सहयोगी हुनुपर्ने कुरामा हामी हरसमय सजग हुनुपर्छ ता कि उनीहरु निर्णय आँफै गरुन्। बालक्लब एउटा टोल वा गाँउ जहाँ बालबच्चाहरु छोटो समयमा पनि सबै भेला हुन सक्छन्, त्यसको आधारमा गठन गर्न सहयोग पुऱ्याउनु उपयुक्त हुन्छ। गा.वि.स., जिल्ला वा अञ्चलको सिमानामा बाँधिनु व्यवहारिक हुदैन। तर यस कुरामा भने हामी सजग हुनै पर्छ कि बालक्लबभित्र सम्बन्धीत टोल वा गाँउका बालिका, दलित बालबालिका तथा अपाङ्ग बालबालिका कदापि नछुटुन र बालक्लब
कुनै उपल्लो जाति वा केटाहरुको मात्र प्रभुत्व नरहोस
बालबालिकासंग कार्यक्रम गर्दा उनीहरुको पढाई नबिग्रो
भनेर साँझ, बिहान तथा प्रायः बिदाको समय उपयो
गर्नुपर्छ। बालक्लबभित्र सबै बालबालिका समान रुप
सहभागी गराउन विशेष ध्यान दिनु आवश्यक छ
बालबालिकासंग काम गर्ने संस्थाहरुले बालक्लब
सहयोगी संस्थाहरुको रुचिमा भन्दा उनीहरुकै रुचि
चलुन् भन्ने मान्यता राख्दै समय समयमा सहजकार्य
विश्लेषण गर्नु जरुरी छ। किनभने केही बालक्लब
बालअधिकार र विकासको पक्षबाट बाहिर गई सहयो
संस्था वा समुदायका प्रभुत्वशाली व्यक्तिहरुको रुचिल
पछ्याउदै भौतिक निर्माणका कामतिर संलग्न भए
देखिएको छ।

समुदायको मन जित्न (समर्थन लिन) सामान्य भौति
काम गरे पनि बालक्लबहरुलाई बालबालिकाको विकास
नमुना कामहरुतर्फ प्रोत्साहित गरिरहनु पर्छ
बालक्लबहरुलाई सहयोगी संस्थाको सहयोग मात्र पर्या
हुदैन। बालक्लब भएको टोल, गाँउ र गा.बि.स.
अभिभावक, सामाजिक कार्यकर्ता, जनप्रतिनिधि तथा अ
सामुदायिक समुह तथा स्थानीय सरकारी निकाय
हुन्छन्। ती सरोकार संस्था, समूह तथा व्यक्तिहरुस
बालक्लबको सम्बन्ध स्थापित गरिदिनु अत्यन्त अवश्य
छ। त्यसका लागि बालक्लब सहयोगी संस्था, सरोकारसं
र व्यक्तिसंग त्रिकोणात्मक सम्बन्ध स्थापित गर्न अत्य
आवश्यक छ। हामीले के ख्याल राख्नुपर्छ भने बालक्ल
र स्थानीय सरोकारवाला संस्था, व्यक्ति र हामी अस्था
हौं। त्यसैले बालक्लब गठनको प्रारम्भमै स्थानी
सरोकारवालाहरुको समर्थन प्राप्त गर्दै जानुपर्ने हुन्छ

बिगत ४, ५ वर्षको अनुभवमा बालक्लबमा रहेका जिम्मे
तहका व्यक्ति (खास गरी केटा) हरु उमेर पुगेपछि क्लबब
निस्कंदा क्लबको हिसाब किताव तथा अन्य सामग्री
नबुझाउने समस्या व्यापक देखिएको छ जसको अ
बालक्लबमा परिरहेको छ। बालक्लवमा कोष संकलनल
प्रोत्साहित गर्दा सानैदेखि भ्रष्ट मनोबृत्ति बढ्ने आशं
पनि उठेका छन्। कोष (Fund) संस्था बचाउने एउ
महत्वपूर्ण तत्व हो भन्ने कुरा पनि बिर्सन नहोला। तर
यो समस्याको समाधानका लागि बालक्लबहरुबाट उ



पुगेका व्यक्तिहरुलाई सम्मानजनकरुपमा बालक्लबमै सल्लाहकार अथवा सहयोगीको रुपमा राखिनु पर्ने देखियो । बालक्लबको कोषलाई सहयोगी संस्थाले व्यवस्थापन गरिदिन अत्यन्त आवश्यक देखिएको छ ।

केटाकेटीहरु धेरैजसो नाचगान र खेलकुदमा रमाउने भएकोले उनीहरुलाई त्यस्ताखालका कार्यक्रमहरुको आयोजनाका साथै त्यस्ता कार्यक्रमलाई सहयोग पुग्ने सामान्य सामग्रीहरु सहयोगी संस्थाले जुटाईदिने गर्नुपर्छ । बालक्लबमा किशोरावस्थाका केटाकेटीहरु खासगरी नेतृत्वमा हुनेहुँदा सांस्कृतिक कार्यक्रम, तालिम, गोष्ठी, र भ्रमणहरुको आयोजना हुँदा सहयोगी संस्थाले विशेष रुपमा सजगता अपनाउनु पर्छ । बालक्लबमा रहेका किशोर किशोरीहरुलाई यौन शिक्षा दिनु अत्यन्त सामयिक हुने देखिन्छ ।

बालबालिकासंग काम गर्दा रमाइलो हुन्छ । उनीहरु ठूला बडाको सबै कुरा सिको गर्न सिपालु हुन्छन् । तसर्थ उनीहरुसंग काम गर्दा सहजकर्ताहरुले हरबखत बालबालिकालाई सकारात्मक रुपमा हेर्ने र क्षण क्षणमा आँफूबाट बच्चाहरुमा गलत सन्देश नजावस् भनेर ख्याल गरिरहनु पर्छ । बालमनोविज्ञानको आधारभूत ज्ञान भएको व्यक्तिले मात्र बालबालिकासंग राम्रो काम गर्न सक्छ । हामीले चुनेको बाल सहजकर्ता त्यो अनुरुपको छ, वा छैन ? यसमा सहयोगी संस्थाको ध्यान पुगिरहनु पर्छ । हामीले बालक्लबबाट कुनै चमत्कारिक कामको अपेक्षा राख्नु हुन्न । उनीहरुको सानो सानो क्रियाकलापलाई पनि महत्व प्रदान गर्ने गर्नुपर्छ । हामीले यस कुरामा सजगता राखिरहँ कि बालबालिकाले आफ्नो बालक्लबमा आफ्नै रुचि, आवश्यकता र सहभागितामा काम गरुन् । ❋

*लेखक पछौटेपन उन्मूलन समाज (वेस), पाल्पाको भू.पू. अध्यक्ष एवं वर्तमान सल्लाहकार हुनुहुन्छ ।*

# Child club: Children's own voices

*Why we come to the club*

- To know and get used to about the child club.
- To read Sunkesra magazine and listen to Hatemalo's radio program.
- Hoping to get opportunity of learning dance, drama e.t.c
- Hoping to get opportunities to sharing views, thoughts, experiences among friends.
- Due to encouragement from friends.
- Knowing that different kinds of competitive and encouraging activities are carried out.
- Hoping to get opportunities of exploring hidden talents and creativity.
- For the purpose of fun and entertainment.
- To understand about the rights of children.
- To develop self-confidence

*The Experiences we share*

- Found very entertaining and refreshing.
- Learned things more than expected
- Opportunity to express views and display and explore ones talents
- In the beginning felt isolated, bored, but later on enjoyed a lot after making friends.
- Because of the training enjoyed a lot from the very first day.
- Found very exciting and full of fun
- Recieved different information about lots of new things.
- Learned quantitative information about the 'rights of the children'.
- Fulfilled all expectations that was in the mind before coming to Hatemalo (positive).

*The Change and the Reaction in us, our Family and out Society after joining Hatemalo Child Club*

*Self Impact*

- Development in talents through the means of training, competition organized by Hatemalo.
- Loss in hesitation (in expressing views and showing the talents among friends)
- Positive change in study.
- Change in different aspects (attitude, behaviour, nature, perception).
- Change in attitude towards street children and physically handicapped children.
- Development in capacity to mix up with friends and everybody in the surroundings.
- Development in ability; to implement the things learned in Hatemalo in real practice i.e.to improve the discriminatory attitude towards gender biasness existing in the society.
- Development in habit of studying everything in detail .
- Development in self-confidence.
- *Opportunity of participating in the decision making matters of the family.*
- Learned about going forward through the means of interaction approach.

*Impact on our Parents*

- Change in parents perception in looking at things (daughter's should not be permitted to go out).
- Concerned about taking the decisions of the children in matters related to the family.
- Thoughtfulness observed among parents in the views of their children.

- Respect given to their children in whatever they thought.
- Showing too much concern about the children and reminding them to make regular visit to Hatemalo.
- Majority of the parents showing agreement towards their children participating in Hatemalo.
- Parents getting too excited about admitting the younger children to Hatemalo; after having analyzed the positive change in the elder children.

***Impact on Society***

- Increase in social awareness in the society.
- Society has taken it very positively.
- Positive response at the establishment of organization like Hatemalo; that is the best means of letting the children develops from its best possible way.

***How we share our learnings in Hatemalo with our Friends***

- Informed the friends about the basic rights of the children.
- Made them aware about cigarettes smoking habit its consequences and its effect on health.
- Shared about personal experiences in the street drama training.
- Shared the experiences of the things learned in Hatemalo whenever the topic was on the "child rights issues" in the classroom.
- Discussed about "children concerning issues" whenever got opportunity to speak.
- Shared about self-awareness issues among one another.
- Shared things with friends in whatever they learned in the training and in different competition program organized by Hatemalo.

***Different Factors Encouraging us to come to Hatemalo frequently***

- Proper use of free time.
- Opportunity in participating different training programs; that could not beneficial to self.
- Different activities being carried out for the children related issues through interaction and planning.
- Right to prevent self-talents without being interrupted.
- Opportunity of meeting friends from different places.
- Opportunity of making oneself freely

## बालक्लबको स्थापनाले बालबालिकालाई फाईदा

सिराह जिल्ला चन्द्रलालपुर गाविस २ चोहर्वाका बालबालिकाले २०५३ साल कार्त्तिक ३ गतेदेखि नयाँ मोड बालक्लब स्थापना गरेका हुन् ।

हाम्रो बालक्लबको स्थापना नहुँदा हाम्रो गाउँको कतिपय बालबालिकाले आफ्नो बालअधिकार पाएका थिएनन् । उनीहरुलाई बालअधिकार भनेको के हो ? त्यो पनि थाहा थिएन ।

गाँउ नजिक विद्यालय भए पनि अभिभावकले विद्यालय पठाउनुको साटो घाँस, दाउरा मेलापातमा पठाउने गर्दथे । जब हाम्रो बालक्लबको स्थापना भयो त्यस बेलादेखि हामीले बालअधिकार भनेको घाँस, दाउरा, मेलापात नभएर, पढ्न, लेख्न, खान लाउन, माया र स्नेह बेला बेलामा स्वास्थ्य परिक्षण गराउनु पर्छ भन्ने कुरा थाहा पायौं ।

त्यही दिनदेखि हामीले समाजमा नाटक, गीत, घर भेट कार्यक्रम जस्ता विभिन्न कार्यक्रमद्वारा जनचेतना फैलायौं । त्यसपछि हाम्रा गाँउका बालबालिकाले बाल अधिकार पाए र विभिन्न कार्यक्रमा सहभागी भै पनि रहेका छन् ।

*साभारः अपेक्षा बाल भित्ते पत्रिका*

adjusted with other friends.

- Opportunity of learning education and informative things.
- To express anxiousness and excitement striking the mind and express it with friends.
- Opportunity of getting participated and involved in all kinds of training.
- Radio program, Sunkesra magazine and all activities related to children group.
- To learns intellectual things.
- Sharing of views among one/another and make interaction with one/another.

***Our Personal Views/Opinions***

- Provision of equal participation to all Hatemalo members.
- Different branches should be opened at different places; especially in remote areas.
- Besides street drama; public awareness should be spread through other means as well.
- It would have become better if Hatemalo activities were carried out on Saturday rather than Friday and Sunday.
- It would have become good enough if training were given at holiday, so that many could participate.
- New participants should also be granted opportunity in participating the competitions.
- Everybody should maintain the discipline in the hall.
- Everybody should be regular.
- Everybody should be equally treated. ❋

*(The above extract has been taken from a interactive session with children in Hatemalo Child Club, Kupondole, Lalitpur)*

---

# भवानी बाल क्लब भवानीपुर

लेखकः ज्ञानेश्वर साह

भवानी बालक्लब बालबालिकामाथि भइरहेको दुर्व्यवहार हटाउन र बालबालिकाको सहयोगमा परिवर्तन ल्याउन २०५४ सालमा स्थापना भएको हो । यसको कार्यालय जिल्ला सिरहा गा.वि.स. भवानीपुर (प्र.ध.) ५ मा छ ।

दुई महिना भाइवहिनी कक्षा संगै पढेको हामी ११ जना केटा र १७ जना केटी मिलेर यो क्लब गठन गरेका हौं । हाल यस क्लबमा ५५ जना केटा र ३२ जना केटी गरी ८७ जना बालबालिका सहभागी छन् ।

क्लबमा हामी प्रत्येक महिना बैठक बसी विभिन्न समस्याहरुको बारेमा छलफल गरी आवश्यक निर्णय गर्ने गर्दछौं ।

बालविकासकालागि कार्य समितिका सदस्यहरुबाट मासिक रु ५ र बाँकी सदस्यहरुबाट रु २ का दरले रकम उठाउने गरेका छौं ।

हाल क्लवको कोषमा रु १४७३/१६ छ । विभिन्न उत्सवहरुमा समाजमा जनचेतना जगाउने सन्देशमूलक कार्य, नाटक, गीत, कविता, बालश्रमशोषण, भेदभाव, बालविवाह, झाडापखाला सरसफाई, अभियान इत्यादि कार्यक्रहरु भव्यताका साथ मनाउने गरेका छौं ।

हामी क्लवमा सदस्यहरु महिनामा दुई तीन पटक सुपरभाइजर शिक्षकसंग Child to Child (बालबालिकाका लागि बालबालिकासम्म) कक्षा पढने गरेका छौं । आगामी दिनहरुमा पनि सक्रिय बनी बालबालिका र समाजको हितको लागि कार्य गरिरहने छौं ।

हाम्रो क्लवमा पहिले कथित दलित भनिने पिछडिएका जातिका बालबालिका सदस्य नरहेता पनि हामीहरुले सम्झाई बुझाई गरेपछि अहिले त्यस्ता जातिबाट १२ जना बालबालिका यस क्लवमा आवद्ध भएका छन् ।

*साभारः बाल प्रतिभा*

# के यस्तै गर्न सकिन्न र ?

राजु खनाल

हामी बयस्कहरू बालबालिकाका क्षमताप्रति शंका गर्ने गर्छौं । उनीहरूका बिचार बुझ्ने प्रयास गर्दैनौ । हामीहरुलाई राम्ररी थाहा छ यदि बालबालिकालाई छलफलमा बोलायौं भने पनि आफ्ना पूर्व निर्धारित निर्णय नै लाद्न बल गर्छौं । बालबालिकाले आफ्ना सरोकारका सवालहरुमा विचार अभिव्यक्त गर्न सक्दछन । के कुराले उनीहरुलाई राम्रो गर्छ र के ले नराम्रो गर्छ भन्ने । त्यसैले सेभ द चिल्ड्रेन यु.के. बालबालिकाले पनि आफ्ना सरोकारका बिषयमा बिचारहरु प्रकट गर्न सक्छन भन्ने कुरामा बिश्वस्त छ । अतः बालबालिकाको क्षमताको कदर गर्दछ । बालबालिकाले गाउँ/टोलमा आँफूलाई नकारात्मक असर पार्ने सरोकारका बिषयमा निर्णय गर्न सक्छन र यस्ता बालसरोकारका मुद्दामा निर्णय गर्दा बालसहभागितालाई बिर्सन नहुनेहुन्छ । यसै मान्यतालाई आत्मसाथ गर्दै सेभ द चिल्ड्रेन यु.के. ले सन १९९९ देखि सुर्खेतको वीरेन्द्रनगर स्थित सुकुम्बासी क्षेत्रका बालबालिका तथा रामघाट गा.वि.स.का ग्रामिण बालबालिकासंग बिभिन्न क्रियाकलाप गर्दै आएको छ ।

बालबालिकाका समूह तथा तिनका नेटवर्कमा काम गर्ने दौरानमा बालअधिकारका बिषयमा छलफल हुंदा जिल्ला बालकल्याण समितिका बारेमा पनि बालबालिकालाई जानकारी दिइएको थियो । त्यस अवस्थामा बालबालिकाले जिल्लामा हाम्रै हित र अधिकारको संरक्षणका लागि स्थापित संस्थाले कार्यक्रम बनाउँदा हामीसँग पनि छलफल भइदिए समस्याको यथार्थता थाहा पाइने तर्क राखेका थिए । बाल एसोसियशन सुर्खेतको उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला बालकल्याण समितिका अध्यक्ष श्री दोलख बहादुर गुरुङ्गलाई आमन्त्रित गरेका थिए । सो अवसरमा पनि बाल सहभागिताको चर्चा भएको थियो । जसको फलस्वरुप २०५६ कार्तिकमा एक बालक (बिजय नेपाली) र एक बालिका (नूरी खान) लाई जिल्ला बालकल्याण समिति सुर्खेतको सदस्यमा मनोनित गरिएको थियो ।

सुरु सुरुमा बैठकमा केही असजिलो महसुस भएता पनि पछि छलफलमा सक्रियता आएको कुरा भाइबहिनीहरू बताउँछन । बालबालिकाले जिल्ला बालकल्याण समितिको बैठकमा आफ्ना सरोकारका छलफलका बिषय के हुने भन्ने बारेमा बाल एसोसियशनमा पहिले नै निर्णय गर्दछन् र सो कुरा नै जिल्ला बालकल्याण समितिको बैठकमा राख्दछन् । त्यसैगरी समितिमा भएका निर्णयहरु बाल एसोसियशनको बैठकमा सुनाउँछन् । बाल एसोसियशनको साधारणसभाले मनोनयन गरेका प्रतिनिधिलाई नै बालकल्याण समितिले सदस्यता दिने गरिएको छ । बिगत एक बर्षदेखि बाल एसोसियशनका तर्फबाट टिका वि.क. र विजय नेपाली बालकल्याण समितिमा सदस्य रहेका छन । रामघाट बाल सरोकार केन्द्रले पनि आफ्नो कार्यक्रममा जिल्ला बालकल्याण समितिका सदस्यलाई आमन्त्रित गरी छलफलको क्रममा बालकल्याण समितिमा ग्रामीण बाल सदस्यको पनि प्रतिनिधित्व हुनुपर्ने आवश्यकता औंल्याई बाल सरोकार केन्द्र रामघाटबाट पनि दुईजनालाई बालकल्याण समितिमा सदस्यताको माग गरेका थिए । फलस्वरूप विगत ६।७ महिना देखि बाल सरोकार केन्द्रका टेकराज आचार्य र रवि मिजार पनि जिल्ला बालकल्याण समिति सुर्खेतको सदस्यको रूपमा कार्यरत रहेका छन् । सुरुसुरुका बैठकहरुमा बालकल्याण समितिका बयस्क सदस्यहरु नै प्रायः आफ्ना निर्णय लाद्न खोज्ने र उनीहरुले नै बढी छलफलमा भाग लिने चलन थियो, जुन भाइबहिनीहरुलाई मन परेन अनि आपसमा छलफल गरी यस्ता कुरा बालकल्याण समितिको बैठकमै भन्ने निर्णय गरे । साथै जिल्ला बालकल्याण समितिसँग अन्तरक्रिया राखी सुधार्नु पर्ने माग पनि राखे र आफ्ना कार्यक्रम पनि प्रस्तुत गरी सो क्रियाकलापमा बालकल्याण समितिको भूमिका कस्तो हुने भन्नेबारे पनि प्रष्ट गरेका थिए । वास्तवमा आजका दिनहरुमा यी ४ जना बालबालिका सुर्खेत जिल्लाकै बालसमूहहरुका बालबालिकाको साझा नेटवर्क, जिल्ला बाल मञ्च, सुर्खेतको सदस्यको हैसियतले जिल्लाकै बालबालिकाको प्रतिनिधिको रुपमा बालकल्याण समितिमा प्रतिनिधित्व गरेका छन् । हाल आएर जिल्ला बालकल्याण समितिमा जिल्लाकै बालबालिकाका विषयमा छलफल हुन्छ ।

वास्तवमा जिल्ला बालकल्याण समितिमा बालबालिकालाई सदस्यता दिनु पर्ने कानूनी बाध्यता नभए तापनि समझदारी र व्यवहारिकताका आधारमा जिल्ला बालकल्याण समिति सुर्खेतले ४ जनालाई बाल सदस्यता मात्रै प्रदान गरेको छैन बालबालिकाका आफ्नै प्रयासका कार्यक्रममा सहयोग

# जिल्ला बालकल्याण समितिका बाल सदस्यको अनुभव

बिजय नेपाली

बाल एशोसिएसन सुर्खेतकोतर्फबाट महत्वपुर्ण उपलब्धि मध्ये जिल्ला बालकल्याण समितिमा बालबालिकाको प्रतिनिधित्व पनि एक पर्दछ । बालबालिका जसका लागि सेभ द चिल्ड्रेन यु.के., का कार्यक्रम व्यवस्थापक तथा जिल्ला बालकल्याण समितिका सदस्य इरादा गौतमले कुरा उठाउनु भएको थियो । त्यति बेलाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला बालकल्यांण समितिका अध्यक्ष दोलख बहादुर गुरुङ्गले बालबालिकाको जि.वा.क.स.का सदस्यताकालागि बाल एशोसियसन सुर्खेतबाट म (बिजय नेपाली) तथा बालिका प्रतिनिधि नुरी खानलाई मनोनयन गर्नुभएको थियो । त्यसपछि बालबालिकाको काम गर्ने जिल्लाहरुको सुचीमा सुर्खेत जि.बा.क.स. अग्रपंङ्तिमा रहन थाल्यो । त्यसपछि हामीले आफ्ना तर्फबाट जि.वा.क.स. मा आफ्नो संस्था तथा बालबालिकाको समस्याहरु राख्नुपर्ने भयो ।

पहिले पहिले हाम्रो बिभिन्न कार्यक्रममा जि.बा.क.स.का सदस्यहरुको उपस्थितिमा व्यक्त गरेका अभिव्यक्तिहरुबाट वहाँहरु प्रभावित हुनु भएको रहेछ । जि.बा.क.स. को बैठकमा पहिले पहिले समस्या बताउन डर, लाज लागे जस्तो हुन्थ्यो र हामीले आफ्नो समस्या बताउदैनथ्यौं । पछि जि.बा.क.स. सदस्यहरुले "तिमिहरुको समस्या के छ ?" भनि सोध्नु हुन्थ्यो र हामीले बताउथ्यौं । त्यस्तै गरेर ३ महिना पछि एशोसिएसनको साधारण सभा भयो र त्यस बेला एशोसिएसनबाट जि.बा.क.स. को लागि नयाँ सदस्य चयन गर्दा प्रतिनिधिहरु फेरी म बिजय नेपाली र बालिका प्रतिनिधि नुरी खानलाई चयन गरियो । त्यसपछि हाम्रो अर्को साधारण सभा पश्चात हाल म र टिका वि.क. बाल एशोशिएसनको तर्फबाट जि.बा.क.सको बाल सदस्यको रुपमा छौं । हाल अवश्यनै हामी वीचको डर हराई सकेको छ । अब हामी तर्क दिन सक्ने भयौं र हामी आफ्ना समस्या प्रष्ट रुपमा छलफल गर्दछौं ।

बालकल्याण समितिले पनि हामीलाई बिभिन्न कुरामा सहयोग गर्दै आएको छ जस्तैः घण्टाघर पार्कलाई बाल उद्यान घोषित र हाम्रो अनुरोधद्वारा खोल्न लगाइयो, बाल एशोशियसनको बालबिवाह बिरुद्धको परियोजनाको टेलिफिल्समा प्रहरी पोशाक उपलब्ध गराईदिएको, त्यस्तै कार्तिक ४, ५ र ६ गते मध्य पश्चिमाञ्चलको तथा सुर्खेतको पहिलो बाल भेला गर्न लगाईयो । सुर्खेतको पहिलो बाल पुस्तक "बाल संसार" पनि छापियो । विद्यालय जाने बालबालिकालाई छात्रबृत्ति पनि प्रदान गरियो । यी लगायत अन्य बिभिन्न बालबालिकामूखि क्रियाकलाप हाम्रो अनुरोधमा गरिदिंदा हामीलाई आफू बालबालिका भएर पनि ठूला मानिसले गर्न नसकेको काम गर्दा आफू बालबालिका भईदिएकोमा गौरव छ । पहिले कुनै सहयोगको लागि संघसंस्थामा जांदा गरिने अपमान अहिले सम्मानमा बदलिएको छ ।

विगत ७ महिना देखि रामघाट बाल सरोकार केन्द्रबाट पनि ३ जना बालकल्याण समितिमा सहभागि भएका छन् । यसरी हाल हामीहरु ६ जना (३ बालक, ३ बालिका) बालकल्याण समिति सुर्खेतमा बाल सदस्यका रुपमा छौं । स्कूलमा हुने शिक्षकको यातना अहिले कम भएको छ । त्यसकारण बालबालिकाको पीर र मर्का बालबालिकाले नै बुझ्दछ ठूलाले हैन । तसर्थ बालबालिकासंग सम्बन्धीत सम्पूर्ण संस्थाहरुलाई म यो भन्दछु कि बालबालिका सम्बन्धी कुनै पनि योजना तथा काम गर्दा बालबालिकाको सल्लाह र सुझाव बुझ्नु अत्यन्त आवश्यक छ । यदि तपाइँहरु पनि बालबालिका सम्बन्धी कार्य गर्न चाहनु हुन्छ भने पहिले बालबालिकाको सल्लाह तथा उनीहरुको मञ्जुरी लिएर कामगरे त्यो काम लक्ष्यसम्म पुग्न सक्षम हुनेछ ।❋

गर्ने, सहभागि हुने, बाल सहभागितालाई प्रवर्द्धन गर्ने, बाल प्रतिभाको विकास गर्ने, बाल कियाकलाप संचालन तथा आर्थिक र प्राविधिक सहयोग तथा समन्वय, बालबालिकासंग सम्बन्धित संस्थाहरूलाई बालअधिकार अभिमूखिकरण गोष्ठी संचालन जस्ता बिविध क्रियाकलाप गर्दै आएको छ । बाल सहभागितालाई ग्रामीण स्तरसम्म पुऱ्याउन बालबालिकाले अनुरोध गरेका गा.वि.स.हरुमा गा.वि.स.स्तरीय बालकल्याण समितिको निर्माणकोलागि पहल समेत गरेको छ। 'बाल संसार' नामक पत्रिका प्रकाशन गरी बालप्रतिभाको प्रोत्साहन गरेको छ। बालबालिकालाई समस्या परे जति बेला पनि जिल्ला प्रशासनमा फोन गरी आफ्ना समस्या राख्न सकिने प्रावधान मिलाएको छ।

यस समितिले बालबालिकालाई पनि समितिको सदस्यमा संलग्न गराए पश्चात बयस्क सदस्यहरुको बालबालिकासँग घुलमिल बढ्न गई, बालबालिकाप्रतिको दृष्टिकोण तथा बालसुलभ व्यवहारमा सकारात्मक परिवर्तन आएको



पाइएको छ । बालबालिका सुर्खेतको जिल्ला बालकल्याण समितिलाई 'बाल आवाज' सुनिदिने सहयोगी बाल संस्थाका रुपमा लिन्छन । त्यसैले होला हिजोआज बालबालिका समस्या परेको खण्डमा व्यक्तिगत रुपमा पनि नहिच्किचाई जिल्ला बालकल्याण समितिमा आफ्ना समस्याहरु जुनसुकै सदस्यलाई पनि राख्न सक्छन् । यसको लागि बालकल्याण समितिको बैठक नै पर्खिनु नपर्ने कुरा भाइबहिनीहरू बताउँछन । यसरी जिल्ला बालकल्याण समिति सुर्खेतले गर्दै आएका यी विविध कियाकलापहरूका साथै बालसहभागिताले गर्दा नै नेपालका जिल्ला बालकल्याण समितिहरूकै लागि एउटा नमुनाको रुपमा परिचित भएको छ ।

नेपालमा ७५ वटै जिल्लामा बालकल्याण समिति स्थापना भएतापनि प्रायजसो नाम मात्रका छन् भने नगन्य मात्रामा कियाशील छन । यसका विविध कारणहरु हुन सक्छन् । जसमध्ये समितिमा सरकारी कर्मचारीहरु नै अधिकांश सदस्य हुनु, आफ्ना मुख्य पेशाका कारण कम फुर्सत हुनु, सरुवा भइरहनु, बाल सुलभ व्यबहार नहुनु, केन्द्रिय बालकल्याण समितिबाट अनुगमन नहुनु, वा राजनीतिकरण हुनु आदि नै मुख्य हुन सक्छन् । यी कतिपय कारणहरु सुर्खेत बालकल्याण समितिको हकमा पनि लागु होलान् तापनि यो समिति सकियताकासाथ अगाडि बढेकै छ । यसरी यी बिभिन्न बाधक तत्वहरुका बावजुद पनि सुर्खेत बालकल्याण समिति सकिय भईरहनुमा पक्कै पनि यस समिति भित्रको कार्यशैली या कार्य प्रणाली नै हो । किनभने मान्छे जो सुकै परिवर्तन भएर पनि सोही कार्य प्रणाली भित्रै रहेर काम गऱ्यो भने निरन्तरता दिन सकिने रहेछ भन्ने कुराको उदाहरण हो - जिल्ला बालकल्याण समिति सुर्खेत । वास्तवमा बालबालिकाको वास्तविक समस्याहरूको सही पहिचान हुन सकेमा नै त्यसको योजना र कार्यान्वयन पक्ष पनि व्यवहारिक हुन्छ र जसका लागि बालबालिकासँग नै प्रत्यक्ष छलफल गरी या उनीहरुकै सहभागितामा समस्याको पहिचान तथा योजना तय गरेमा यथार्थमा नै बालबालिकाका बिभिन्न पक्षमा कल्याण हुनसक्ने तथ्यलाई सुर्खेतको जिल्ला बालकल्याण समितिले बाल सदस्यता प्रदान गरी उनीहरुसंगै छलफल गरी समस्याको पहिचान तथा योजना निर्माणले प्रमाणित गरेको छ । यसलाई वास्तवमै एउटा अनुकरणीय बालकल्याण समितिका रुपमा लिन सकिन्छ ।

वास्तवमा जिल्ला बालकल्याण समिति सुर्खेतको जस्तो बालमूखी कार्य प्रणालीलाई नेपालका त्यस्ता निष्क्रिय बालकल्याण समितिले अनुकरण गरिदिएमा समितिको नामजस्तै यथार्थमा प्रत्येक जिल्लाका बालबालिकाको कल्याण हुने थियो । ❋

*लेखक सेभ द चिल्ड्रेन यू.के.को सुर्खेत शाखामा कार्यरत हुनुहुन्छ ।*


# Role of child clubs in Nepal

*By Jasmine Rajbhandary*

There is no single role of child clubs in Nepal. And this is infact the way it should be. Though organisations of children have existed for many years, the idea of children managing their own organisation is a new one. Part of the driving force has been the growing acknowledgement of children's potential roles in society and community development and of course the principles and provisions of the United Nations Convention on the Rights of the Child. There have long been children's organisations, most notably the cubs and scouts, which have served the children of the country in many important ways since 1952. But the clubs, which have emerged in recent years in Nepal, are diffrent in one very important respect from most children's organisations in all countries: they are managed , in varying degrees, by the children themselves. There were one or two clubs in the late 1980's but, since then there was a gradual increase of clubs, with a majority of them being established in the early 1990's.

Since then, and especially in the last 4 years there has been a vast increase in adult organisations supporting and initiating an even larger number of child clubs. The different organisations started in different ways and these are reflected in some differences in philosophy and practice. Some began as a second step of the Child-to-Child training programs. Others were developed directly by development agencies as clubs without the child-to-child component. A third route was for clubs to develop through diffusion of the idea to neighbouring villages with the children of the village themselves asking for a club. And others, more recently were established to increase the opportunities for the potential role of children in advocacy and action.

With a diverse representation of child clubs, it is therefore not possible to say that there should be a single role of each of these thousands of child clubs. But there is a variety. That is there are community based clubs,school based clubs, clubs focussed on working for the environment, general child rights, sports, promoting certain issues such as disability, or even specific groups of children, such as working children, specific ethnic groups. Some are in urban areas, some are in rural areas, others have only ten members, and yet others have over hundred members. In addition some clubs have not links with any other clubs in Nepal, while others, have met (through various gatherings and forums or even competitions) children from child clubs from all over Nepal. And yet others have links through district level networks, with all the children in child clubs in their district, through district level networks. This allows them the role of networking and representation with others, including local decision makers such as the District Child Welfare Committees, DDC's and VDC's. There are clubs who are school based and focuss on improving their school environment. There are community based clubs which include children who are both in school and out of school, and focus on their own community improvement and child rights in their community. There are some clubs that focus on sports such as football and volleyball. Other clubs raise money and loan it out to those in need in their community, or use the money to pay for poor children's school books. There are other groups that are focussed



on particular issues such as girls rights or environmental conservation.

There is, in conclusion no single role a child club plays or has to play. That role is up to the children who are in that child club. But, being part of the club (any club) does seem to lead to many benefits and contributions at the individual level, the community level and the level of civil society. These benefits come from interacting with other club members and learning and practising how to work with each other, through making decisions as post holders or as a group, through learning about various issues and doing its analysis, and by having fun and free time. There is also another level of contribution and benefit. The children often decide and do action oriented activities that include awareness raising as well as a variety of community development activities. These sometimes include keeping local taps clean or the roads clean. At another level the children do advocacy as they see necessary. Some link with other children and adults (some who are local decision makers) and are involved in various forums which allow for their representation of children and children's voices. It must be recognised that allmost every child club in Nepal, no matter what activities they are involved in, or who is in it, is/are playing the role of bringing about change in their society. The Nepali children and the child clubs (which they are members of) are proof that children are and can be agents of positive change in Nepal. ❋

*The author is head of the Advocacy Support Unit at Save the Children Fund (UK) in Nepal*

# घरेलु बालश्रमिकका समस्या र क्रमिक सुधारको अभियान

मिलन धरेल

नेपाल मानवीय र आर्थिक विकासका हिसाबले अत्यन्तै पिछडिएको देश हो । यहाँ गरिबीका कारणले धैरै खालका समस्याहरु देखा परेका छन् । समाजमा उत्पन्न हुने समस्या एवं विकृति विसंगतिहरुले सँधै नै समाजका महिला, बालबालिका र वृद्धहरुलाई प्रभावित गर्ने गर्दछ ।

हाम्रो देशमा पनि देखापरेको यस खालको गरिबीका कारणले २६ लाख भन्दा बढी सानासाना बालबालिका श्रममा संलग्न हुन बाध्य छन् । श्रममा नलागेका बालबालिकाले त बालअधिकार सम्बन्धी महासन्धिले प्रत्याभुत गरेका बालअधिकार पूर्णतया प्राप्त गर्न सकिरहेका छैनन् भने श्रममा संलग्न बालबालिकाको लागि यो केवल आकाशको फल सावित भएको छ । यस्तै श्रमको एक क्षेत्रमा संलग्न भई नागरिक समाज तथा सरकारको ध्यानाकर्षणको प्रतीक्षा गरिरहेका बालबालिका हुन घरेलु बालश्रमिक । अरुको घरमा काम गरेर आफु र आफ्नो परिवारको जिविकोपार्जनमा सहयोग गरिरहेका घरेलु बालश्रमिकहरु आर्थिक गरिबी, शहरी आकर्षण, पारिवारिक हिंसा र दूर्व्यबहार, शिक्षा प्राप्त गर्ने लालसा जस्ता विविध कारणहरुले गर्दा यस खालको श्रममा लाग्न बाध्य भएको बताउँछन् । तर के आफूलाई श्रममा संलग्न गराएपछि आफ्ना रहर र आकांक्षाहरु पुरा भएको पाएका छन् त ? अहँ, अधिकाँश घरेलु बालश्रमिकहरुको रहर केवल रहरमै सीमित भएर जुठा भाँडाको डंगुर र चिसो छिंडिको विछ्यौनामा नै हराएको पाइन्छ । यो कुरा विभिन्न समयमा सिविस तथा अरु संघ संस्थाहरुले गरेका अध्ययन अनुसन्धानबाट पनि प्रमाणित भएको छ ।

नेपालको शहरी क्षेत्रमा मात्र घरेलु बालश्रमिकहरुको संख्या ७७००० रहेको छ । यो संख्या भनेको शहरी क्षत्रेका कूल घरेलु श्रमिकहरुको संख्याको ६० प्रतिशत हो । यति धैरै संख्यामा रहेका घरेलु बालश्रमिकहरु धैरै खाले शोषण, हिंसा र दूर्व्यबहारबाट पीडित छन् ।

यद्यपि आफ्नै घरमा रहेका अवस्थामा भन्दा अरुको घरमा काम गरिरहँदा थौरै भएपनि सुविधा र अवसरहरु प्राप्त गरिरहेको भएपनि बालअधिकारको दृष्टिकोणले हेर्ने हो भने यो निकृष्ट तहको शोषण र अन्यायको स्वरुप नै हो तर केही केही घरेलु बालश्रमिकहरुले अत्यन्तै राम्रो वातावरण पाएर आफ्नो भविष्य सुन्दर बनाएको उदाहरण पनि हामीसँग नभएको भने होइन ।

तर पनि बालअधिकार तथा मानवअधिकारका दृष्टिले पनि निकृष्ट कार्यको रुपमा घोषण गरिएको बालदासत्वको भने अन्त्य गरिनु पर्दछ । तर यसको अन्त्यका लागि अपनाइने उपायहरु केवल बालदासत्वको अन्त्यका लागि मात्र नभई व्यवहारिक र बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर प्रयोग गरिनुपर्दछ । यस्तो एउटा उपायको रुपमा क्रमिक सुधारको अभियानलाई लिन सकिन्छ । यस अभियानले एकातर्फ उमेरमा सान्है साना (१० बर्ष भन्दा कम) उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनै नपाउने निषेधको उपाय र श्रममा संलग्न बालबालिकाको आवश्यक अधिकारहरुको कानुनी संरक्षणको उपाय दुवैलाई एकैपटक प्रयोग गर्दछ । यस उपायलाई कार्यक्षेत्रमा अधिकारको संरक्षणको तरिका (Protecting the rights at working place) पनि भन्ने गरिन्छ ।

यस अभियान अन्तर्गत आफ्ना घरेलु बालश्रमिकहरुलाई सम्वन्धित सरकारी कार्यालय (हाललाई वडा समितिका र गा.वि.स. का कार्यालयहरु) मा दर्ता गराउने कार्य सर्वप्रथम गरिनुपर्दछ । ततः पश्चात घरेलु बालश्रमिककै निम्ति उनीहरुको अवस्थालाई ध्यानमा राखेर उनीहरुको सर्वोत्तम हितलाई सहयोग पुग्ने गरी कानूनको निर्माण र कार्यान्वयन गर्नु जरुरी छ । यस प्रकारको कानूनमा बालश्रमिकहरुको पारिश्रमिक, काम गर्ने उमेर, काम गर्ने समय, अनिवार्य शिक्षा, हिंसा दूर्व्यवहार र शोषण बिरुद्धको सजायका कुराहरु निश्चित हुनु जरुरी छ ।

यसको साथै नागरिक समाज, सरकार र ट्रेड युनियनहरुले बालश्रमिकको अधिकारको बारेमा ब्यापक जनचेतना अभिवृद्धी गर्ने, बालश्रमिकहरुको अधिकार रक्षाका निम्ति टोलटोलमा बालश्रमिकको सहयोगी समूहहरु

(बालबालिका र प्रौढहरु दुवैको) निर्माण गरी परीचालन गर्ने, स्वयं घरेलु बालश्रमिकहरुलाई पनि उनीहरुको अधिकारबारे सचेत गराउने र अधिकार प्राप्तिको अभियानमा संगठित गर्ने जस्ता कामहरु गरेमा उनीहरुको अहिले रहेको जोखिमपूर्ण र समस्याग्रस्त अवस्थामा क्रमिक रुपमा सुधार आउनेछ र यसले बालदासत्वलाई स्वस्फुर्त रुपमा निषेध गर्दै जानेछ र कम से कम आगामी पीढिमा पुग्दा बालश्रम उन्मूलन भएको हुनेछ भन्ने आशा गर्न सकिन्छ। यो केवल अनुमान होइन् सिविसले संचालन गरेको बालश्रमिकहरुप्रति लक्षित कार्यक्रमहरुको अनुभव हो।



यसै कुरालाई ध्यानमा राख्दै सिविसले काठमाडौंका विभिन्न ठाउँमा रहेका घरेलु बालश्रमिकहरुलाइ अनौपचारिक शिक्षा, विद्यालय भर्ना सहयोग, व्यवसायिक तालिम, बालअधिकार सम्बन्धी संचेतना, जनमत संकलन, दर्ता कार्यक्रम जस्ता विविध कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। यसैको परिणाम स्वरुप आज भ्ण्डै ८०० घरेलु बालश्रमिकहरु विद्यालय भर्ना भएर अध्ययन गरीरहेका छन् भने घरेलु बालश्रमिकहरुले आफ्नै बालक्लब समेत गठन गरेका छन्। यस्ता गतिविधिबाट २००० घरेलु बालश्रमिकहरु प्रत्यक्ष लाभान्वित भइसकेका छन्।

यो त घरेलु बालश्रमिकको क्षेत्रमा एउटा सानो संख्या मात्र हो। अझ धेरै घरेलु बालश्रमिकहरु समस्याग्रस्त र जोखिमपूर्ण अवस्थामा नै छन्। त्यसैले आउनुहोस् हामी सबै एकजुट भई बालदासत्वको अन्त्यका लागि क्रमिक सुधारको अभियानमा संलग्न बनौं र आफ्नो घर, टोल, समाज र राष्ट्रलाई बालदासत्व मुक्त क्षेत्र बनाऔं।

## घरेलु बालश्रमिकसम्बन्धी तथ्याङ्क

सिविसले काठमाडौ वडा नं. ७ मा गरेको अध्ययन अनुसार काठमाडौ वडा नं. ७ मा मात्र ८२० जना घरेलु कामदार बालबालिका रहेका छन्। जसमध्ये

- ३७१ जना बालिका र ४४९ जना बालकहरु पर्दछन्।
- ५२ जनालाई होच्याएर बोलाउने गरिन्छ।
- ५६३ जना आर्थिक कारणले, १५८ जना पढ्न पाउने आशाले, ३० जना शहरप्रतिको आकर्षणले, २२ जना घर परिवारले बेबास्ता गरेकोले, ८ जना सौतेनी आमा वा बाबुको कारणले र ६ जना



परिवारिक दूर्व्यवहारको कारणले बालश्रममा लाग्न बाध्य छन्।

- ४६४ जनाले विद्यालयमा पढ्न पाएका छैनन्।
- ९३ प्रतिशत काठमाण्डौ उपत्यकाभन्दा बाहिरका गाउँबाट आएका छन्।
- ३१४ जना १० देखि १४ वर्ष उमेरका छन् भने ५ जना ५ देखि ९ वर्षको उमेरका छन्।

त्यस्तै, काठमाण्डौ उपत्यकाभरि राष्ट्रिय श्रम प्रतिष्ठानले गरेको अध्ययन अनुसारः

- नेपालको शहरी क्षेत्रमा घरेलु बालश्रमिकको संख्या करिब ७७,००० रहेको छ।
- कूल शहरी घरेलु श्रमिकहरुमध्ये ६० प्रतिशत बालबालिका रहेका छन्।
- काठमाण्डौ शहरी घरेलु क्षेत्रमा मात्र २१,००० घरेलु बालबालिका रहेका छन्।
- घरेलु बालश्रमिकमा ४५ प्रतिशत बालिका रहेका छन्।
- घरेलु बालश्रमिकको औसत उमेर १३ बर्ष रहेको छ भने १० बर्ष मुनिका १० प्रतिशत र ११-१४ बर्षका ७० प्रतिशत रहेका छन्।
- यिनीहरुमध्ये ४९ प्रतिशत कहिल्यै विद्यालय गएका छैनन् भने ४० प्रतिशतले विद्यालय छाड्न बाध्य भएका छन्। ११ प्रतिशतले मात्र जेनतेन विद्यालय जान पाएका छन् तर उनीहरुले घरमा पढ्ने फुर्सद पाउँदैनन्।
- ६४ प्रतिशतले दैनिक १० देखि १२ घण्टासम्म काम गर्छन् भने २० प्रतिशतले १२ देखि १४ घण्टासम्म काम गर्दछन्।
- ५१ प्रतिशतको स्वास्थ्य नराम्रो रहेको छ भने ७ प्रतिशतलाई गम्भीर चोटपटक लागेको छ।
- १२ प्रतिशत ऋण बँधुवाको रुपमा रहेका छन् भने ३२ प्रतिशतले पारिश्रमिक पाएका छैनन्। १० प्रतिशतलाई त पारिश्रमिकको बारेमा थाहै छैन।
- ५१ प्रतिशत घरेंलु बालश्रमिक मालिकद्धारा गरिने विभिन्न दूर्व्यवहारबाट पीडित भएका छन्।
- १४ प्रतिशतमाथि यौन शोषण तथा दूर्व्यवहार हुने गरेको छ।
- घरेलु बालश्रमिकहरुमध्ये १६ प्रतिशतलाई मात्र सो घरका बालबालिकाले राम्रो व्यवहार गर्ने गरेका छन्।
- ४८ प्रतिशत घरेलु बालश्रमिकहरु महत्वपूर्ण चाडपर्वमा पनि घर जान पाउँदैनन्।
- ३५ प्रतिशत घरेलु बालश्रमिकहरु विद्यालय जान चाहन्छन् भने २० प्रतिशत घरै फर्किन चाहन्छन्।

*लेखकःसमाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) संस्थामा कार्यरत हुनुहुन्छ।*

# Children's Organisations in South and Central Asia: Changing the Status of Children's Voices through Positive Action

*Claire O'Kane*

Children in varied settings across South and Central Asia are increasingly organising themselves and forming their own associations, whether they be clubs, committees, unions, councils or groups. Through such organisations girls and boys are themselves uniting together to improve their local communities and to challenge inequalities and discrimination, thus ensuring that the rights of all children are realised. In raising their voices and advocating for their own rights, children are in many ways challenging traditional stereotypes regarding the role and status of children. Thus, there is often resistance from adults to listen to children's views and/or to take them or their organisations seriously. However, through concrete actions which bring positive impact to children's lives and to the wider community, children are increasingly gaining support and encouragement for their organisations and children's personhood is slowly, but surely becoming recognised and valued.

The phenomena of Child Clubs have a long history in Nepal as compared with many other countries in the region (see Rajbhandary, Hart and Khatiwada, 1999). Furthermore, there are fascinating recent developments in Nepal with regards to the establishment of the Consortium of Child Clubs, networks of Child Clubs at district level and partnerships between Child Clubs, Village Development Committees and District Child Welfare Boards/Committees. Such developments increase genuine opportunities for children to voice their concerns and to influence decision-making processes on matters that concern them.

To enrich knowledge that may benefit developments concerning the Child Clubs in Nepal this contribution shares examples of other children's organisations in other countries in the South and Central Asia region.

Culturally, children in Asia have not been encouraged to express their views or participate in decision-making processes (at any level). Children are generally seen as the property of parents, who should only respect and do what their elders tell them:

'Traditionally children have to respect and obey what adults say. Children are seen as helpless and dependent on adults.'

*(girl, age 13 years, Kyrgyzstan)*

'It is understood that adults know better. It is not expected that children will speak in front of adults. They ask 'Who is big? Who is aged? you or me? Why do you dare to speak?'

*(boy, age 14 years, Bangladesh)*

'In Nepali culture a child is socialized to be 'obedient' to her/his father, mother, school teacher. They are not encouraged to question adults '

*(Save the Children colleague, Nepal).*

Thus, considering the cultural context and the low status of children in society, listening to children's voices and taking them seriously involves major sea-changes in attitude. Adults mind-set has to change if they are to recognize children's capacities and begin to perceive them as competent actors and potential partners in decision-making processes. Thus, at the outset it is perhaps not suprising that there is often resistance from adults to the idea of children expressing their views, organising themselves or being given opportunities to influence desisions which affect them. It can be seen as disrespecful and a challenge to traditional cultural values.

However, in voicing their concerns in respectful ways children are demonstrating that listening to children's voices need not diminish the extent to which they respect or listen to adults views. Indeed

children's participation often enhances communication and understanding between children and adults. Moreover, adults are realising that children do indeed have good suggestions to make with regards to their lives and the development of their schools, communities and wider society:

'It was our tradition that children were not invited to village meetings, but nowadays children are coming more than the adults, the children are receptive and understand the situation and take good decisions... Our children are giving us good advice.'

*(Village elder, village where there is a children's committee in Ladakh)*

'Our District Child Welfare Committee includes 17 members, of whom 2 are girls and 2 are boys. The children have contributed very much. They share the problems faced by children in a very frank way, so that the adults can develop responsive policies and programmes.'

*(Adult member of DCWC, Surkhet, Nepal)*

'There was a tendency to neglect children, but now we have started this process of involving them, children have motivated their parents and villagers, they have made lots of positive changes.... Children's committees for village development can enable children to participate with adults in making the education system function.'

*(Executive Education Councillor, Local Government official, Ladakh, India)*

Thus, over time children have been able to win the trust and support of adults. Through positive action organised by children's organisations (e.g. clubs, committees, unions) the status of children, their voices and their organisations are slowly, but gradually changing. Children's new role as actors in increasingly being encouraged and new types of partnerships between children and adults are being forged.

In diverse settings across South and Central Asia - in high altitude regions, desert areas, urban cities, rural villages, tropical resorts, and conflict zones children are uniting together as a positive force for social transformation. A variety of children's organisations have developed, each with its own unique history, processes and structures. Such variety is reflective of the diverse socio-economic, cultural, political, geographic contexts in which the children's organisations have developed and function. However, whilst the names (e.g. Clubs, Unions, Committee, Councils, Groups, Parliaments) and structures of these children's organisations are different, their goals, vision and principles frequently share a lot in common, as children throughout the region seem to be committed to creating a more just and equal society in which all children's rights can be realised.

In organising themselves in varied settings children and youth have highlighted a range of child right concern issues and injustices such as: child marriage; trafficking and sexual abuse; police violations; exploitative child labour; unequal access to quality education for girls and boys; school drop outs and poor attendance of teachers in government schools; discrimination facing girls, children with disabilities, tribal children, street children and refugees; and the negative impact of loans, war and drought on children. Through concrete and creative actions children and youth have made their parents, local communities, media, local and national government officials and institutions take notice of their views and become responsive to injustices in very powerful and transformative ways.

## Examples of Children's Organisations and their Collective Actions:

The Bal Mazdoor Union (Child Workers Union) in Delhi and Bhima Sangha (a union of working children) in Karnataka (South India) have been in existence for a decade, and thus represent some of the earliest examples of children's collective organising in South Asia. Through their respective unions child workers have met together on a regular basis, to discuss and share information that concerns their lives, to analyse various social and political events and decisions, and to work together

towards collective action. Some of the children's collective achievements have been documented (see Panicker and O'Kane, 2000; Reddy, 2000; White, 2001). For example, in 1994 the Bal Mazdoor Union (BMU) brought to the attention of the administration, general public and media the callous death of 15 year old child worker Zaffar Imam by his employer.. Through their dialogue with the Chief Minister of Delhi the BMU was able to change the charge on the accused employer from Section 307 of the IPC (which relates to attempt to murder) to a murder charge (Section 302 of the IPC). Further, on behalf of the child's parents the Bal Mazdoor Union filed a case in the Delhi High Court for financial compensation.

Whilst organisations such as Butterflies and CWC were scapegoated in the early 1990s for their strategy of unionising working children, over time, there has been a change in discourse regarding children's rights to association and to form collectives. A range of children's associations are now in existence across the region, and slowly but surely the benefits of working with children as partners and insitutionalising children's participation in local governance structures are being realised.

In Ladakh and Kargil in high altitude areas of India, Save the Children and local NGO partners have been enabling children to form 'Children's Committees for Village Development' (CCVDs) for the past three to four years. Due to their positive impact on children's and village development, the CCVDs have increased status at village and district levels (see Fewkes and Bhat, 2002). Many of the priority issues addressed by the CCVDs have related to access to quality education for girls and boys from all income levels. Children have played an active role in: monitoring teacher attendance; motivating parents to send their children to school and preventing school drop out (especially of girls); organising winter tuition; collecting donations for school books for poorer children; and establishing libraries. Furthermore, at the local governance level, the Ladakh Autonomous Hill Development Council has recognised the benefits of children's participation in decision-making. Child representatives (from the recently formed Children's Council for Ladakh Development3 ) were formly invited to participate in the district level education review meeting, and their contributions were valued.

In a rural district of Bangladesh, girls and boys under the age of 14 years have (separately) come together to form Shishu Parishads (children's councils) at village level. Elected members (girls and boys) from the village level Shishu Parishads also form higher level councils at the ward, union and upzila (district) level. Priority issues discussed by the boys and girls have included: early child marriage, child labour, poverty, lack of access to education (especially for girls), harassment of girls, child trafficking and lack of play equipment. Whilst visiting this particular district of Bangladesh, the author observed a village drama presented by some young village girls who were members of two different Shishu Parishads. Overcoming traditional barriers the girls groups confidently presented a drama to a crowd of about 200 including children, women and some male village elders. The play highlighted the problem of early child marriage, its negative impact and the range of actions the Shishu Parishad (children's council) members were taking to stop early child marriage in their village. Later discussions with representatives from the Upzila (district) level Shishu Parishad (children's council) revealed how the children had been successful in stopping a number of instances of early child marriage.

Furthermore, through their child clubs and child unions in both Sri Lanka and India children have been effective in highlighting cases of sexual abuse and molestation of children. In separate scenarios in which children from marginalised communities (e.g. in one case a tribal girl child, and in another case a male street child) have been sexually abused by an adult from a more powerful community (e.g. higher caste) - children (in the absence of any adequate response by local police) have united together to file cases and to ensure follow up action



is taken against the abuser. Furthermore, wider awareness raising and prevention campaigns to protect children from child abuse have also been organised by the children, ensuring better protection of children in their local communities. In Dhaka, an organisation of working children called Child Brigade have also formed a unique partnership with a human rights NGO to ensure legal assistance to children in conflict with the law and to monitor child right violations in the legal arena.

Children are also raising their issues and increasing the status of their voices through varied forms of media. For examples, children are producing their own wall newspapers in urban and rural areas of India, Nepal, Bangladesh, Pakistan and Central Asia; their own radio programmes in Nepal, Afghanistan and Central Asia; and their own TV programmes in Bangladesh and Central Asia. There is also increasing use of video for documentary and film productions by children and youth, including a film that was made by a group of children with disabilities in Nepal highlighti their strengths and means to overcome socie prejudices.

Through the process of organising children a being encouraged to recognise differences amon them, to challenge discrimination and to wo together cooperatively and democratically i manner that transforms and challenges much their existing experiences of exploitative relatio

Furthermore, in recent years there have also be increased opportunity for children and you people to participate in national and internation meetings and policy developments. Mobilisati of efforts worldwide by a number national and international organisations to invol children in local, national and regional lev consultations and workshops relating UNGASS (United Nations Special Session Children) and GMC (Global Movement f Children) processes represent the maj shift that has taken place in children's participatio in the past decade.

## Conclusion:

It is increasingly recognized that people do not suddenly become "responsible" citizens overnight just because they reach a certain age (Youniss et al, 2002, Advisory Group on Citizenship, 1998). Children and youth need to learn how to become citizens through the every day experience of their family, the communities in which they live, their school and their nation. Thus, it is hoped that more and more adults will open their eyes, ears and hearts to children's voices, and will become more willing to engage with children in respectful ways, encouraging their participation and being responsive to their positive suggestions. In doing so we are likely to find that our society will develop in more democractic, inclusive, non-violent ways as all people's rights are respected, whatever their age, gender, ability, ethnicity or income.

## References:

Advisory Group on Citizenship (1998) Education for Citizenship and the Teaching of Democracy in Schools. Final Report of the Advisory Group on Citizenship.

Fewkes, J. H., and Bhat, M. S. (2002) Our Voices.... Are you Listening? Children's Committee for Village Development. Save the Children UK, India.

Panicker, R. and O'Kane, C. (2000) What Accounts for Success in Developing Children's Organisations in Save the Children OSCAR Strategy Workshop Report on Children, Citizenship and Governance, Nepal.

Rajbhandary, J., Hart, R. and Khatiwada, C. (1999) The Children's Clubs of Nepal: A Democratic Experiment. Save the Children Norway and US, Nepal.

Reddy, N. (2000) Children As Partners In Change: Children, Citizenship And Governance), Unpublished Keynote Address In The Baspcan Congress, York, September 2000.

White, S (2001) Child Brigade: An Organisation of Working Children. Save the Children Sweden, Dhaka.

Youniss, J., Silbereisen, R., Christmas-Best, V., Diversi, M., Bales, S., and McLaughlin, (2002) Youth Civic Engagement in the 21st Century. Journal of Research on Adolescence, volume 12, issue 1. ❋

*(The Author is Children Citizenship and Governance Project Co-ordinator for Save the Children Alliance South Asia)*



# हातेमालोको अनुभव

कुमार भट्टराई

## विषय प्रवेश

सञ्चार माध्यमको बढ्दो प्रभावका कारण आम सञ्चारको महत्ता दिन परदिन बढ्दै गएको पाइएको छ । राज्यको चौथो अङ्गको दर्जा पाएको यो क्षेत्रले सूचना प्रवाह, मनोरञ्जन र जनचेतना अभिवृद्धिको क्षेत्रमा अतुलनीय कार्य गर्दै आइरहेको छ । बालअधिकारको खातिर बिगत दुई दशक देखि आम सञ्चारको माध्यमबाट लागिरहेको हातेमालो संचार विद्युतिय र पत्रकारिता दुवै क्षेत्रमा सरोकार राख्दछ । हातेमालो रेडियो कार्यक्रम र सुनकेस्रा बाल पत्रिका मार्फत आफूलाई चिनाउँदै आएको हातेमालो संचारको यस क्षेत्रमा रहेको बालसहभागिताको अनुभवलाई संक्षेपमा पस्कनु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## संक्षेपमा हातेमालो संचार


सन् १९८२ मा अपाङ्गतामा रहेका बालबालिकाको अधिकारको खातिर जागरुक रेडियो पत्रकारहरुको समुहद्धारा ५ मिनेटको रेडियो कार्यक्रम शुरु भएपछि नै हातेमालो संचारको बिजारोपण भएको हो । यसरी अपाङ्गतामा रहेका बालबालिकाका लागि शुरु भएको रेडियो कार्यक्रम सन् १९९० पछाडि समुच्चमा बालअधिकारका निम्ति विस्तारित हुन गयो भने सन् १९९४ पछाडि त यसले बालअधिकारको क्षेत्रमा चर्चित गैर सरकारी सामाजिक संस्थाको रुपमा आफ्नो भूमिका निर्वाह गरिआएको छ । हाल हातेमालो संचार ललितपुर जिल्ला बालकल्याण समितिको कृयाशील सदश्य मात्र हैन बालक्लबहरुसंग काम गर्ने संस्थाहरुको साझा समुह (कन्सोर्टियम) को संस्थापक सदस्य समेत रहेको छ ।

## हातेमालो संचार र बालसहभागिता

हातेमालो संचारका प्रत्येक गतिविधिहरुमा सदासर्वदा बालबालिका केन्द्रीय भागमा रहँदै आएका छन् । हातेमालो संचार बालबालिकाका लागि बालबालिकासंग नै मिलेर काम गर्दछ । यसको अर्थ हामी बालबालिकाको सहभागिताको हकलाई विशेष महत्व दिदै आएका छौं । बालसहभागिता भन्नाले उनीहरुको सर्वोत्तम हीतलाई ख्यालमा राखी बालबालिकालाई उनीहरुको जीवनमा असर पर्ने जुनसुकै काम कारवाही र नीति निर्माण हुँदा उनीहरुका विचार, भावनाको उचित कदर, सम्मान र मान्यता हुनु हो । यस सन्दर्भमा ४ जना भाइबहिनीहरु हातेमालो कार्यसमितिमा रहेका छन् । त्यस्तै हातेमालो संचारका मुख्य कृयाकलापहरु चर्चित सुनकेस्रा बाल पत्रिका प्रकाशन र हातेमालो रेडियो कार्यक्रममा उनीहरुको प्रत्यक्ष सहभागिता रहँदै आएको छ । सुनकेस्राको 'हाम्रो पाना' स्तम्भ बालपत्रकारहरुले नै सम्पादन गर्ने गर्दछन् भने हातेमालो रेडियो कार्यक्रम उत्पादनमा उनीहरुको प्रत्यक्ष र अहं भूमिका रहने गरेको छ । प्रत्येक शनिबार ५.२० देखि ५.३० सम्म रेडियो नेपालको केन्द्रीय प्रशारणबाट प्रशारण हुने हातेमालो रेडियो कार्यक्रमका देशभरि लाखौं नियमित श्रोताहरु रहेका छन् । विराटनगरको कोशी एफ एम बाट (प्रत्येक शुक्रवार बेलुकी ६.३० देखि ६.४५ सम्म) र काठमाण्डौं उपत्यकामा रेडियो सगरमाथा बाट (प्रत्येक बुधवार बेलुकी ६,०० देखि ६,३० सम्म) प्रशारण हुने लोकप्रिय हातेमालो रेडियो कार्यक्रमहरुमा पनि बालबालिकाको प्रत्यक्ष संलग्नता निकट भविश्यमा नै हुँदै छ ।

## संक्षेपमा हातेमालो बालसमूह

बालअधिकार प्राप्तिको मापन बालसहभागिताको मात्रामा प्रत्यक्ष निर्भर गर्दछ । यसका लागि उनीहरु समूहमा जम्मा हुने, आफ्ना समस्याहरुबारे छलफल गर्ने र समाधानका उपायहरु खोज्ने प्रकृया आफैंमा एउटा अपरिहार्य प्रजातान्त्रिक अभ्यासको शुरुवात हो भने सहभागिताको हकको पहिलो खुड्किलो हो । यसै कुरालाई विचार गर्दै हातेमालो संचारले रेडियो कार्यक्रम र सुनकेस्रा बाल पत्रिकामा सघाउ पुऱ्याउँदै आएका भाइबहिनीहरुको सहयोग र सकृयतामा हातेमालो बालसमूह स्थापना गर्ने निर्णयमा पुग्यो । यसरी सन् १९९५मा हातेमालो बालसमूहको विधिवत स्थापना हुनपुग्यो भने यस समूह मार्फत खुल्दै गएका बालसमूहहरु र बालअधिकारको क्षेत्रमा हातेमालो बालसमुहले पाएको सफलता सबैतिरबाट प्रशंसित रहेका छन् । हाल उनीहरु मध्ये केही बालअधिकारका विभिन्न विधाहरुमा श्रोत ब्यक्तिका रुपमा पनि परिचित हुन थालेका छन् । हातेमालो बालसमूह विशेषगरी सडक नाटक, रेडियो सम्वाद एवं नाटक, भित्ते



पत्रिका लेखन तथा प्रकाशन, चाइल्ड टु चाइल्ड र बालअधिकारसम्बन्धी कार्यक्रम गर्न र तालिम दिनसमेत सक्षम भैसकेको छ ।

## हातेमालोको अनुभव

बालबालिकामा असीमित सम्भावनाहरु हुन्छन, फगत उनीहरुलाई उचित वातावरण चाहिन्छ भन्ने भनाइको हातेमालो संचारको अनुभवले थप पुष्टि गरेका छन् । रेडियो कार्यक्रम उत्पादनको शुरुवातमा बालबालिकाको सहयोगीको रुपमा सहभागिता थियो भने हाल उनीहरु रेडियो कार्यक्रम उत्पादनको सम्पूर्ण प्रकृया आफैंले गर्न सक्ने भएका छन् । त्यस्तै सडक नाटकको सामुहिक लेखन र सामुहिक निर्देशन उनीहरुको उल्लेख्य पक्ष रहँदै आएको छ । सडक नाटकको क्षेत्रमा त उनीहरुले विभिन्न राष्ट्रिय मात्र हैन अन्तर्राष्ट्रिय पुरस्कारहरु समेत हात पारेर देशकै इज्जत उचो गराएका छन् । हातेमालो बालसमूहबाट खारिएका केही भाइबहिनीहरु चलचित्रको दुनियांमा व्यवसायिक कलाकार बन्ने दौडमा लागिसकेका छन् भने केही आ-आफ्नो क्षेत्रमा बालसमूहहरुको गठन गर्दै बालअधिकारको सम्बर्धन र प्रवर्धनकालागि जुट्न थालेका छन् ।

## निष्कर्ष

बालबालिकासंगको लामो सहकार्यले हातेमालो संचार बालबालिकाका असीमित सम्भावनाप्रति अझ विश्वस्त बन्दै गएको छ । हातेमालोको यो अनुभव बालबालिकालाई केटाकेटी भनेर खिसिटीउरी गर्ने सामाजिक मान्यता विरुद्धको खरो जवाफ हो । हामी आह्वान गर्छौं, आउनुहोस् बालबालिकालाई (घर परिवारदेखि राज्यको उपल्लो निकाय सम्मले) उचित वातावरण दिने काममा अहिलेबाट नै हातेमालो गर्दै अगाडि बढौं, समाज परिवर्तनको दिशामा उनीहरुको योगदान अतुलनीय हुन सक्दछ । अस्तु । ❋

*लेखक हातेमालो संचारमा कार्यरत हुनुहुन्छ ।*

# मध्यपुर थिमी र बालक्लब

ओम श्रेष्ठ

पृष्ठभुमिः

भक्तपुर जिल्ला मध्यपुर थिमी नगरपालिका वार्ड नं. ९ मा अवस्थित द एभरेष्ट चाइल्ड क्लब मिति २०५७/१/२७ गते बिधिवत रुपमा सि.बि.आर.संस्था भक्तपुरको सहयोगमा बालअधिकारबारे जानकारी लिई धनी, गरीब, कालो, सेतो, मोटो, दुब्लो जाति, थरको भेदभाव बिहिन समानुपातिक रुपमा २५ जना बालबालिकाको संयुक्त परिवारको रुपमा पहिलो बालसमूह मध्यपुर थिमी नगरपालिकामा स्थापना भएको थियो ।

सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक दिगोपनका लागि अवस्थित ७० वटा क्लब, पुचः, वाचनालय लगायत विभिन्न संघ-संस्थाहरुले भरिएको न.पा. भित्र कलिलो मष्तिस्क, मसिनो हातहरुको कार्यशैलीले स्थान पाउने हो वा होइन, गर्भभित्रको कुरो अर्थात् चुनौतिपूर्ण कार्य थियो । बालसमूहका सदस्य परिवार (अभिभावक) र समुदायका परिवारहरुमा बालअधिकार र दायित्वबारे बुझाउन सजिलो थिएन । बालबालिकाले बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, बिकासको अधिकार र सहभागिताको अधिकारबारे जानकारी पाएपछि सकारात्मक बिचार राख्ने परिवार र समुदायको माझ आज ४४ जना सदस्य रहेका छन् ।

"सहभागिता"

आजका बालबालिका भोलिका कर्णधार भन्ने उक्तिलाई सार्थकता बनाउन बालबालिकालाई घर, समुदाय, टोल, वडा, नगर र राष्ट्रको विकास निर्माण कार्यमा समानुपातिक रुपमा सहभागी गराउन आजको आवश्यकता हो । तसर्थ द एभरेष्ट चाइल्ड क्लबको सदस्यहरुले टोलको सरसफाइदेखि लिएर विकासको काम जस्तै पाटी, बाटोमा ईंट्टा, ढुङ्गा बिछ्याउने, इनार मर्मत आदि कार्य गर्न टोलमा गठित महिला समूह, टोल सुधार समिति, वडा, नगर प्रतिनिधिहरुसंग संगै बसी बनेको समितिहरुमा बोर्ड सदस्य बनी आवश्यक सल्लाह र निर्णय गर्ने निकायमा बसेका छन् ।

बालसमूहमा शारीरिक रुपमा कमजोर भएका सदस्यहरु सक्रिय भै कार्यक्रम संचालन गरेका छन् भने न.पा.भित्र भक्तपुर जिल्लामा हुने कुनैपनि कार्यक्रमहरुमा जस्तै अपाङ्गता दिवस, बालअधिकार दिवस, बाल दिवस आदिमा सक्रिय सहभागिताका साथ भाग लिने गरेका छन् । बिकास निमार्ण कार्यमा बालसमूहको बैठकले निर्णय गरी गैर सरकारी संस्था लुमन्ति कोपुण्डोल, नगरपालिका, वडा कार्यालय महिला समूह र टोल सुधार समितिसँग मिली संयुक्त रुपमा वडा नं. ९ मा ४२ वटा निजी चर्पी, सार्वजनिक शौचालय, बाल उद्यान, ३०० मी. बाटोमा ढुङ्गा-इट्टा बिछ्याउने, इनार मर्मत, मानवीय सेवाको लागि चन्दा संकलन गरी आर्थिक सहयोग र मन्दिर पाटी मर्मत आदि कार्य फुसर्दको समयमा गरेको योगदान बालसमूहको लागि वरदान साबित भएका छन ।

एभरेष्ट बालक्लबका सदस्यहरुले आफ्नो कार्यशैलीमा, बलियो बनाउन ज्ञानमा बृद्धि गर्न अरु बालक्लबहरुको कार्यशैलीको ज्ञान लिन हातेमालो बालसमूह कुपण्डोल, हातेमालो बालसमूह कीर्तिपुर, सृजना बालसमूह भक्तपुर, मचा पुचः र बोडे बालसमूह र लुमन्ति संस्थाको सहयोगमा स्थापित काठमाण्डौ र ललितपुरको १० वटा बालसमूहहरुले द एभरेष्ट चाइल्ड क्लबको अवलोकन गरी बालक्लबप्रतिको परिवार र समुदायले हेर्ने दृष्टिकोण, बालक्लबमा आईपरेका समस्या र आफ्नो अनुभवको बारेमा महत्वपूर्ण छलफल गरेका थिए भने अरु बालसमूहहरुमा पनि द एभरेष्ट चाइल्ड क्लबले अवलोकन गरी आवश्यक छलफल गर्दै आएका थिए ।

शारीरिक, बौद्धिक र मनोरञ्जनात्मक खेलकूद कार्यक्रम जस्तैः बुद्धिचाल, फुटबल, वादविवाद, हाजिरी जवाफ, चित्रकला, नृत्य र दौड प्रतियोगिताहरुमा भाग लिई पुरस्कार, प्रशंसा पत्र प्राप्त गरेका छन् भन्ने अरु बालक्लबहरुमा गई सांस्कृतिक नृत्य, लघु नाटक र बालगीत आदि कार्यक्रमहरु प्रस्तुत गरिने गरेका छन् । बालबालिकाको प्रतिभा प्रस्फुटन गर्न लुमन्ति संस्थाबाट आयोजित ३ दिने बालभेला र कन्सोर्टियमद्वारा आयोजित २ दिने राष्ट्रिय बालभेलाको बिभिन्न कार्यक्रममा समेत सक्रिय सहभागिता रहेको थियो ।



तालिम

बालसमूहका सदस्यहरुको माभ्र सिक्ने र सिकाउने अभियान शुरु भएको छ (Child to Child) अर्थात् बालबालिकादेखि बालबालिकासम्म स्कूलको पाठ्यपुस्तकबारे एकले अर्कोलाई सिकाउने स्कूल नजाने बालबालिकालाई स्कूल पठाउन परिवारसँग अनुरोध गर्ने कोही बालबालिकालाई कापी कलम सहयोग गर्ने, बिभिन्न तालिमहरुमा सहभागी हुने जस्तैः बालअधिकार दिवस, अपाङ्गता सम्बन्धी अभिमुखिकरण, प्राथमिक उपचार, नेतृत्व विकास र प्रशिक्षक प्रशिक्षण तालिम आदि तालिमहरु लिईसकेका छन् सो तालिम लिने सदस्यहरुबाट बालबालिकाको बैठक बोलाई उक्त लिएको तालिमबारे सबैसँग छलफल र सिकेका कुराहरु आदान-प्रदान गर्ने गरिन्छ ।

बालक्लबका सदस्यहरु मासिक रुपमा बैठक बसी समस्याबारे छलफल गरी योजना बनाउने बैठकमै प्रति व्यक्ति रु २/ उठाउने गर्दछन् भने बालक्लबमा दैनिक २ घण्टा (५ बजे पछि) नियमित खोल्छन् । क्लबभित्र रहेका बाल पुस्तक, कमिक्स, बालपत्रिकाको अध्ययनका साथै चेस, क्यारिम आदि खेल्ने गर्दछन । त्रैमासिकरुपमा आन्तरिक शारीरिक एवं बौद्धिक बिकास हुने प्रतियोगिताहरु गर्ने, अरु संघ संस्थाबाट प्रकाशित हुने बुलेटिनमा टोल समाचार, लेख, रचनाहरु आदि प्रकाशन गराउनुका साथै द एभरेष्ट चाइल्ड क्लबबाट आफ्नै लेख, चित्र, मुक्तक, कथा र टोल समाचार आदि ज्ञानबर्द्धक लेखहरू राखी पहिलो बुलेटिन प्रस्तुत गरेका छन्।

एभरेष्ट बालक्लबले छोटो अवधिमा धैरे राम्रो काम गर्नुका साथै प्रथम वर्षमा वातावरणमा फरकपन (सर-सफाईमा) ल्याई परिवारमा बालअधिकारसम्बन्धी संचेतना, अपाङ्गता सम्बन्धी संचेतना र समुदायको बालक्लबप्रतिको दृष्टिकोणमा फरकपन आएको देखिन्छ । बालसमूहको प्रथम वार्षिक उत्सवमा प्रमुख जिल्ला अधिकारी, नगर प्रमुख, उपप्रमुख र सि.बि.आर संस्थाको संयोजकज्यूको आतिथ्यमा विभिन्न प्रतियोगिताहरुमा प्रथम, द्वितीय र तृतीय हुने बालबालिकालाई पुरस्कार र प्रसंशा-पत्र वितरण गर्नुका साथै १०३ बर्षको जेष्ठ नागरिक हरिनारायण श्रेष्ठज्यूलाई दोसल्ला ओढाई, सम्मान-पत्र प्रदान गरी सम्मानका साथ शुभकार्य सहित एभरेष्ट बालक्लबले कार्यक्रम गरेका थिए । ❋

*लेखक सि.बि.आर. भक्तपुरमा कार्यरत हुनुहुन्छ ।*

# Story of a girl child: Banke

*Sudha Sha*

Laxmi Pun, one of the sponsored child of Puraina VDC was very good at her studies and clever enough to learn new things. So she was selelcted as one of the participatns for "Little Doctor Program." ( Healthy School Promotion Program). However, for about 4/5 months we had no contact or interaction with Laxmi.

One day during Better Life Option Program (BLOP) facilitators selection process on 22 February 2002, we (Health team) got chance to interact with Laxmi. During the interaction, we came to know that the 18 years aged girl had left her school studies and married with a policeman. However within four months of marriage the girls husband married a second girl, leaving Laxmi alone and helpless.



Being really shocked with Laxmi's story, we convinced and encouraged her to complete her school studies and selected her as a BLOP facilitator. Now, she is staying with her parents and runnign BLOP center in Betahani VDC. We are so glad that Laxmi is committed to take her SLC exams next year.

Laxmi is very much interested to provide health services to the people in her community. Further, as a BLOP facilitator she is learning many more things that would be useful for her t be a community health worker.

From Laxmi's situation , we came to realiz that we are somewhere behind in awarenes raising activities, such as teenage mariage an its negative consequences and many mor decision making and other life skills wher teenager adolescents do not have adequat information and there is no guidance.

BLO Program is thus addressing the existing defective value system in the community by mobilising adolescents and youths for the promotion of hidden talents and diffuse new thoughts and ideas as agents of change in thei community. ❋

*The Author is an employee of Plan Nepa*

# Finally "Sukhi"

*Tom Troy*

Sukhi Ram Tharu lives in Lalmatiya VDC, ward no 8, Naya Basti, Dang. Despite the myriad of problems he faces on a day to day basis, he is happy as his name suggests; 'Sukhi' literally means happy. He sells his labour to support to meet the needs of his family. He respects labour and values hard work. His eldest daughter is 15 years old and works in the nearby house of a rich landlord as a servant. His wife also used to earn a little money by working on the landlord's farm. Sukhi's family owns two-kattha, about xxx, on which all the family, Sukhi, his wife, two daughters and son, work when they have time. During festivals, they used to make local alcohol and cook pigs and chicken. All the relatives, friends used to come to Sukhi's home to eat and drink and relax together. Often they would get very drunk on the home made alcohol. In fact Sukhi Ram was a regular drinker, not serious but a few sips every evening was just reward for the hard day in the fields.

On 5 June 2000, Sukhi saw a group of 150 students from the Maurighat Green Club holding a red banner, face covered with a handkerchief, with sickles and spades in hands, some with broomsticks. They were clearing up the bushes and weeds, leveling and renovating the trail/road, filling up the water holes in the road. Some of the students were speaking on a loud speaker about the need for cleanliness.

Sukhi Ram, on the other side of the road, watched the goings on. He was both confused and surprised. Surprised to see young school children clearing and mending the road and confused as to why they would want to do such a thing. Surely it was not their responsibility to do that? Sukhi spoke to one of the students who explianed that they were a group of students from the local school who had formed a Green Club and were interested in improving the community's environment. When they had finished their work the students moved off to Masuriya.

**Sukhi was intrigued so he followed.**

On reaching Masuriya the students organised a mass gathering. The Green Club made a stage and started the programme. The Green Club Guide teacher Mr. Keshab Acharya spoke about the objectives of the Green Club and the importance of the environmental sanitation. Then the Green Club performed a series of three street dramas based around the themes of "A Healthy Environment" and "Sons and Daughters are Equal". By the end of the performance Sukhi had been swept up by the enthusiasm of the students.

Sukhi stopped drinking from that day onwards. He also decided that instead of sending the next daughter to work at landlord's house as a servant he would rather send her to study in the school. He was convinced that she should have the opportunity to take part in the sort of activities he had seen performed by the Green Club students.

Now Sukhi Ram is really happy. Both the he and his wife work together very hard. They no longer brew local alcohol. They grow and eat more green vegetables, they spend more time looking after the hygiene and sanitation of their home. Sukhi's youngest daughter and son both go to school and he plans that they will complete SLC. Sukhi is convinced that the improvement in the general health of the family is a result of these changes.

Sukhi gives credit to the Maurighat Green Club for opening his eyes to some of the small things that can be done which will have benefit for all members of his family. ❋

*The Auther is Programme Manager for SPW Nepal*

# बालसहभागिता तथा सशक्तिकरण तालिमका सफल उदाहरणहरू

नीता गुरूङ्ग

आजभन्दा २ वर्ष पहिलेको कुरा हो, जब म सेभ द चिल्ड्रेन यु.के. मा कार्यक्रम अधिकृतको रुपमा कार्यरत थिएँ, त्यसबेला 'बालबालिकाको उच्चतम हितको लागि उनीहरुसँग कसरी काम गर्ने ?' यो मेरो लागि निकै नै चुनौतिपूर्ण कार्य सावित भएको थियो । मेरो भित्री मनदेखि बालबालिकाको हितको लागि काम गर्ने धेरै चाहना हुँदाहुँदै पनि उनीहरुसँग काम गर्ने प्रकृया, सहजिकरण गर्ने विधि, बालबालिकासम्बन्धी ज्ञान र जानकारीको अभावले बालबालिकासँग प्रभावकारी ढङ्गले काम गर्न सकिरहेको थिइन । कसैले बालबालिकासम्बन्धी काम गर्ने विधि, प्रकृया, तरिकाको बारेमा भन्न लागे भनेर मात्रै तुरुन्तै नजानिदोरहेछ । यसै क्रममा बालबालिकासँग सहजिकरण गर्ने शीप कसरी अभिबृद्धि गर्ने भन्ने तर्फ खोजी गर्न थालें । यही दौरानमा नेपालका बालक्लबहरुसँग कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम) ले आयोजना गरेको "बालसहभागिता तथा सशक्तिकरण तालिम"मा सहभागी हुने मौका पाएँ । यो तालिम ३ चरणमा सम्पन्न भएको थियो । पहिलो चरणको तालिम सन् २००० को जनवरी १६ देखि २९ सम्म आयोजना भएको थियो । यसैगरी दोश्रो चरण ३ महिना आ-आफ्नो कार्यक्षेत्रमा बालबालिकासँग काम गर्न कार्ययोजना बनाइएको थियो र यसै अनुसार काम गरिएको थियो । तेश्रो चरणको तालिम सोही वर्ष में १६ देखि २२ मा सम्पन्न भएकों थियो ।

पहिलो चरणको तालिममा बालबालिकासम्बन्धी ज्ञान, शीप, जानकारीको साथै बालबालिकासँग काम गर्ने शीप, ज्ञान, विधि तथा प्रकृयाहरुबारेमा जानकारी प्राप्त भयो । जस्तै बालअधिकारसम्बन्धी महासन्धिबारे सम्पूर्ण जानकारी, बालबालिकासँग कामगर्दा ध्यान पुऱ्याउनु पर्ने नैतिकताका कुराहरु, सहभागीमूलक सामग्रीहरु र विधिहरु जस्तै स्नोवलिङ्ग विधि, पारिवारिक रुख, प्रश्न उत्तर, कथा, मुक अभिनय, चित्र कोर्ने, स्वस्फूर्त र विषयगत अभिनय, खेलहरु, गीत, सामूहिक छलफल, लक्षित समूह छलफल, कविता, वादविवाद, पालैपालो बोल्ने मौका दिने, श्रव्यदृष्य, मष्तिस्क मन्थन, दृष्य सामग्रीको प्रयोग चित्र-फोटो छलफल, बस्तुगत अध्ययन, घटना अध्ययन, गतिशीलता नक्सा, फिस बलिङ्ग, सञ्चारका शीप, सकृय सुनाईका शीप, व्यवहारिक कारोवार विश्लेषण, व्यवहार परिवर्तनका चरणहरु, निर्देशित सञ्चार, व्यवहार विश्लेषण, नेपालका बालबालिकाका स्थिति, वाल्यावस्था विश्लेषण, बालबालिका र नागरिकता, बालबालिकासम्बन्धी ऐन, बालसहभागिता, शक्ति सञ्चय, प्रकृति र व्यवहार, घुलमिल हुने शीप साथै नेपालका बालक्लबहरु एक प्रजातान्त्रिक प्रयोग विषयक एक अध्ययनकाबारे जानकारी पाउने अवसर मिल्यो । जसले गर्दा आफूमा सहजिकरण गर्ने शीप, ज्ञान तथा दक्षता बढेको महसुश गरें । त्यसपछि दोश्रो चरणको तालिम अनुसार आफ्नो कार्यक्षेत्रमा कार्यअनुभव प्राप्त गर्नको लागि ३ महिने कार्य योजना बनाएं । त्यस कार्य योजनामा निम्न कुराहरु उल्लेख थिए :

- आफ्नो संस्थाको साथीहरुसंग यस बालसहभागित तथा सशक्तिकरण तालिमसम्बन्धी अनुभव र सिकाइ आदान-प्रदान
- कम्तिमा ३ वटा बालक्लबसँग भेटेर उनीहरुको हालको अवस्थाबारे हेर्ने र बुझ्ने
- बालक्लबमा बालबालिकाको संलग्नताको विश्लेषण बालसहभागिता, योजना प्रकृया, कृयाकलापहरु भोग्नुपरेका अप्ठ्याराहरु र समाधानका उपायहरु,
- बालक्लबको व्यवस्थापन पक्षहरुबारे अध्ययन गर्ने बालसल्लाहकार समूहमा छानिने आधारहरु, अन्य सहजकर्ता साथीहरुको सहजीकरण शीपको अवलोकन र समुदायको बालक्लबप्रतिको विश्वास र यसक सूचकहरुबारे अध्ययन गर्ने ।

३ महिनाको अन्तरालमा यी माथि उल्लेखित विषयहरुमा बालक्लबमा गई अध्ययन गर्ने मौका पाएं । त्यसपछि त अनुभवहरु बटुलेर तेश्रो चरणको तालिममा सहभागी हु आएं । त्यस वखत हामीले प्रसंशनीय खोज विधिबाट प्रथ चरणका बलिया पक्षहरुको बारेमा छलफल गऱ्यौं । यसव साथै हामीले ३ वर्षभित्र बालक्लब यस्तो भएको हे

चाहन्छौं भनेर परिकल्पना गरेका थियौं । ३ वर्षभित्रमा हाम्रा बालक्लबमा भौतिक सुविधाहरु जुट्नेछन्, जसमा भेदभाव रहित बालबालिकाको सकृय सहभागिता भई आफ्नो पहिचान बढ्नुको साथै विभिन्न कृयाकलाप मार्फत क्षमतामा अभिबृद्धि हुनेछ । आर्थिक दिगोपनाको साथै सम्बन्ध समन्वय विस्तार गरी सम्बन्धीत निकायसँग कार्यजाल तयार गरी क्लब सञ्चालन गरिनेछ ।

साँच्चिकै ३ वर्ष नपुग्दै बालसमूहहरुमा निकै सकारात्मक परिवर्तनहरु भएकाछन् । हामीले देखेका सपना अनुसार विपनामा पनि बाल सहभागिता सशक्तढंगले अगाडि बढिरहेको छ । कन्सोर्टियमले आयोजना गरेको तीन चरणको बालसहभागिता तथा सशक्तिकरणको मुख्य उपलब्धि र उदाहरण भन्नुपर्दा, म आफूमा र बालक्लबमा नगण्य सकारात्मक परिवर्तनहरु आएका छन् जस्तै म यस तालिम पश्चात् आफ्नो कार्यक्षेत्रमा बालबालिकासँग काम गर्ने दक्षता, शीप, ज्ञानमा अभिबृद्धि भएको सक्षम सहजकर्ता अनुभव गर्दछु । किन कि सुर्खेत जिल्लामा बालसहभागिता र सशक्तिकरण निम्न तहमा भएकाछन् :

- वडा स्तरमा रहेका बालक्लबहरु सकृय भई बालबालिका सम्बन्धी मुद्दाहरूमा एकजुट भई काम गरिरहेका छन् ।
- बडास्तरका बालसमूहरु मिली गा.वि.स. स्तरीय बालसरोकार समिति (नेटवर्क) स्थापना गरेका छन्
- गा.वि.स. स्तरका बालनेटवर्कहरु मिली इलाका स्तरीय बालनेटवर्क स्थापना गरेका छन् (विषेश गरी पूर्वी इलाका सुर्खेतमा)
- १४ भन्दा बढी गा.वि.स. स्तरीय बालनेटवर्कहरु मिली जिल्लास्तरीय जिल्ला बालमञ्च, सुर्खेतको रामघाट गा.वि.स. र विरेन्द्रनगरमा स्थापना गरेका छन् । सुर्खेतका नेटवर्कहरु स्रोत केन्द्रको रुपमा स्थापना भएका छन् । दुबै नेटवर्कहरुबाट २/२ जना बालबालिका (प्रत्येक नेटवर्कबाट १ बालक र १ बालिका) सुर्खेत जिल्ला बालकल्याण समितिमा प्रतिनिधित्व गरेका छन् ।
- सुर्खेत रामघाट गा.वि.स.मा बालिका मार्फत बालिकाको लागि सुक्षित वातावरण सञ्चालन समूह पनि स्रोत केन्द्रको रुपमा स्थापना भई नजिकका गा.वि.स. हरुमा पनि विस्तार गरिदैछ । सुर्खेत जिल्लामा १४ वटा गा.वि.स.मा गरी ३ हजार भन्दा बढी बालबालिका बालक्लबमा आवद्ध छन् । बालक्लबमा बालबालिकाको संख्या १५ देखि ४० जनासम्म रहेका छन् भने कुनै गा.वि.स.मा १० देखि २६ वटासम्म बालक्लबहरु रहेका छन् । यी बालबालिका आफ्नो गा.वि.स.मा विभिन्न उद्देश्यहरु लिएर अघि बढिरहेका छन् । उनीहरुको उद्देश्य यस प्रकारका छन् :

- बालबालिकासम्बन्धी आवश्यक जानकारी हाँसिल गर्ने र गराउने,
- बालबालिकाको समस्याहरुलाई विश्लेषण गरी समाधान गर्ने र उपायहरु पत्ता लगाई काम गर्ने,
- बालबालिकाको हकहित र अधिकारका लागि दवाव समूहको रुपमा काम गर्ने,
- बालबालिकासँग सम्बन्धित कुनैपनि विकास कार्यमा संलग्न सरकारी र स्थानीय निकायमा बालबालिकाको प्रतिनिधित्व गराउने,
- बालप्रतिभाको विकासको लागि उपयुक्त खालको वातावरणको सिर्जना गर्ने,
- नजिकका गा.वि.स., जिल्लामा बालसमूह तथा बालसरोकार केन्द्रको स्थापना गर्न सहयोग गर्ने आदि ।

यी उद्देश्यहरु मध्ये कतिपय उद्देश्यहरु हाँसिल भइसकेका छन् । बालबालिकाको क्षमताले समाजमा आफ्नो छुट्टै पहिचान बनाईसकेका छन् । यसरी, सुर्खेत जिल्लामा बालसहभागिता र सशक्तिकरणका उदाहरण हाँसिल गर्नुमा प्रथम श्रेय नेपालका बालक्लबहरुसँग कार्यरत संस्थाहरुको साझा समूह कन्सोर्टियमलाई जान्छ, यसमा कसैको दुइमत छैन । त्यसपछि दोश्रो श्रेय बालक्लबहरुका लगनशील तथा सिर्जनशील सम्पूर्ण बालबालिका र बालबालिकालाई सहयोग र उपयुक्त वातावरण सिर्जना गराईदिने सम्पूर्ण सरोकारवालाहरुलाई जान्छ । यसरी नै बालअधिकारलाई मुलप्रवाहमा ल्याई सहजकर्ताहरुलाई दिएको उपलब्धिमूलक तथा प्रभावकारी तालिमको प्रमुख भूमिका खेल्ने कन्सोर्टियमलाई आगामी दिनहरुमा पनि महत्वपूर्ण भूमिका खेल्नको लागि उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना दिदै यो पंक्तिकार विदा चाहन्छु । ❋

*लेखक हाल सामुदायिक शिक्षा परियोजनामा कार्यरत हुनुहुन्छ ।*

# बालक्लबको विकासक्रम

लोकेन्द्र शाक्य

नेपालमा बालसमूहको इतिहास त्यति पुरानो छैन् । सन् १९९० सेप्टेम्बर १४ तारिखमा नेपालले राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धी (CRC) मा हस्ताक्षर गरी पहिलो आवधिक प्रतिवेदन सन् १९९२ भित्र पेश गर्नुपर्ने भएको थियो । सोही सन्दर्भमा सन् १९९४ मा देशका प्रत्येक कुना काप्चाका बालबालिकाको पनि आवाज, विचार र समस्या समावेश रहोस् भन्ने हेतुले वि.स. २०५० सालमा विभिन्न बालअधिकारबादी संघ-संस्थाहरुद्वारा चुनिएका बालप्रतिनिधिहरुलाई काठमाण्डौमा भेला गराएर कार्यशाला गोष्ठिको आयोजना गरियो, त्यहाँ विभिन्न बालअधिकारबारे कुरा भए र अन्तमा सहभागी बालबालिकाद्वारा नै आवाज उठाएर बालबालिकासम्बन्धी छुट्टै समूह वा संस्था बालचेतना समूहको स्थापना भयो । यस अगाडिसम्म बालसमूहको खासै महत्व राखिदैन थियो । कुनै बालसमूह चर्चामा पनि थिएन ।

नेपालमा बालसमूहको प्रारम्भ एकिनका साथ भन्न गाह्रो नै पर्दछ । गाँउ गाँउमा देउसी, भैलो र चन्दा संकलन गरेर धेरै अगाडिदेखि नै बालसमूहहरु सञ्चालन भइरहेको उदाहरणहरु हामी प्रसस्तै रुपमा पाउँछौं । वि.स. २०५० सालमा मोरङ्ग बयरवन वार्ड नं. ६ का बालबालिकाले ठूला दाजुहरुले क्लब खोलेको देखासिकी गरेर सृजना बाल क्लब स्थापना भएको पाईन्छ । त्यस्तै वि.सं. २०५२ सालमा नवलपरासी प्रगतिनगरका बालबालिकाद्वारा पनि जागृति बालक्लब स्थापना गरेको पाइन्छ । बालसहभागिताको प्रवर्द्धन गर्न र बालक्लबहरुको अवस्था, समस्या र संभावनाकाबारेमा जानकारी लिन बाल बचाउ, नर्वे र बाल बचाउ कोष यू.एस. को संयुक्त आयोजनामा १९९८/१९९९ मा एक बृहत सर्वेक्षण गरियो । ज्यास्मिन राजभण्डारी, चन्द्रिका खतिवडा र डा. रोजर हार्टको संयुक्त प्रयासमा उक्त सर्वेक्षण सम्पन्न भएको थियो ।

सन् १९९० सेप्टेम्बर १४ तारिखमा नेपालले राष्ट्रसंघीय बालअधिकार महासन्धि (CRC) मा हस्ताक्षर गरेकाले सन् १९९१ देखि प्लान इन्टरनेशनलले आफ्नो कार्यक्षेत्र जस्तै बारा, रौतहट, र बाँकेका बालक्लबहरुलाई सहयोग पुऱ्याएको पाईन्छ । त्यसैगरी सन् १९९२/१९९३ देखि सेभ द चिल्ड्रेन नर्वेले लमजुङ्ग, उदयपुर र पाल्पामा सन् १९९४ देखि एक्सन एड नेपालले नवलपरासी, काठमाण्डौ जाजरकोट आदिमा सन् १९९६मा हातेमालो सञ्चारद्वारा हातेमालो बाल समूह, सोही वर्ष १९९६ देखि सेभ द चिल्ड्रेन यु.के.द्वारा सुर्खेत, वाग्लुङ्ग, आदिमा र सेभ द चिल्ड्रेन यु.एस.द्धारा सिराहका बालक्लबहरुलाई सहयोग पुऱ्याएको पाईन्छ ।

सन् १९९७/१९९८ पछिका वर्षहरुमा धेरै राष्ट्रिय गैर सरकारी संस्थाहरुले बालक्लब सञ्चालन गरेको पाइन्छ । सन् १९९७/१९९८ देखि इन्सेकले बालअधिकार चेतना समूह नामाकरण गरी ४१ वटा जिल्लामा कार्य विस्तार गरेको पाइन्छ । सन् १९९८ देखि सिविनले बालअधिकार मञ्च खडा गरेर १७ जिल्लामा कार्यरत छन् । त्यस्तै गरी कन्सर्न नेपाल, सेफ, बाल विकास समाज, उप्का, सीपीसी, होस्टे हैंसे बाल विकास केन्द्र, भंवानी युथ क्लब, बेस, ग्रिन क्लब, नारायणगढ युथ क्लब, लू: नीभा बाल क्लब, र विद्यार्थी समूह आदि धेरै संस्थाहरु कार्यरत छन् । स्मरण रहोस "नेपालका बालक्लबहरु एक प्रजातान्त्रिक प्रयोग" मा उल्लेख भए मुताविक नेपालका बालक्लबहरुको समस्या केलाउने वा समाधान गर्ने उद्देश्यले सन् १९९९ मा नै लगभग २ दर्जन जति राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको पहलमा कन्सोर्टियम नामक एक मिलिजुली समूहको निर्माण भएको छ । हाल नेपालमा करिब १७०० (एक हजार सात सय) बाल क्लबहरु रहेको अनुमान कन्सोर्टियमले गरेको छ । ❋

*लेखक बालक्लब सहजकर्ता पनि हुन् प्रस्तुत् लेख 'नेपालका बालक्लबहरु: एक प्रजातान्त्रिक प्रयोग' पुस्तकको पक्तिहरुमा आधारित छ ।*

# नेपालका बालक्लबहरू कता ?

प्रकाश कोइराला

बालअधिकार महासन्धिको धारा १२ मा "बालबालिकालाई" उनीहरूको विचार राख्न पाउने अधिकारको व्यवस्था गरेको छ । यस धारालाई सजिलोको लागि "बालसहभगिता" को रुपमा लिइएको छ र यो धारा महासन्धिका चारवटा मूलभुत सिद्वान्त पनि हो ।

नेपालका कतिपय ठाँउमा बालसहभागिताको मर्म, महत्व नबुझिकन पनि बालबालिकालाई एकै ठाँउमा भेला हुन, प्रतियोगिता गर्न तथा प्रतिस्पर्धा गर्ने हिसाबले बालसदनहरू गठन भएका थिए र आफैं पनि सञ्चालन भइराखेका छन् । तर यस्ता सदनहरू जुन कि नेपालका महान विभूतिहरुका नाममा, नदी, हिमाल, राष्ट्रिय चिन्हका नाममा सञ्चालन भएका पाइन्छन् । केही संस्थाहरुले चाइल्ड टु चाइल्ड कार्यक्रम (बालबालिकादेखि बालबालिकासम्म) सञ्चालन गरेर पनि बालसमूहहरूलाई प्रेरणा दिएको पाइन्छ । खासै भन्ने हो भने नेपालमा यसै चाइल्ड टु चाइल्डको अवधारणाले नै बालक्लबहरू स्थापना भएका हुन् भन्ने कुरालाई मनन् गर्नुपर्छ । शुरूशुरूमा स्थापना भएका ती बालसदनहरू भने विशेष गरेर स्वास्थ्यका विषयमा अग्रसर भएका पाइन्थे ।

महासन्धिमा नेपालले पनि हस्ताक्षर गरेपनि बालसहभागिताका क्षेत्रमा भने विभिन्न गैर सरकारी संस्थाले सन् १९९५/९६ देखि प्रोत्साहित गर्न थालेको पाइन्छ । विद्यालय स्तरमा मात्र सीमित रहेको बालसदन, समूह, क्लबहरू हाल आएर समुदाय स्तरमा पनि फैलिएका छन् ।

विद्यालयमा स्वास्थ्य विषयमा केन्द्रित समूहहरूले स्वास्थ्य सहित अन्य बालसरोकारका विषयमा पनि अग्रसरता देखाएर काम गरिरहेका छन् । नेपालमा बालक्लबहरू कुनै बाह्य संस्थाको सानो सहयोगमा स्थापना भएका छन्



*बाल भेलामा सहभागि भएका बालबालिका*

भने कुनै पूर्णरुपमा संस्थामानै आश्रित रहेका छन् । कुनैकुनै जिल्लामा त बालक्लबहरू अरु बालक्लबको सहभागिता, क्रियाकलापको उपलब्धि देखेर खुल्नलाई प्रेरित भएका छन् । बालक्लबहरूका सक्रियता निकै बढेका छन् जसमा विद्यालयको वातावरण सुधार गर्ने, नेतृत्व विकास गर्ने, बालविवाह रोक्ने, सरसफाइ र वातावरणमा चेतना जगाउने, छोरीप्रति गरिने दूर्व्यवहार तथा भेदभावमा आवाज उठाउने, दलितलाई शिक्षाको अवसर प्रदान गर्नेमा अग्रसरता देखाउने आदि काम भएका छन् । केही क्रियाकलापलाई छोडेर अझ पनि स्थानीयस्तरमा नै बालक्लबका कामहरु सम्पन्न भएका छन् ।

बालक्लबहरु शहरी क्षेत्रमाभन्दा ग्रामीण क्षेत्रमा धेरै देखापरेका छन् र सक्रिय पनि छन् । यति हुँदाहुदै पनि यसमा बल्झिएका केही चुनौतिहरू समावेश गर्दा बेश हुने थियो कि ?

१. बालबालिका जुटे भने धेरै कुरा गर्न सक्छन् भन्ने परीक्षण भएतापनि अझै पनि धेरै बालबालिकालाई समेट्न सकिएको छैन । बालक्लब गठन गर्दानै ११ जनाको कार्यकारिणी समिति बनाउन अग्रसर हुँदा अन्य बालबालिका जो समावेश हुनु पर्ने हो या हुन सक्छन्, पनि छुटेका छन् ।

२. बालक्लबमा विशेष गरी कार्यकारिणी समितिको छनौट, या चुनाव गर्दा पनि सबै बालबालिकाको विचारधारालाई प्रतिनिधित्व हुनेगरी भएको छैन् ।

३. शुरूशुरूमा खोलिएका बालक्लबका सदस्यहरू आफ्नो उमेर १८ वर्ष नाघिसके पनि अझै क्लब छाड्न आनाकानी गरी कार्यकारिणीमा रहिरहने परम्परा छ । यसले गर्दा शीप र ज्ञानको हस्तान्तरण हुन नसकेको देखिन्छ ।

४. बालक्लबका सदस्यहरूमा केहीले मात्र बाहिर तिरका तालिम, गोष्ठी, सेमिनार छलफलमा भाग लिन पाउनु र अरूलाई अवसर नै नदिनु ।

५. बालबालिकाका सरोकारका विषयमा आवाज उठाउनेभन्दा पनि अलि राजनीतिक नेतृत्वले गर्ने खालका भाषण र छलफल गर्ने ।

६. बालक्लबका सदस्यका क्षमतालाई विश्वास गर्न अप्ठ्यारो मान्ने बाबुआमा तथा शिक्षकले पनि यसलाई फस्टाउन दिन नचाहने ।

७. बालक्लबलाई वयस्कका संस्थाहरूले पनि कम महत्व दिने हुनाले साधन श्रोतमा बालक्लबको पहुँच पुग्न सकेको छैन ।

८. कुनै बालक्लबले त आफ्नो क्रियाकलापलाई गैरसरकारी संस्थाका पारामा लान चाहेको देखिन्छ र लगेका पनि छन् ।

९. गैरसरकारी संस्थाहरुमा भने बालक्लब खोल्ने कुरा त फेशन नै भएको छ । अझ भन्ने गर्छन २०५८ मा मात्रै २८ वटा क्लब गठन गरेका छौं । यस्ता संख्यात्मक हिसावले बालक्लबलाई कता पुऱ्याउने होला ?

१०. बालक्लबको गठन पनि वयस्कका संस्थाको स्वरूपमा चलेका छन् । केटाहरूको बाहुल्य रहेका क्लबमा केटीहरूले कोषाध्यक्षको पद समालेको पाइन्छ ।

११. बाक्लबलाई बालसहभागिताको प्रवर्द्धन गर्ने संस्थाका रूपमा अगाडि बढाउनु पर्ने ।

१२. गैर सरकारी संस्थामा यो मेरो बालक्लब यो तिम्रो बालक्लब भनेर छुट्याउने चलन अझ बढ्दो रुपमा छ । बालक्लबमा वयस्क संस्थाले अझ पनि सानो दायरामा राखेका छन् भने सहजीकरण ज्यादै कम छ ।

१३. नेपालमा बालसहभागिताका क्षेत्रमा बालक्लबहरू अगाडि त आएका छन् तर यिनको विकास छिटो भएता पनि वयस्कको प्रबृतिलाई अझ पनि परिवर्तन ल्याउन मेहनत गर्नु पर्नेछ ।

१४. क्लबमा नेतृत्वको विकास त भएको छ तर त्यसमा पनि केही व्यक्तिमात्र अग्रसर छन् । यसमा पनि

सबैले बरावर अवसर पाउन सकेका छैनन्।

कति सकारात्मक पक्षहरू हुँदाहुँदै पनि यस्ता चुनौतिले बालबालिका केन्द्रित कार्यक्रम संचालन गर्ने र बालसहभागितालाई प्रवर्द्धन गर्नेलाई सोचनीय बनाएको छ। यस्ता चुनौतिको स्थितिमा पनि काम गर्दै जादाँका अनुभवले तिनलाई न्यूनिकरण गर्न मद्दत पुगेको छ। यस्ता न्यूनिकरण गर्ने व्यवहारिक उपायहरू क्रमशः छोटो इतिहाँस बोकेको जस्तो लाग्ने बालक्लबहरूले बाल सहभागिताका क्षेत्रमा धेरै नै उपलब्धिहरू हाँसिल गरेका छन्। यी उपलब्धिहरूलाई यहाँ उदाहरण स्वरुप राख्दा बालक्लबहरूलाई पनि हौसला मिल्नेनै छ।

क) विद्यालय परिसरबाट स्थापना भएको बालक्लबहरू हाल आएर समुदाय स्तरसम्म फैलिन पुगेका छन्। कतिपय जिल्लामा बालबालिका नै अग्रसर भएर पनि अन्य संघ संस्थाको सहयोग बिनानै आफ्ना क्लब खोलेर काम सञ्चालन गर्दै आएका छन् भने धेरैजसो गैरसरकारी संस्था तथा जिल्ला बालकल्याण समितिले समेत बालक्लब खोल्न र अगाडि बढाउन मद्दत गरेको पाइन्छ।

ख) बालबालिकासम्बन्धी ऐन २०४८ मा बालबालिकालाई पनि जिल्ला बालकल्याण समितिमा सदस्य राख्ने व्यवस्था नभए पनि सुर्खेत जिल्लामा विभिन्न बालक्लबका नेटवर्कबाट छानिएर आएका भाइबहिनीहरू सदस्यका रुपमा रहेका छन्। यो प्रचलनले हाल आएर निरन्तरता पाइरहेको छ। यसरी कानून सम्मत वयस्कका संस्थामा पनि बालक्लबका सदस्यहरू भाग लिएर आफ्नो सरोकारका विषय राख्न थालेका छन्।

ग) विभिन्न ठाँउमा बालक्लबहरूले संस्थागत बलमा आर्थिक संकलन गर्ने, बालविवाह रोक्ने, असहायलाई छात्रबृत्ति या किताव कापीको व्यवस्थ गर्ने, वयस्कका स्थानीय संस्थामा बैठकमा भाग लिने, आफ्ना कुराहरू राख्ने, गा.वि.स.हरूलाई केही बजेट छुट्ट्याउन लगाउने र क्रियाकलापहरू गर्ने, विद्यालयमा गुणस्तर शिक्षाको लागि शिक्षक तथा व्यवस्थापन निकायसँग बहस गर्ने गरेको पाईन्छ।

घ) संयुक्त राष्ट्रसंघ महासभामा बालबालिकाको लागि साधारण सभासम्बन्धी तयारीका सिलसिलामा बालक्लबहरूले सँगठित रुपमा धेरै नै ठाँउमा आफ्ना कुराहरू राख्ने अवसर पाए र त्यसलाई ठूलो अवसरको रुपमा प्रयोग गरे। जस्तै जिल्ला स्तरीय बालभेला, क्षेत्रीय स्तरको बालभेला तथा राष्ट्रिय स्तरको बालभेला गरी विभिन्न समूहहरूले आफ्ना सरोकारका विषय संयुक्त राष्ट्रसंघ जाने प्रतिनिधिलाई स्पष्टताका साथ राख्ने मौका पाए। त्यस्तै पहिलो आवधिक रिपोर्टको तयारीमा बालबालिकाको संलग्नता रह्यो। बालसहजकर्ताहरू तयार भइरहेका छन्। जसले अरुलाई बालअधिकार तथा विभिन्न सवालमा सहजीकरण पनि गर्दै आएका छन्। आउँदो दशौं पञ्चवर्षीय योजनामा पनि बालबालिकाका सरोकारका विषयहरू राख्ने उद्देश्यले विभिन्न बालक्लबहरूले प्रतिनिधिसँग योजना आयोग तथा मन्त्रालयका योजनाकारसँग आफ्ना कुराहरू राखेका थिए। जुन कि दशौं पञ्चवर्षीय योजनामा समावेश गरिएका छन्।

ङ) गा.वि.स., जिल्ला विकासमा पनि योजना बनाउँदा बालबालिकाका कुराहरूलाई उनीहरूकै उपस्थितिमा समेट्ने गरिएको छ भने अन्य सामाजिक कृयाकलापमा पनि बालक्लबहरूले निकै योगदान पुऱ्याउँदै आएका छन्।

यस्ता कियाकलापले बालबालिकालाई यो हाम्रो लागि हो, समाज निर्माणमा हाम्रो पनि योगदान आवश्यक छ, हाम्रो दायित्व हो साथै अधिकार पनि हो भन्ने कुरालाई मनन् गर्दै बालक्लबका सदस्यहरू अगाडि बढेका हुन्।

❋

*लेखक सेभ द चिल्ड्रेन यु.केमा कार्यरत हुनुहुन्छ।*

# कन्सोर्टियमका लागि बालसल्लाहकार समिति : अवधारणा, प्रकृया तथा अनुभवको एक सिंहावलोकन

चन्द्रिका खतिवडा

विगत एक दशकदेखि बालक्लबहरू नेपालमा नौलो तथा महत्वपूर्ण संस्थाका रूपमा उदय भएका छन् । १९९८ मा सेभ द चिल्ड्रन नर्वे तथा यू एस द्वारा सञ्चालित बालक्लबसम्बन्धी अनुसन्धान[1] ले यो संकेत गरेको छ कि यी बालक्लबहरू बालबालिकाका अधिकार तथा प्रजातन्त्रको विकासको अभिव्यक्ति तथा प्रतिवद्धता दुबैका रूपमा देखा परेका छन् । अनुसन्धानबाट प्राप्त जानकारी वा तथ्यहरूले बालक्लबहरूको प्रकृति तथा वातावरण, तिनीहरूले गर्ने कृयाकलापहरू, तिनको कार्यक्रमसम्बन्धी प्रकृयाहरू, तथा यिनीहरूले वयस्क संस्थाहरूसँगका सम्बन्धका तरीकाहरू माथि पनि महत्वपूर्ण प्रकाश पारेको छ । यी क्लबहरूको थप विकासका लागि विभिन्न तहमा सम्बन्धित संघसंस्थाका भूमिकाहरूबारे संकेत गरेर यस अध्ययनले महत्वपूर्ण जानकारी प्रदान गरेको छ ।

अनुसन्धानबाट प्राप्त सिफारिसहरूप्रति प्रतिक्रिया गर्दै केही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले १९९९ मा बालक्लबहरूका लागि कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) स्थापना गर्न हातेमालो गरे । समूहका सदस्यहरूले यसरी हातेमालो गर्ने कारणहरूमध्ये एकअर्काका कार्यक्रमसम्बन्धी अनुभवहरूबाट दोहोरो ज्ञान हासिल गर्नु तथा बालक्लबहरूको सुदृढीकरण तथा विस्तार गरि बालबालिकाको सहभागिता तथा नागरिक अधिकारको थप परिपूर्तिका लागि छलफल गर्ने मञ्च प्रदान गर्नु थियो । समूहले सदस्य संस्थाहरुको क्षमता वृद्धि तथा अन्य विकास संघ संस्थाहरू बीच समन्वयात्मक रूपमा काम गरी उनीहरुको काम गर्ने तरिकामा सुधारमा सहयोग गरी संस्थाको लक्ष्य पूरा गर्ने सोच राखेको छ ।

हाल कन्सोर्टियमका सदस्यहरूमा बालबालिकासँग सम्बन्धित दश राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरु संस्थापक सदस्यका रूपमा, ११ पूर्ण सदस्य तथा सात पर्यवेक्षक सदस्यहरू छन् । यी सदस्यहरूले विभिन्न तवरले आ-आफ्नो कार्यक्षेत्रमा बालक्लबहरूलाई सघाइरहेका छन् । साथै सदस्य संस्थाहरु नेपालमा बालबालिकाका अधिकार पूर्तिका लागि कटिबद्ध छन् । यिनीहरूसँग बालअधिकार महासन्धिका उद्देश्यहरू हाँसिल गर्न परस्पर सहयोग गर्ने प्रतिबद्धता छ । सदस्य संस्थाहरूले सदस्यताका लागि बाध्यात्मक हुने सिद्धान्तका रूपमा आचार संहिता[2] को पालना गर्छन् । सदस्य संस्थाहरूले कन्सोर्टियमलाई केही दिनुका साथै सोबाट केही प्राप्त गर्ने प्रयास पनि गर्छन् ।

संस्थाको काम कारवाहीको मुख्य दस्तावेज अर्थात् संस्थाको विधानले, संस्थाको संरचना सम्बन्धमा निम्न स्वरुप पहिचान गरेको छ - क) मताधिकार भएका सम्पूर्ण सदस्य भएको साधारण सभा, ख) सो सभाबाट निर्वाचित एक संचालक समिति, ग) सदस्य संस्था अन्तर्गत रहेका बालक्लबका बालप्रतिनिधिहरु समावेश भएको एक बालसल्लाहकार समिति र घ) संघको पूर्णकालिक कर्मचारी रहने गरी एक सचिवालय ।

वयस्क संस्थाहरूमा बालबालिकाका लागि स्थान सृजना गर्नु आफैंमा एक नितान्त नौलो सोच वा चिन्तन हो । बालबालिकाका प्रतिनिधित्व भएको समूहहरूसँग काम

### "आचार संहिता"

कन्सोर्टियमका सदस्यहरूले सामूहिक तथा व्यक्तिगत रूपमा यो सुचिश्चित गर्नेछन् किः

- आफ्ना सबै कृयाकलाप तथा निर्णयमा बालबालिकाका सर्वोत्तम हितलाई पूर्ण विचार पुऱ्याइनेछ,
- बालबालिकाको विचारहरूको सम्मान गर्नेछन् र तिनलाई अभिव्यक्त गर्ने स्थान तथा अवशर दिनेछन्,
- बालबालिकालाई संस्थाका कृयाकलाप सम्बन्धमा आवश्यक सबै सूचना प्राप्त हुनेछ,
- कुनैपनि तवरले सांगठनिक वा व्यक्तिगत लाभ वा आत्मप्रशंसा वा आत्मोन्नतिद्वारा प्रेरित भएर बालबालिकाको जीवनलाई प्रभाव हुनेगरी दुरुपयोग गर्ने छैनन्,
- बालअधिकारसम्बन्धी महासन्धिको लक्ष्य परिपूर्तिका लागि उपलब्ध अधिकतम श्रोतहरूको परिचालन गर्नेछन्,
- महासन्धिका सिद्धान्त तथा प्रावधानहरूमा अन्तर्निहित स्तरहरूलाई ब्यवहारमा उतार्नेछन्,
- महासन्धिको लक्ष्य पूर्तिका लागि अरुलाई सघाउने गरी काम गर्नेछन् ।

*(श्रोतः कन्सोर्टियमका आलेखहरू)*

गर्ने अनुभव भएका वा वयस्क संस्थामा बालबालिकालाई आफ्ना विचार तथा ज्ञान अभिव्यक्ति गर्ने वातावरण तयार गरिएको थोरै मात्र उदाहरणहरु छन् । यस लेखले संस्थाको विधानमा व्यवस्था भएको कन्सोर्टियमको साँगठनिक संरचनाभित्र नै बालसल्लाहकार समूहको अवधारणाको व्याख्या गर्छ तथा सो चिन्तनलाई व्यवहारमा उतार्ने क्रममा हालसम्म प्राप्त अनुभवको वर्णन गर्छ ।

## कन्सोर्टियमको बालसल्लाहकार समूह

कन्सोर्टियमले आफ्नो साँगठनिक संरचनामा बालसल्लाहकार समूहको प्रावधान राख्नुको तात्पर्य निर्णय प्रकृयामा बालबालिकाका राय तथा विचार समावेश गर्नु थियो । बालबालिकालाई वयस्कहरूको संस्थाको ढाँचामा बढी सार्थक ढंगले कसरी संलग्न गराउने भन्ने सम्बन्धमा वयस्कहरूसँग ज्ञानको कमी भएको पाइन्छ । यसका लागि रचनात्मक सोच तथा उपयुक्त तरीका, सीप र दक्षता चाहिन्छ ।

कन्सोर्टियमले बालसल्लाहकार समूहलाई निर्णय प्रकृयाको तहसम्म बालबालिकालाई संलग्न गराउने उपायको रूपमा लिएको छ । सो कुरा बालअधिकार महासन्धिका सिद्धान्त तथा प्रावधानहरूलाई व्यवहारमा उतार्न उपयोगी हुनेछ । बालअधिकार महासन्धिले बालबालिकाको सहभागितालाई यसका आधारभूत सिद्धान्तमध्ये एक ठानेको छ । यसले यस कुराको पहिचान गरेको छ कि बालबालिकालाई आफूलाई असर पार्नेखालका सबै विषयमा आफ्ना राय खुला रूपमा अभिव्यक्त गर्न पाउने अधिकार छ । तिनका विचारलाई उमेर तथा परिपक्वताअनुसार उचित स्थान दिइनु पर्दछ । महासन्धिले बालबालिकाको संगठनसम्बन्धी स्वतन्त्रता तथा शान्तिपूर्ण भेला हुने स्वतन्त्रतासम्बन्धी अधिकार समेत निश्चित गरेको छ ।

कन्सोर्टियमको विधानको प्रावधान अनुसार बालसल्लाहकार समूहमा बालक्लबहरूका २० देखि ४० बाल प्रतिनिधि सदस्य हुनेछन् । तिनको छनौट प्रारम्भिक रूपमा सदस्यहरूसँग सम्बन्धित बालक्लबहरुबाट हुनेछ । कालान्तरमा देशका सम्पूर्ण बालक्लबहरूबाट प्रजातान्त्रिक रूपमा संस्थाको सल्लाहकार समूहको गठन गर्ने लक्ष्य राखिएको छ ।

## समूह गठनको प्रकृयाः

कन्सोर्टियमले आफ्नो स्थापनाको दोश्रो वर्षमा बालसल्लाहकार मञ्चको गठन गर्ने प्रकृया शुरु गऱ्यो । सञ्चालक समितिले सो को प्रकृयासम्बन्धी छलफल गरी निर्णय लिएपछि यसबारेमा संस्था सदस्यहरूसँग ११ आश्विन २०५८ मा पहिलो पत्राचार गरियो । सदस्य संस्थाहरुलाई आफूले सहयोग पुऱ्याई रहेका क्लबहरूबाट बालसल्लाहकार समूहका लागि एकजना बालक तथा एकजना बालिका मनोनयन[३] गर्न अनुरोध गरियो । तिनलाई संलग्न फारम भरी आफ्ना मनोनयनसाथ बुझाउन पनि आग्रह गरियो । यस फारमले बालबालिकाको व्यक्तिगत विवरण जस्तै नाम, आयु, ठेगाना, बालक्लबको नाम तथा सोमा संलग्नता अवधि तथा बहाल पदको अवधि आदि माग गरेको थियो । त्यस्तै यसले उक्त बालबालिका गा.वि.स.वा जिल्लास्तरीय बालक्लबहरूको नेटवर्कको सदस्य छ, छैन; बालअधिकारसम्बन्धी प्रशिक्षण प्राप्त गरेको छ, छैन; कार्यशाला तथा सम्मेलनहरूमा भाग लिएको छ, छैन; तथा पहिले प्रशिक्षक वा श्रोत व्यक्तिका रूपमा अनुभव हासिल गरेको छ, छैन जस्ता जानकारी पनि माग गरिएको थियो ।

गठन प्रकृयाकै क्रममा कन्सोर्टियमले सोही वर्ष कार्तिकमा आयोजित साधारण सभाको बैठकले यस विषयलाई प्रमुख सवाल (एजेण्डा) को रूपमा छलफल गऱ्यो । बैठकमा संस्थाहरूले बालसल्लाहकार समूहका विभिन्न पक्षबारे सविस्तार छलफल गरेर सोको सदस्य हुने बालप्रतिनिधिहरूमा हुनुपर्ने पूर्वाधारहरूबारे पनि व्यापक अर्थमा सहमति जनायो । बालसदस्यका लागि आवश्यक पूर्वाधारहरू निम्नानुसार थिए :

क) बालक्लबहरूमा कम्तीमा दुई वर्षको संलग्नता,
ख) गाविस वा जिल्लास्तरीय बालक्लबहरूको नेटवर्कको सदस्यता, तथा
ग) बालअधिकारबारे राम्रो ज्ञान तथा बालबालिकामा सोको संचार गर्ने क्षमता ।

त्यसपछि सञ्चालक समितिले सल्लाहकार समूहको सदस्य हुने बालबालिकाको छनौटबारे छलफल गऱ्यो । यस अन्तर्गत विभिन्न वर्ग तथा लिङ्ग, केटा तथा केटी, को प्रतिनिधित्व हुने गरी विभिन्न सदस्य संस्थाहरूबाट छनौट भएका प्रतिनिधिबाट सल्लाहकार समूह गठन गर्ने सहमति भयो । समूहमा ग्रामीण तथा शहरी बालक्लबहरूलाई

समेट्ने, अपाङ्ग बालबालिकालाई संलग्न गराउने तथा विभिन्न प्रकृतिका काम गर्ने बालक्लबहरूको प्रतिनिधित्व गराउने समेत निर्णय भयो। समितिको निर्णयानुसार सदस्य बालबालिका छनौट गर्न एक तीन-सदस्यीय कार्य समूहको गठन गरियो। कार्यसमूहले तोकिएका योग्यता वा विशेषताका आधारमा सदस्य संस्थाहरूमध्ये हरेकबाट एक बालक वा बालिका सदस्यका रुपमा छान्यो। साथै बालबालिकाको व्यक्तिगत विविध अनुभव - विशेषगरी आफ्ना बालक्लबमा संलग्नता, बालअधिकार महासन्धिको ज्ञान तथा सञ्चालन गरेका तालिमहरूलाई नियाल्ने काम पनि गऱ्यो।

समूहले आफ्नो काम सम्पन्न गर्दै दुई वर्षका लागि बालसल्लाहकार समूहको सदस्यकारूपमा १५ बालबालिकाको नाम सिफारिस गऱ्यो। सञ्चालक समितिले उक्त प्रस्तावित नामहरू स्वीकार गरी सम्बन्धित



बालबालिका तथा सदस्य संस्थाहरुलाई सोको स्वीकृति पत्र पठायो। यसरी मनोनित २९ मध्ये १६ लाई बोर्डका सदस्यका रूपमा छानियो। तिनले मनोनयन गर्ने सदस्य संस्थाबाट कमसे कम एक बालक/बालिका रहने गरी प्रतिनिधित्व गर्छ। निम्न तालिकाले छानिएका बाल सदस्यहरूको विस्तृत जानकारी दिन्छः

| क्रस | बालबालिकाको नाम | आयु | केटी/केटा | क्लबको नाम सहयोगी | सदस्य संगठन | जिल्ला |
|---|---|---|---|---|---|---|
| १. | सरोज राई | १७ | केटा | दाजुभाइ समूह | उप्का नेपाल | सुनसरी |
| २. | राजन बि.क. | १२ | केटा | बाल अधिकार मंच | सिविन | काठमाण्डौ |
| ३. | उकास नकर्मी | १६ | केटा | शान्ति बालक्लब | कन्सर्न नेपाल | काठमाण्डौ |
| ४. | विजय कुमार छिनाल | १५ | केटा | क्षितिज बालक्लब | बाल बचाऊ यु. के. | सुर्खेत |
| ५. | नरमाया सुनार | १६ | केटी | सृजना बालक्लब | इन्द्रेनी समाज केन्द्र | पाल्पा |
| ६. | सविता डंगोल | १३ | केटी | प्रतिभा बालक्लब | लु:निभा | ललितपुर |
| ७. | राजेन्द्र प्र. प्याकुरेल | १४ | केटा | हातेमालो बालक्लब | हातेमालो संचार | ललितपुर |
| ८. | गीता कुमारी चौधरी | १५ | केटी | जानकी बालक्लब | बि.आइ.डी. | सिरहा |
| ९. | भावना उप्रेती | १४ | केटी | चुरियामाई छात्र क्लब | प्लान नेपाल | मकवानपुर |
| १०. | नरमाया बायम्बु | १६ | केटा | बाघेला बालक्लब | स.उ.स.के. | पाल्पा |
| ११. | मधुमाया अर्याल | १६ | केटी | ज्ञानोदय बालक्लब | बेस, पाल्पा | पाल्पा |
| १२. | सान्तु कुँवर | १७ | केटा | चामुण्डा बालक्लब | होस्टे हैंसे बा.वि.स. | तनहुँ |
| १३. | तीर्थ कुमारी तामाङ्ग | १३ | केटी | सरस्वती बालक्लब | इलाका गैसससस | उदयपुर |
| १४. | ज्ञानु रसाइली | १५ | केटी | बाल विकास समूह | सीडीएस, जोरपाटी | काठमाण्डौ |
| १५. | सुन्दर कृष्ण श्रेष्ठ | १६ | केटा | सगरमाथा बालक्लब | सीबीआर | भक्तपुर |



कन्सोर्टियमको बालसल्लाहकार समूहको प्रथम बैठक:

गठन प्रकृया पूरा हुनासाथ कन्सोर्टियमले २५-२६ २०५८ मा बालसल्लाहकार समूहको सदस्यहरूका लागि दुई दिने बैठक/ अभिमुखीकरण तालिम सञ्चालन गऱ्यो। उक्त बैठकका लक्ष्य तथा मुख्य विषयहरू निम्न क्षेत्रमा आधारित थिए:

➢ बालक्लब सम्बन्धी अनुसन्धानबारे विचार

आदानप्रदान,

- नेपालमा बालक्लबहरूसँग कार्यरत संस्थाहरुको साझा समूह स्थापनाको प्रसङ्ग तथा यसका उद्देश्य, संरचना तथा कामबारे विचार आदानप्रदान,
- बालसल्लाहकार समूहको गठन प्रकृया तथा अवधारणाबारे छलफल तथा त्यसका सदस्यहरूको भूमिका तथा कर्तव्यहरूको पुनरावलोकन,
- वर्ष २००२ का लागि वार्षिक कार्ययोजनामाथि छलफल तथा सो सम्बन्धमा आफ्ना विचार वा राय प्रदान,
- बोर्डका विभिन्न प्रकार, यसको गठन प्रकृया तथा बालसल्लाहकार बोर्डको सन्दर्भमा संघप्रति यसका जिम्मेवारी, तथा
- बालसल्लाहकार समूहद्वारा कन्सोर्टियमको कृयाकलाप तथा योजना निश्चित ।



The consultation with child advisor's in progress

छलफलः

बालसल्लाहकार समूहको अनुसन्धान प्रसङ्गबारे सदस्यहरूसँग बालक्लबको विकास, प्रकृति तथा कामकारवाही तथा स्वयं बालक्लबमा लागू हुने खालका सिफारिसहरू विस्तृत छलफल गरियो । त्यस्तै बालक्लबको स्थापनासँग प्रत्यक्ष सम्बन्ध राख्ने खालका महत्वपूर्ण विचारहरू माथि सल्लाहकार मञ्चसँग विचार आदानप्रदान तथा छलफल गरियो ।

सल्लाहकार समूहको सदस्यहरूले संस्थाबारे व्यापक ज्ञान हासिल गर्न सकुन् भन्ने उद्देश्यले कन्सोर्टियमको गठन तथा त्यसका उद्देश्यहरू, संचालक समिति तथा सचिवालयका भूमिका तथा काम कर्तव्य, तथा विभिन्न प्रकारको सदस्यता र सो प्राप्त गर्ने प्रकृया आदि जस्ता पक्षहरुमा सविस्तार छलफल गरियो । विभिन्न प्रकारका बोर्डकोबारेमा छलफल गर्दै कन्सोर्टियमको बालसल्लाहकार समूहको अवधारणाको विकास, यसको गठन प्रकृया तथा सदस्यका भूमिका तथा काम कर्तव्यबारे विस्तृत छलफल गरियो । यसको उद्देश्य बालसल्लाहकार समूहका सदस्यका रूपमा बालबालिकालाई आफ्ना भूमिकाहरू निर्धारण गर्न व्यापक दृष्टिकोण प्रदान गर्नु थियो ।

त्यसै गरी बालबालिकालाई सल्लाहकारको रुपमा तिनको नयाँ भूमिकाबारे छलफल गर्न तीन समूहमा बाँडी प्रस्तावित

### हातेमालो संचारका कार्यकारी सदस्यका रूपमा केटाकेटी

हातेमालो संचारका नौ-सदस्यीय कार्यकारी समितिमा चार बालबालिका (दुई बालक तथा दुई बालिका)ले हातेमालो बाल समूहको प्रतिनिधित्व गर्छ । हातेमालो संचार वयस्क तथा केटाकेटी दुवै सदस्य भएको एक गैर सरकारी सामाजिक संगठन हो । समूहका बालबालिका संचार माध्यममार्फत् बालअधिकारको बहस गर्ने कार्यमा संलग्न हुन्छन् । हातेमालो बाल समूहका बालबालिका सातामा दुईपल्ट भेला हुन्छन् र संस्थाको कृयाकलापमा भाग लिन्छन् र "कार्यक्रमसम्बन्धी क्यालेण्डर" तथा यसको कार्यान्वियनमाथि छलफल गर्छन् । उनीहरूले आफ्नो सहभागितालाई सुरक्षित गर्न आफ्ना भूमिका तथा जिम्मेवारीमाथि पनि छलफल गर्छन् ।

हातेमालो संचारको *विधान* अनुसार यस संस्थामा तीन प्रकारका सदस्यता छन्ः साधारण सदस्य, सक्रिय सदस्य तथा आजीवन सदस्यहरू । संस्थाको विधानले १४ वर्षसम्मका बालबालिकालाई दुईजना कार्यकारी समिति सदस्यको सिफारिसमा साधारण सदस्य बन्न सिफारिस गर्न सक्छ । यसबाट यसको सर्वोच्च अङ्ग, साधारण सभा बन्दछ । साधारण सदस्यहरू २१ वर्ष पुगेपछि कार्यकारी समितिको सिफारिसमा सक्रिय सदस्य बनाइन्छन् । हातेमालोले बालबालिकालाई संगठनका कृयाकलापमा सहभागी हुने कुरामा मात्र सीमित गर्नुभन्दा साधारण सदस्यका रूपमा तिनको अधिकतम भूमिकामाथि जोड दिनुपर्छ ।

संगठनको हालसम्मको अनुभवले के प्रमाणित गरेको छ भने बालबालिकाले समितिमा सक्रिय भूमिका खेल्न सक्ने विभिन्न मुद्दा वा सवालहरू उठाउन सक्षम छन् । यसर्थ संगठनको संरचनाभित्र, खासगरी कार्यकारी समितिमा बालबालिकाको सहभागिता बढाउने खालको ठोस कार्य हुनु आवश्यक छ ।

भूमिका तथा काम कर्तव्यबारे पूर्व जानकारी नदिइकनै छलफल गराईयो । छलफलमा आएअनुसार बालसल्लाहकार मञ्चको मुख्य भूमिका संस्थाको वार्षिक कार्ययोजनामा नियमित रूपमा बालबालिकाको दृष्टिकोण राख्नु नै हो । बालसदस्यहरूले प्रतिपादन गरेका वा सहमति जनाएका बालसल्लाहकार मञ्चका भूमिका तथा कार्यहरू निम्नअनुसार छन्:



### बालसल्लाहकार समूहका सदस्यहरूका भूमिका तथा काम कर्तव्यहरू

- कन्सोर्टियम (साझा समूह) बारे पूर्ण सचेत हुनु तथा जानकारी राख्नु तथा आफ्नो बालक्लब र अन्यलाई संस्थाबारे व्याख्या गर्न सक्षम हुनु,
  १. कन्सोर्टियम (साझा समूह) बारे अन्य बाल तथा वयस्क संस्थाहरूबीच प्रचारप्रसार गर्नु,
  २. आफ्नो कार्यक्षेत्र तथा बालक्लबहरूमा योजना तर्जुमा गरिएका कार्यक्रमबारे संघलाई सूचित गर्नु,
  ३. बालक्लब, बालबालिका तथा कन्सोर्टियमबीच माध्यमको रुपमा काम गर्नु ।
- बालबालिकाका तर्फबाट सञ्चालक समिति तथा कन्सोर्टियमलाई आवश्यक सरसल्लाह प्रदान गर्ने
  १. कार्यक्रम तथा नीतिहरू तर्जुमा गर्दा बालबालिकाको विचार अभिव्यक्त गर्नु ।
- कन्सोर्टियमद्वारा सञ्चालित बैठक/कार्यक्रमहरूमा (अनुरोध भए अनुसार) भाग लिनु
  १. सम्मेलन तथा कार्यक्रमहरूमा अभिवावकका साथ वा आफैं भाग लिनु ,
  २. कन्सोर्टियमको पूर्ण बैठकमा सहभागी भई निर्णयहरू लिन तथा सोको कार्यान्वयन गर्न सहयोग गर्नु,
  ३. आमन्त्रण भएको खण्डमा तालिम, कार्यशाला तथा सम्मेलनहरूमा भाग लिनु,
  ४. कन्सोर्टियमको कार्यक्रम तथा कृयाकलापहरूको समीक्षा/मूल्याङ्कन कार्यक्रममा भाग लिनु ।
- सम्बन्धीत ठाउँमा बालबालिकाका सवाल तथा सरोकारका कुराहरू राख्न सक्रिय भूमिका खेल्नु
  १. कन्सोर्टियमको योजना निर्माण गर्न आवश्यक सुझावहरू प्रदान गर्नु,
  २. भेदभाव गरिएका तथा अधिकारबाट वञ्चित बालबालिकालाई सहयोग गर्नु,
  ३. बालक्लबहरू विस्तार तथा प्रवर्द्धन गर्न सघाउनु ।
- संचालन समितिले बालसल्लाहकार बोर्डका सदस्यद्वारा राखिएका सुझाव वा सिफारिसहरू लागू गर्ने वा नगर्नेबारे निर्णय गर्नेछ
- अन्य बालबालिकाबाट सूचना प्राप्त गरी संघका सदस्य संस्थाहरूको कार्यक्षेत्रभित्रका बालबालिकाको आवश्यकतानुसार जानकारी गराउनु । बोर्ड सदस्यहरूले आफ्ना वयस्क सहजकर्त्ताहरूलाई गैसस/सीबीओहरूको कार्यक्रम कार्यन्वयन गर्न राय प्रदान गर्नेछन् तथा/वा यथासम्भव संस्थासँग प्रत्यक्ष संचार गर्नेछन् ।

यसबाहेक बालप्रतिनिधिहरूले कन्सोर्टियमलाई आफ्नो सेवा स्वेच्छाले प्रदान गर्नेछन् र उनीहरू वर्षमा कम्तीमा दुईपल्ट भेट्ने छन् भनी राखिएको प्रस्तावलाई सल्लाहकार मञ्चले स्वीकार गऱ्यो ।

रोचक कुरा के रह्यो भने बालप्रतिनिधिहरूले समूहको नाममाथि पनि छलफल गरे । उनीहरूले नेपालीमा यसलाई "कन्सोर्टियम बालसल्लाहकार मञ्च" तथा अंग्रेजीमा "कन्सोर्टियम चिल्ड्रन्स अडभाइजरी फोरम" (संघको विधानमा उल्लेख भएअनुरुप नै) राख्ने निर्णय गरे ।

### हालसम्म उक्त प्रकृयाबाट प्राप्त प्रमुख सिकाइः

बालसल्लाहकार मञ्च गठन गर्नु स्वयं कन्सोर्टियमका लागि एउटा नौलो अनुभव थियो । यद्यपि केही सदस्य संस्थाहरूले आफ्नो संगठनात्मक संरचनाभित्र बालबालिकालाई संलग्न गराएको अनुभव भने छ (उदाहरणका लागि कृपया तालिका हेर्नुहोस्) । कन्सोर्टियम सचिवालयले बालबालिकाको मनोनयनका लागि सदस्य संस्थाहरूसँग पटकपटक अनुगमन गर्नुपऱ्यो र यावत प्रयासका बाबजूद पनि १६ सदस्य संस्थाहरूले मात्र आफ्नो मनोनयन पठाए । यसले गर्दा कन्सोर्टियमले प्रतिनिधित्वको प्रकृया अंगाल्नुभन्दा मनोनयन गर्ने संस्थाहरुबाट एक बालक वा बालिका मनोनयन गर्ने सीधा निर्णय लियो ।

बालसल्लाहकार मञ्चको पहिलो बैठक स्वयंमा एक नौलो अनुभवको रुपमा रह्यो । यसले धेरै नै महत्वपूर्ण सिकाइ प्रदान गरेको छ। बैठकमा बालसदस्यहरू आफ्ना नयाँ भूमिकाको बारे अझै बढी सिक्न उत्साही तथा उत्सुक थिए । बाल सदस्यहरू आफैंले

क) आफ्ना भूमिका तथा जिम्मेवारीहरू निर्धारण गरे,

ख) आफ्ना समूहको नाम रोज्नु,

ग) २००२ का लागि कन्सोर्टियमको प्रस्तावित

#### होस्टे हैंसे बालविकास केन्द्र, तनहुँको सल्लाहकार बोर्डका सदस्यका रूपमा बालबालिका

स्थानीय पाँच सीबीओ सदस्य भएको नेटवर्क संस्थाका रूपमा होस्टे हैंसेले २००१ देखि सल्लाहकार बोर्डमा बालबालिकाको प्रतिनिधित्व गराउन थाल्यो । संगठनात्मक कार्यमा सल्लाह दिने सल्लाहकार बोर्डमा ५ वयस्क तथा २ बाल सदस्य रहेका छन् । बालसदस्यहरू पदमा दुई वर्षसम्म बहाल रहन्छन् । उनीहरू १८ वर्षका पुगेपछि वयस्क हुने हुँदा उनीहरुको पदावधि २ वर्षको राखिएको छ ।

नेटवर्क तहका बालसमूहहरूले बोर्डमा निम्न योग्यताका आधारमा दुई बालप्रतिनिधि सदस्यका रूपमा मनोनयन गर्छन् । यी योग्यता संगठन तथा बालबालिका स्वयंले निर्धारण गरेका छन्:

- नेटवर्क तहका बालसमूहहरू जस्तै गाविस स्तरीय बालबालिकाको नेटवर्कको सदस्य हुनु पर्छ,
- बालक्लबहरूमा व्यवस्थापन तथा नेतृत्वसम्बन्धी प्रशिक्षण सञ्चालन गर्न सक्षम हुनु पर्छ,
- बालबालिकाको श्रोत समूहको सदस्य हुनु पर्छ,
- कम्तीमा आठ कक्षासम्म पढेको हुनु पर्छ,
- तिनको उमेर १६-१८ का बीच हुनु पर्छ ।

त्यसैगरी यस संस्था अन्तर्गतका बालक्लब तथा गाविस स्तरीय नेटवर्कअन्तरगत पनि बालबालिकाको सल्लाहकार समूह छ । यी विभिन्न स्वरुपमा बालसल्लाहकार बोर्डका भूमिका तथा काम कर्तव्य फरकफरक छन् । होस्टे हैंसेको सल्लाहकार बोर्डका बालप्रतिनिधिहरूको मुख्य भूमिका निम्न प्रकारका छन्:

- साँगठनिक संरचनाभित्र बालक्लब तथा बालबालिकाका सवालहरू उठाउनु,
- होस्टे हैंसेको योजना तर्जुमा प्रकृयामा सक्रिय भूमिका खेल्नु,
- गाविस, स्कूल तथा विद्यमान सामुदायिक संस्थाहरूमा सम्पर्क सूत्र तथा बालक्लबहरूको नेटवर्क तयार पार्नु,
- बालक्लबहरूको विधान तयार गर्न सल्लाहकारको भूमिका खेल्नु जसले व्यापक अभियानको रुपमा बालक्लबलाई उपयुक्त निकायमा दर्ता गर्न सकियोस्,
- होस्टे हैंसेलाई जिल्लास्तरीय संरचनाहरू जस्तै जिल्ला बालकल्याण समिति तथा जिविससँग सम्पर्क बढाउन बालबालिकाको दृष्टिकोण प्रस्तुत गर्न सघाउनु हो । यसले उचित समन्वय, कार्यक्रम सहयोग तथा विचार आदानप्रदान गर्न तथा संस्थाको सञ्जाल विकास गर्न सहज हुनेछ ।

कार्ययोजनामा आफ्नो विचार राख्नु, तथा


घ) सञ्चालक समितिसँग अन्तरक्रिया गर्न बालप्रतिनिधिहरु मनोनयन गर्ने पूर्वशर्तहरू तयार गर्नु, आफैंमा रोचक छ ।

त्यसैगरी बालसदस्यहरूले मञ्चको गठन प्रकृयाहरूलाई प्रजातान्त्रिक ढंगले लिए । उनीहरूमा कन्सोर्टियम तथा यसका कार्यक्रमप्रति आफ्नोपना/स्वामित्वको भाव देखिएको थियो । यसको कारण के थियो भने उनीहरूले कन्सोर्टियमको भूमिका, उद्देश्य, संचालनको प्रारूप, तथा कृयाकलापहरू बुझ्ने अवसर पाए । वैठकको सहजीकरण प्रकृयाले उनीहरूलाई यहाँ उनीहरुका विचारहरूलाई उचित महत्व दिइएको थियो भन्ने कुराको विश्वास दिलायो । कन्सोर्टियमले संस्थाको कार्यक्रम बनाउन, कार्यान्वयन गर्न तथा तिनको मनिटरिङ्ग तथा मूल्याङ्कन समेतमा बालबालिकाको विचार समावेश गर्न चाहेको कुरा बालबालिकाको लागि उत्साहवर्द्धक खबर थियो । बालसदस्यहरूले निकै प्रखरताका साथ (आफ्नो कार्यक्रम मूल्याङ्कन पत्रमा) वयस्क संस्थाका कार्यक्रमहरूमा संलग्न हुनपाउनुलाई गौरव महसूस् भएको विचार राखे । कन्सोर्टियमको प्रयासको प्रशंसा गर्दै उनीहरुले यो आफ्नो पहिलो अनुभव भएको बताए यद्यपि दुई दिनको कडा दिनचर्याभित्र मनोरञ्जनका लागि निकै कम समय थियो ।

यस प्रकृयाले के सिकाएको छ भने बालसदस्यहरू आफ्ना विचार आदानप्रदान गर्न यस्ता बैठकमा भविष्यमा निरन्तररुपमा भाग लिईरहने हुँदा, स्पष्टता तथा एकरुपताका लागि स्पष्ट आर्थिक प्रावधान[४] सम्बन्धी नीति हुनुपर्छ ।

साँगठनिक संरचनामा बालबालिकालाई सदस्यका रूपमा राख्नु संस्थाकै लागि एक नौलो अनुभव थियो । यस सन्दर्भमा यसले व्यापक अनुभव बटुल्न बाँकी नै छ यद्यपि यसले बाल प्रतिनिधिहरूबाट यथेष्ट योगदान प्राप्त गरिरहेको छ र हालसम्मको सिकाई उत्साहवर्द्धक छ । बालबालिकाका सर्वोत्तम हित एक सल्लाहकार मञ्चले पूरा गर्छ कि अर्के वा फरक किसिमकै प्रतिनिधित्व आवश्यक छ, भन्ने कुरा छलफलको विषय बनेको छ । वयस्क संस्थामा बालसल्लाहकारका रुपमा कार्य गर्नुको अलावा बालबालिकालाई संस्था व्यवस्थापन संरचनाको एक हिस्सा बनाइनु पर्ने पो हो कि ? हामीले प्रयोगात्मक ढंगले सिक्दै र अनुभव बटुल्दै जाँदा तथा सामूहिक रूपमा यी सवालहरूलाई लैजाँदा, हामी यस्ता प्रश्नका जवाफमा सम्बन्धमा पर्याप्त उदाहरणहरू प्रस्तुत गर्न सक्षम हुनेछौं । यस चरण वा अवस्थामा हाम्रो प्रमुख सरोकारको विषय के भनेको एक वयस्क संस्थाको ढाँचाभित्र बालबालिकोको संलग्नतालाई कसरी सक्रिय गराउने भन्ने नै हो । त्यसका लागि निम्न सवालहरूमाथि उपयुक्त ध्यान दिनु आवश्यक छ:

- "सिद्धान्ततः" बालबालिकाका हित, उनीहरुका राय तथा विचारहरूको कसरी प्रतिनिधित्व गर्न सकिन्छ र सोका लागि कस्तो संरचना तथा प्रणाली अपनाउनु पर्छ,
- हामीले बालबालिका तथा बालक्लब अभियानलाई सल्लाहकार समूहको भूमिका तथा स्वयं कन्सोर्टियमको काम/उद्देश्य बुझ्न कसरी तयार गर्न सक्छौं,
- प्रतिनिधिमूलक प्रथालाई सञ्चालन गर्न कन्सोर्टियम कुन हदसम्म संलग्न भइराख्नु पर्छ । कन्सोर्टियमले प्रतिनिधित्वको प्रणालि निर्धारण गरेको खण्डमा यस प्रकृयामा कति मात्रामा तथा कसरी बालबालिकालाई संलग्न गराउनु पर्छ,
- कन्सोर्टियमले बालबालिकासँग सल्लाह तथा सुझाव लिने सवालहरूमा बालक्लब/ सल्लाहकार समूहसँग कसरी नियमित विचार आदानप्रदान गर्न सक्छ,
- गैससले प्रयोग गर्ने तरीकाहरूसँग नभिजेका युवा मस्तिष्क (बालसल्लाहकार)लाई उपयोगी ढंगले आवश्यक सामग्री कन्सोर्टियमले कसरी उपलब्ध गराउने,
- बालसल्लाहकार मञ्चका सदस्यहरू तथा कन्सोर्टियमबीच अन्तरक्रियाको रूपरेखा कस्तो हुनुपर्छ, विचार आदानप्रदान तथा छलफलका लागि उपयुक्त वातावरण कसरी तयार गर्ने ? भाषा तथा अभिव्यक्तिका तरीकाहरू, एजेण्डा बनाउने क्षमता, सवालहरू पहिचान गर्ने, जस्ता कुराहरु कहाँ हुनुपर्छ, यसको लागि के कस्ता शीपहरू चाहिन्छ,
- आफ्नो कार्यका लागि बालसल्लाहकार मञ्चले कुन



सीमासम्म श्रोतहरू खोज्छ, के यससँग आफ्ना कृयाकलापबारे सूचना प्रसार गर्न पर्याप्त श्रोत हुनु पर्छ ? सल्लाहकार मञ्च खडा गर्दा के कति आर्थिक श्रोत चाहिन्छ ? यसको नियमित व्यवस्थापन कसरी गर्ने ?

➢ बालबालिकाको संरक्षण तथा आवश्यक भए यातायातसम्बन्धमा कन्सोर्टियमको के कस्तो जिम्मेवारी रहन्छ, हामी तिनको सर्वोत्तम हितका लागि काम गर्दैछौं भन्ने कुरा कसरी यकीन गर्न सक्छौं,

➢ यसलाई हामीले सार्थक रूपमा कसरी अनुगमन गर्छौं ? सम्भवतः प्रथमपल्ट यस्तो प्रकृया सञ्चालन गरिएकोले हामीले यसका लागि के कस्ता तयारी गर्नुपर्दछ ? यसका लागि को जिम्मेवार हुने ? क-कसले कहाँकहाँ कसरी त्यसर्लाई व्यवस्थित गर्नुपर्दछ आदि। यसले अवश्य नै महत्वपूर्ण सिकाई प्रदान गर्नेछ। साथै यसलाई उपलब्धिमूलक ढंगबाट अगाडि बढाउँदा यी र यस्तै सवालहरुप्रति संवेदनशील हुँदै जान सक्नुपर्दछ।

नोट :

[1] विगत आधा दशकमा बालक्लबहरूले गरेका कार्यक्रमहरूबाट प्राप्त अनुभवहरूलाई बढी व्यवस्थित ढंगले हेर्ने तथा बालसंस्थाहरूको विकासबारे जान्न भनी बाल बचाऊ नर्वे तथा बाल बचाऊ यू.एस. द्वारा बालक्लबबारेको उक्त अध्ययन गरिएको थियो। अध्ययनपश्चात् अध्ययनको सारांश तथा सिफारिसहरु समेटिएको “नेपालमा बालक्लबहरू: एक प्रजातान्त्रिक प्रयोग” शीर्षक पुस्तक प्रकाशित भएको छ। अनुसन्धानमा उपयोग गरि एका सहभागितामूलक विधिहरूमा आधारित “हाम्रा दर्पणहरू: बालबालिका तथा युवा समूहहरूको प्रजातान्त्रिक प्रत्यावर्तनका लागि प्रजातान्त्रिक उपायहरू” नामक एक वृत्तचित्र तयार गरिएको छ।

[2] स्थापना कालमा कन्सोर्टियम (साझा समूह) ले सदस्यताका लागि बाध्यात्मक सिद्धान्तका रूपमा काम गर्नेगरी एक आचार संहिता तयार गऱ्यो जसले नयाँ सदस्यताका लागि पनि आधार प्रदान गर्दछ।

[3] कन्सोर्टियमले बालप्रतिनिधि मनोनयन गर्न कुनै निर्देशिका वा प्रकृयागत निर्देशन प्रदान गरेको थिएन। सो कुरा सदस्य संस्थाहरुकै तजबीजमा छाडिएको थियो।

[4] लागत खर्च जस्ते केटाकेटी तथा वयस्कहरूको यातायात तथा आवास खर्च वास्तविक खर्चको आधारमा प्रदान गएिको थियो।

## सन्दर्भग्रन्थ:

राजभण्डारी, जे., हार्ट, आर. तथा खतिवडा, च. (१९९९) *नेपालमा बालक्लबहरू: एक प्रजातान्त्रिक प्रयोग*। सेभ द चिल्ड्रन नर्वे तथा यूएस, नेपाल।

कन्सोर्टियम (१९९९) *बालक्लबहरूलागि कार्यरत संस्थाहरूको संघको विधान*।

संयुक्त राष्ट्रसंघ (१९८९) *बालअधिकार महासंधि (CRC)*।

कृतज्ञता ज्ञापनः

पीटर डिक्शन, सेभ द चिल्ड्रन नर्वे, नेपाल कार्यक्रम; राजीव लोचन अधिकारी, कन्सोर्टियम; चेत बहादुर थापा, महासचिव, होस्टे हैंसे बाल विकास केन्द्र। ❋

*लेखक सेभ द चिल्ड्रन, नर्वेमा कार्यरत हुनुहुन्छ।*

# Child Participation in Poverty Reduction:

## A Case Study with Reference to the Issue of Child Labor Problem in Nepal

*Bijaya Sainju*

### Background Information:

Nepal is taken as one of the most poverty stricken countries in the world. The per capita income of the Nepalese people is $220(UNICEF). The total population of the country is 23.4 million and 52% consists children below 18 years of age (Central Bureau of Statistics). Nepal is agriculturally predominant country, which is why an overwhelming number of children are engaged in agriculture chores. Migration from rural to urban areas is in increasing trend for seeking better opportunities. So in the city, like Kathmandu, there are huge numbers of migrants living in squatter like homes. Children of these migrants are also working in different fields so that they can support at home for their day-to-day survival.

**Child Statistics**

| | |
|---|---|
| Total Population | 23,400,000 |
| Children under 18 yr. | 12,168,000 |
| Children under 16 yr. | 10,530,000 |
| Life expectancy | 58 yr. |
| Unemployment rate | 12% |
| Per capita GNP | $220 |
| No. of child labour | 2,600,000 |
| Domestic child labor | 56,000 |
| Child porter | 42,000 |
| Carpet children | 22,000 |
| Ragpicking st. children | 4,000 |
| Street children | 26,000 |
| Stone quarry | 30,000 |
| Bonded child labour | 40,000 |
| Tea plantation | 600 |
| Children in flesh trade | 5,000 |
| Shoe shiner in Kath. | 150 |
| Coal mine in Dang | 100 |
| No. Dalit children | 2,000,000 |

Source: *CBS, CONCERN, CAR, CWS, INSEC, UNICEF and ILO*

### Issue of child labor:

The issue of poverty has been interlinked with the issue of child labor problem in Nepal. Poverty stricken people is forced to send their children into income earning work so that they can feel relieved economically a little bit. The child labor has become a sort of tradition in Nepal. But, this tradition has become center of exploitation for businessmen who have negative attitude over children.

A lot of children have been working in carpet industries that are very high demand in European countries. Like wise, children do work in stone quarry, brick kilns, restaurants, scavenging, domestic servant, etc.

### Contribution of child labor:

The International Labor Organization (ILO) has estimated the number of child labor in Nepal near about 2.6 million. The ILO has established an action program towards the eradication of child labor in Nepal. But, the fact is child labor has been contributing a significant amount of money to eradicate the poverty problem in the country. This factor has been slowly being recognized by the society. The participation of children through their able support is completely neglected by the western notion of child labor, which is always seen negatively.

### Government commitments:

The government of Nepal has ratified the UN Convention on the Rights of the Child (CRC) and the ILO convention No.182, which are the worst

forms of child labor. It has also brought the children's act 1992 and its' by-laws 1994. However, the enforcement part of these national and international instruments is very weak.

## Different Forms of Child Labor Practiced in Nepal

If we look at the working nature we shall find fourteen areas activities in agricultural sector alone, as listed below. Apart from agriculture sector they are found to be working in five and half dozen different fields. Altogether, there are about 80 areas of work where these children have become victims of physical abuse, mental torture and economic exploitation.

A. **Agriculture:**
Cattle grazing, seasonal plantation (wheat and rice) cash crops plantation, harvesting, ploughing, portering, fodder collection, milking cows and buffalo, collecting firewood, tending livestock, cutting grass, controlling weeds, fishing, irrigation work, etc.

B. **Tourism Business:**
Wooden handicrafts, thangka painting, metal handicrafts, pottery, tourist guide, rafting, etc.

C. **Industrial Sector:**
a) Cottage Industry: Carpet weaving, textile-hand loom, candle production, poultry farming, brick kiln, stone quarry, etc.
b) Manufacturing Industry: Leather factory, match factory, confectionery, soap factory plastic bags factory, tobacco bidi factory, cigarette factory, plastic shoe factory, bakery, fruits industry, printing press, garment and textile. Etc.

D. **Plantation Industry:**
Plucking tea, sugar cane production, tobacco production, marijuana production, etc.

E. **Service Sectors:**
Domestic workers urban porters, trekking porters, shoe shine boy, street sweeping, tourist guide, temple keepers, petrol pump attendant newspaper delivery, paper bags making, In hotels, lodges and restaurants: Counter service, cooking service, dishwasher, customer service, and tourist contactor.

F. **Transportation Sector:**
Tempo conductor, bus conductor, cart puller, rickshaw puller, etc.

G. **Technical Sector:**
Auto mechanics, bicycle repairing, car washing, carpentry, tailoring, grill wielding, etc.

H. **Business Sector:**
Street vending, shop assistant, newspaper selling, high way hawker, fruits seller, hosiery goods seller, tea supplier, ragpicking, commercial sex workers, etc.

I. **Others:** Road construction, building construction, street begging, street acrobats, black marketing (cinema hall ticket selling), golf ball retrieving.

*Source: CONCERN Survey, 1997*

**Participatory rights of the children:**

The CRC articles 12 to 15 states clearly the participatory rights of the children. Their participation in every aspect of society is required for their own carrier development and future sustainability. Realizing this fact of reality the ILO now has brought the time bound program to eradicate at first the worst forms of child labor. ILO has targeted seven areas of the worst forms in Nepal they are: a) child trafficking and child used for commercial sex worker, b) Bonded child labor, c) Child porters, d) Rag pickers street children, e)



Domestic child workers, f) Carpet working children and g) Children working in mine sites. ILO then slowly will touch the other sectors of child labor that are targeted to be eradicated.

**Child labor and child work:**

We need to differentiate the term child labor and child work. Sometimes we mis-interpret the child work into child labor. For instances, we shall find a lot of children helping their families and side-by-side they are enjoying their childhood, such as in agriculture sectors and domestic activities. Such activities cannot be termed as child labor. It is their participation to their families and such activity is required for their skill development. If there is no exploitation then there is nothing wrong that they involve in some income earning work rather i reduces the poverty problem in the country. Th word 'labor' involves hard work and physical an economic exploitation.

**Issue of Poverty:**

Poverty is always sited as major cause for th under development of the "third world" leas developed countries like Nepal. But, th poverty is not always a causing problem rathe the existence different socio economic problem casing the problem of poverty. Which are a follows:

**I. Social factors:**

**1. Existence Semi feudal societies:**

Although the people's democracy have be

re-introduced in Nepal, the economic and political power are still in the hand full of people in both in rural and urban areas. The gap of the haves and haves not is very big. Feudalistic mentalities of the "high class" people have not yet been changed. And there is tendency to look down poor people by the rich people. A lot of children have to serve with or without wage to the rich people. So, this semi feudalistic type of society leading the country in a darker future.

2. **Unjust land distribution:**
There are still a number of people occupying thousand of acres of land in Nepal. Less than 7% of people hold and enjoy more that 45% of land in Nepal (CEDA). Therefore, land distribution is unjust in Nepal leading people forced to live in marginalized lives.

3. **Increasing number of landlessness people:**
Unjust land distribution causing a



considerable portion of people as landless and they have to work as tenant with a little food on hand. Some of them are bonded labor. So, there is no other option to make children involve in child labor.

4. **Increasing number of family members:**
One of the major drawbacks of the developing countries is high number of population growth rate. 52% of Nepal's population is under the age of 18 years. The population growth rate in Nepal ranges from 2% to 4%, which is among the highest in the world. In average there are five numbers of children in a family in Nepal.

5. **Existing polygamy and child marriage systems:**
Child marriage and Polygamy are still practiced in most of the rural areas of Nepal. Therefore, family separation and desertion happen quite often. Consequently, children left their homes and seek job for their survival. This is causing child labor problem. Likewise, early child marriage in rural areas leads both the child husband and wife to take burden to work and earn income to run family.

6. **Existing slavery like bonded labor system:**
Although the government had declared that there is no more Bonded Labour (Kamaiya) system in Nepal, thousands of families are still in bonded and debt bonded conditions. Children of these families have to do labor to satisfy the landlord or have to earn money so that they can pay back the debt that their the great grand father had taken.

7. **Cultural Malpractice:**
Cultural malpractices have led to exploitative and discriminatory situations for children. "Scheduled caste" children such as Kami, Damai, Pode, Sarki, Kasai, Gaine, Majhi, Pariyar, etc. are often not encouraged to go to school together with other children. They are forced to stay at

home and work, etc. The education barrier to these people is also a big barrier of underdevelopment.

Therefore, underdevelopment of the country is not always related with poverty. There are some economic factors too, which are also causing the country into underdeveloped.

## II. Economic factors:

1. **Unemployment problem:**
The rate of unemployment in Nepal is 12%, which is one of the highest in the world. Therefore, 55% illiterate people have no option but to work on labor-intensive jobs. Povertious uneducated people always remain the same condition.

2. **Lack of compulsory education policy:**
Education is not compulsory in Nepal therefore parents are not forced to send their children to schools. Parents rather prefer to send their children to work so that they can earn some money and help at home.

3. **Brokers' Influence:** Village Children are often lured by the brokers offering them economic support and brought to urban areas to work in carpet factories or become domestic workers. These brokers recruited by employers and paid them well. This is causing child labor problem. Employers specially in carpet business and domestic chores prefer to have child labor

4. **Global Economy:**
Today's global economy is under the control of all multinational companies. These multinational companies' major labor source comes from Asia and they are cheap as well. Sports related multinational companies are using a massive number of South Asian Sub-continent and South East Asian children, which are cheap and easily available. We have examples of Reebok, Nike, etc. who use a large number of child laborers from Asian continent.

**Others:**

5. **Ineffective legal mechanism:**
Lack of strict enforcement of laws also causing child labor problems. Legal provisions have been limited only in paper. If there is not any kind of punishment then it encourages keeping child laborers.

6. **Lack of Awareness:**
More than 55% illiterate are unknown about the issue of the problems of child labor. Even educated people are not fully aware about the issue of Human Rights and Children's Rights. This also has been causing child labor increment. Child labor has become a tradition to Nepalese society.

**Conclusion:**

Poverty and child labor are interlinked issues. However, we must recognize the participatory rights of children for the economic growth of the country. Child labor or work is not always wrong. If we can change the above-mentioned problems that are related to socio-economic factors then we won't have poverty problem. Side by side if we make our physically able children into the main stream of development process of the country we shall sure lead our people in a brighter future. On the contrary, the prevalence of all socio economic problems will lead the country into a darker future and create more poverty problem. ❋

*The auther is the Executive chair preson of Concern for Children and Environment – Nepal CONCERN*

# एफोर्ड बालक्लब विकासक्रम

चक्रबहादुर क्षेत्री

कपिलवस्तु जिल्लामा गैर सरकारी क्षेत्रबाट बालबालिकाको हक, हित र उत्थानका क्षेत्रमा कार्यक्रम संचालन गर्ने संघ संस्था र निकायहरुको अभाव खट्किएपछि विकासको लागि जनचेतना (एफोर्ड-नेपाल) को स्थापना भएको हो ।

बालअधिकारबारे बालबालिकालाई नै सचेत गराई अनुभुति गराउन सके बालअधिकारको रक्षा गर्न बालबालिका नै उत्प्रेरित भई बालअधिकारको प्रचार प्रसार अभियान अगाडि बढने मान्यता अनुरुप एफोर्ड - नेपालले बालक्लब संचालनको अवधारणा अगाडि ल्याएको हो । सो अभियान अन्तर्गत सामुहिक रुपमा बालबालिकाहरूलाई संगठित गरी "बालबालिकादेखि बालबालिकासम्म कार्यक्रम" अन्तर्गत एफोर्ड-नेपालद्वारा जिल्लाको तिलौराकोट गा.वि.स.वार्ड नं. ६ र ९ मा मंसीर र पुषमा दुई वटा बालक्लब गठन गरियो ।

यो बालक्लब गठन गर्ने सर्म्पकको क्रममा वालवालिकालाई भेटी उनीहरुलाई संगठित भएमा हामीले खेल्नको लागि खेलकुद सामग्री दिन सक्छौ । त्यसरी संगठित भई खेल्दा बसी छलफल गरी आ-आफनो समस्या संस्थामा पुऱ्याउन सके त्यसको समाधान पनि संस्थाले गर्न प्रयास गर्नेछ । तिमीहरू कविता र खेलकुद प्रतियोगितामा भाग लिन चाहन्छौ तिमीहरूको क्लबको वैठकमा सल्लाह गरी छलफल गरेर निर्णय गर हाम्रो संस्थाले सहयोग पुऱ्याउछ भन्दै निरन्तर एक महिनाको प्रयासवाट बालबालिकालाई गोलबन्द गरी वालक्लब गठन गर्न सफल भयौं । बालक्लब गठन भएपछि निरन्तर हप्तामा १ दिन गर्दै २ महिना सम्म बालअधिकार भनेको के हो ? वालअधिकारको संरक्षण र उपभोगमा बालवालिकाले के कस्तो भूमिका खेल्नु पर्दछ ? यस विषयमा जानकारी गरायौ ।

त्यस पछि सो गा.वि.स.को वार्ड नं.९ मा गठित बालक्लबका ३ जना बालकले अर्को स्थानमा अर्थात वार्ड नं.६ मा बालबालिकालाई सम्पर्क गर्न थाले अनि विस्तारै आफूले बालक्लब गठन गरी संगठित भई बालअधिकारबारे जानकारी पाएको जानकारी गराई संगठित गराए । अनि यस एफोर्ड नेपाल संस्थालाई बालक्लब गठन गरिदिने अनुरोध गर्दै सहयोग मागे र अर्को बालक्लब गठन हुन सक्यो । यसरी ती दुई वालक्लबले वेलावेलामा अरु वालक्लब कसरी गठन गर्ने भन्ने सल्लाह गर्छन । हालै मात्र सोही वार्डमा अर्को वालक्लब पनि गठन गर्न सके । यसरी एफोर्ड-नेपालसँग हाल तीन वटा बालक्लब रहेको छ । यस संस्थाले ती बालक्लबको क्रियाकलाप क्रियाशील गराई राख्न सीमित साधन स्रोत भएपनि समय समयमा कविता प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, बालअधिकार के हो भन्ने विषयमा वक्तृत्वकला प्रतियोगिता गराउने, खेलकुदका सामग्री दिने, सर-सफाइ अभियान र साप्ताहिक भेटघाट जस्ता कार्यकम मात्र संचालन गर्न सकेका छौ । यसरी सुरुमा खेलकुदको माध्यमवाट गोलवन्द गर्ने वाध्यता भएता पनि पछि बालअधिकारवारे जानकारी गराएपछि आफैं अगाडि बढ्न थाले । यस्तै कपिलवस्तु नगरपालिका वार्ड न.१० भित्र पनि बालक्लबको माग हुन थालेको छ । पहिलेको अवस्थामा भन्दा अहिले ती बालबालिका निकै सचेत र उत्साहित भएको देखिन्छ । त्यस्तै अन्य बालबालिकालाई सहयोग र माया ग़र्नु पर्छ भन्ने भावनाको विकास हुन थालेको देखिन्छ । यसरी हाम्रो अनुभवमा हामीले बालबालिकालाई समान्य मात्र सुझाव दिई मार्ग दर्शन गर्नसके उनीहरुको व्यवहारमा धेरै परिवर्तन आई आफै अग्रसर भई अगाडि बढन आफै लागि पर्दछन भन्ने कुरामा हाम्रो विश्वास हुन पुगेको छ ।

यसै बिच हाम्रो बालक्लबका सदस्यहरूलाई समूह नेतृत्वको तालिमको आवश्यकता भईरहेको बेला युनिसेफद्वारा जिल्लामा संचालित डिपिसिपि कार्यक्रम अर्न्तगत गठन भएको ५ गा.वि.स.को १० वटा बालक्लबका अध्यक्षहरूको लागि बालबालिका एक अर्कालागि (C TO C) विषयक ७ दिने प्रशिक्षण कार्यक्रम जिल्लाको सदरमुकाम तौलिहवामा गत असोजमा आयोजना गरिएको थियो । युनिसेफका जिल्ला फिल्ड अफिसर वीरेन्द्र प्रधानलाई अनुरोध गरेपछि हाम्रो पनि बालक्लबका एक जना अध्यक्षलाई तालिममा सहभागी गराउने अवसर पाइयो । संयोग यस्तो भयो हाम्रो लम्बुसागर बालक्लबका अध्यक्ष सुरेन्द्र थापा नै तालिमका सफल सहभागी हुन पुगे । तालिम अवधिमा अध्यक्ष श्री थापाले अनुशासित, कर्तब्यनिष्ट र बाल नेतृत्व गर्न सक्ने आफ्नो प्रतिभा देखाए । अत्यन्त प्रतिभावान र जिज्ञासु स्वभावका थापाले तालिम अवधिमा खेलेको भूमिकाको तालिमका प्रशिक्षक तथा जिल्ला बालकल्याण समिति तनहुंको कोषाध्यक्ष हरिसिंह गुरुङले प्रसंशा गर्नु भएको थियो । ❋


*(हाल आएर एर्फोड – नेपाल कन्सोर्टियमको अवलोकनकर्ता सदस्य रहेको छ ।)*

*लेखक: C TO C कार्यक्रम एफोर्ड-नेपाल कपिलवस्तुमा कार्यरत हुनुहुन्छ ।*

# Bhutanese Refugee Children's Forum – structures, training and extra curricular activities

The foundation of the Children Forum was laid under the facilitation and support of Save the Children UK with the program of Child to Child in 1997. It was later named Children's Forum - a froum of the children, by the children and for the children. The good work initiated by Save the Children UK was handed over to Lutheran World Federation from 1st January 2001.

Two elected child representatives from each unit gather weekly in the froum to disscuss their ssues ranging from their problems as that of early marriage, rights and responsibilities etc. The forum is the only platform within the camps where children share their feelings and views freely. The following diagram depicts the structure of the Children's Forum.






Witht the prime objective of 'building of self-esteem and developing skills of the children, apart from the other activities performed byLWS, it also provides the children with different training.


Some of the major training the children in the camps have received are CRC, HIV/AIDS, Gender and Life Skills education, Theatre for Development, Creative writing and Forum Management.

Apart from these emphasis is also given by the forum to extra/co-curricular activities for the overall development of the child. The forum facilitates indoor and outdoor games, cultural and literary programs.The indoor games include chinese cheker, chess, ludo, scrabble. Basketball, football, volleyball, badminton, criket and skipping are the popular outdoor games. Football and volleyball are however the most popular games with yearly tournaments being organised for both girls and boys. There is a process of selection of players as per the set criteria . Sector wise representation is ensured. The best players from the sector are selcted for the camp level tournaments from intersectoral matches.

Children have ben provided various musical instruments which has resulted in producing significant number of singers, dancers and musicians among children. The cultural committee co-ordinates the organizing of cultural programs on auspiscous occassions.

Apart from these various literary programs are also conducted in Nepali as well as in English. Some of the major activities at the unit and sector level are debate, quiz competitions, extempore speech competitions, story and poem writing competitions. The forum also publishes wall magazine and local newspaper. The forum has thus led not only to reaping the benifts of children coming together to discuss issues, but hads led to learning and developing their potentials with fun , amusement and recreation. ❋

*(Abridged version from the articles from Beldangi I Children's Forum, Durga Prasad Acharya Beldangi – II and Bhakta Bahadur Mahat)*



# जिल्ला बालकल्याण समिति, सिराहको गतिबिधि

जीवनप्रसाद वली

बालबालिकाको संरक्षण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने गरी नेपाल अधिराज्यको संविधान, २०४७ मा गरिएको व्यवस्था अनुरुप बालबालिकाको हक, हितको संरक्षण गरी उनीहरूको शारिरिक, मानसिक एवं बौद्धिक विकास गर्न सिराह जिल्लामा समेत प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विभिन्न समाज सेवी, महिला, बुद्धिजिवी, चिकित्सक एवं शिक्षकहरू समावेश भएको जिल्ला बालकल्याण समितिको गठन मिति २०५३ /१/१८ मा भएको थियो । साविकको जिल्ला बालकल्याण समितिको कार्यकाल समाप्त भएकोले यही मिति २०५८/४/३० मा अर्को चार वर्षको लागि समितिको पुनर्गठन गरिएको छ ।

जिल्ला बालकल्याण समिति सिरहाले बालबालिका सम्बन्धि ऐन नियमहरुमा व्यवस्था भए बमोजिम बालबालिकाको हक हित संरक्षण तथा शारिरिक एवं मानसिक विकासको लागि वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी जनसहभागिताको साथै सरकारी एवं गैर सरकारी संघ संस्थाहरुको सहयोग समेत जुटाई विभिन्न बालकल्याणकारी कामहरु गर्दै आएको छ । यसमा खासगरी सीमित साधन श्रोतबाट पिछडिएका जनजातिका जेहन्दार छात्र छात्राहरुको शैक्षिक स्तर उठाउन छात्रवृत्ति प्रदान गर्ने, अपाङ्ग बालबालिकालाई प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराउने कार्य गर्दै आएको छ । सदरमुकाम स्थित बालमन्दिर विद्यालय भवन विस्तारकोलागि साथै बहिरा विद्यालय निर्माणको लागि आर्थिक सहयोग पुऱ्याएको छ ।

आ.व. ०५७ /०५८ को अवधिमा जनसहभागिता समेत जुटाई जिल्ला सदरमुकाममा बालकल्याण समीक्षालय भवन निर्माण गरिएको छ ।

स्थानीय सेतो गुँरास बालविकास सेवासँग मिलेर शिशु स्याहार केन्द्र सञ्चालनमा सहयोग पुर्याउँदै आएको छ । नेपाल रेडक्रस सोसाईटी मार्फत कालाज्वार पीडित बालबालिकालाई निःशुल्क रगत परीक्षणको व्यवस्था मिलाएको छ ।

जिल्लामा बालहितको लागि कार्यरत सेभ द चिल्ड्रन यू.एस.सँग मिलेर बालअधिकार सम्बन्धिमा क्षेत्र स्तरमा जनजागरण गोष्ठी संचालन गर्नुका साथै जिल्लामा बालअधिकार सम्बन्धी गोष्ठी संचालन गरेको छ । आगामी वर्षमा बालअधिकार सम्बन्धमा प्रशिक्षकहरू तयार पार्ने योजना समेत रहेको छ । जिल्लाका विभिन्न स्थानमा बालअधिकार सम्बन्धी होर्डिड. वोर्ड राख्ने, विभिन्न सिनेमा भवनमा स्लाइड प्रदर्शन गर्ने एवं पोष्टरहरु वितरण गर्ने कार्य समेत संयुक्त प्रयासबाट हुँदै आएको छ ।

जिल्ला बालकल्याण समिति सिरहाले उल्लेखित कार्यक्रहरुलाई २०५८ मा समेत निरन्तरता दिनुको अलावा यस वर्ष जिल्लाका सार्वजनिक विधालयबाट एस.एल.सी.मा उत्कृष्ट अंक हासिल गर्ने ३ / ३ जना छात्र छात्रा एवं पिछडिएका जनजातिबाट उत्कृष्ट अंक प्राप्त गर्ने १ / १ जना विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको छ । यसै वर्ष जिल्ला स्तरको बाल निवन्ध, लोक गीत एवं चित्रकला प्रतियोगिता समेत संचालन गर्ने कार्यक्रम राखिएको छ । भविष्यमा बालहितको कार्यक्रम संचालन गर्नको लागि एउटा अक्षयकोष खडा गर्ने नीति तय भए अनुरुप यस वर्ष रु ७ लाख सम्मको एउटा कोष खडा गर्ने कार्यक्रम रहेको छ ।

जिल्लाको कूल जनसंख्याको एक तिहाईभन्दा बढी जनसंख्या ओगटेको बालबालिकाको स्थितिलाई सुधार र विकासको लागि समग्र सरकारी एवं गैर सरकारी संघ संस्थाहरु जुटेर काम गर्नु पर्ने अहिलेको अवस्थामा जिल्ला बालकल्याण समितिले समन्वयकर्ताको भूमिकाको अलावा सीमित साधन श्रोतबाट धैरै काम गर्न नसक्ने अवस्था विधमान रहेता पनि जिल्लावासी सबै अभिभावक, बुद्धिजिवी, भद्रभलादमी, शिक्षक, पत्रकार, योजना प्रमुखहरु राष्ट्रिय संघ संस्था समितिको सहयोगमा आगामी दिनमा समेत आफ्नो लक्ष्य सफल हुने छ भन्ने विश्वास लिन सकिन्छ । बालअधिकार सबैको सरोकार हो र बालबालिकाको लागि हामी सबै जुटौं । ❋

*जि.बा.क.अधिकारी, सिराह*

*साभारः बाल प्रतिभा पत्रिका*

# सन् २००१ मा कन्सोर्टियमका प्रमूख कार्यहरू

बालक्लवहरुसंग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) को सचिवालय संस्थापक संस्थाहरू मध्येकै हातेमालो संचारको भवनमा बस्यो । त्यसपछि सन् २००० को मे १ बाट एकजना कर्मचारी र सन् २०००को नोभेम्बर महिनादेखि अर्को कर्मचारी यसमा कार्यरत भए ।

यस अवधिमा कार्यालय व्यवस्थापनको काम भयो र सन् २००० को डिसेम्बर महिनादेखि सचिवालयका कर्मचारीहरूले कार्यक्रम संचालनका निम्ति सकृय भूमिका निर्वाह गर्न थाले ।

### १. बालबालिका, नागरिकता अनि शासन तालिम प्रतिवेदन लेखन र वितरण

सन् २००० को डिसेम्बर महिनामा नयाँ दिल्लीमा उक्त तालिम OSCAR द्धारा आयोजना गरिएको थियो । यसमा नेपाल लगायत अन्य देशका सहभागीहरु रहेका थिए । नेपालबाट बालबालिका र वयस्कहरु सहभागी थिए । उक्त तालिमको मस्यौदा प्रतिवेदन कन्सोर्टियमले तयार गरेर सदस्य संस्थाहरुलाई वितरण गर्यो र पछि OSCAR बाटपनि यो प्रतिवेदन अझ विस्तृत रुपमा तयार गरियो ।

### २. सहजकर्ता पुन : ताजकीकरण तालिम

सन् २००० मा तीन चरणमा २३ जना सहभागीहरुले सहजकर्ता तालिम प्राप्त गरेका थिए । सोही सहभागीहरुका निम्ति फेब्रुवरी १२ देखि १४ सम्म पुनर्ताजकि तालिम संचालन भयो ।

उक्त तालिममा सहभागीहरुले बालक्लबका कृयाकलापहरुबारे छलफल गर्नुका साथै तिनीहरुले बालक्लब सहजीकरण गर्दा प्राप्त भएका उपलब्धिहरु र सामना गरेका प्रमुख चुनौतिहरु आदान प्रदान गरे । यस तालिमको मुख्य सिकाइ अन्तर्गत सहभागीहरुसंग सहजकर्ता तालिममा समावेश गर्नु पर्ने केही अन्य विषयहरु छन् कि ? भन्ने बारे पनि छलफल भएको थियो । बालबालिका, नागरिकता अनि शासनका बारेमा पनि सत्रमा प्रकाश पारिएको थियो ।

### ३. प्रकाशनः

कन्सोर्टियमको प्रचार प्रसारको निम्ति सन् २००१ मार्च महिनामा सिविनको प्राविधिक सहयोगमा अंग्रेजी र नेपाली भाषामा संस्थाको चिनारी (Brochure) प्रकाशन गरियो ।

### ४. बाल बचाऊ नर्वेद्धारा संचालित आर्थिक व्यवस्थापन तालिममा सहभागी

बाल बचाउ नर्वेद्धारा सन् २००१ को अप्रील महिनाको एक तारिखदेखि ५ तारिखसम्मको संचालित आर्थिक व्यवस्थापन तालिममा कन्सोर्टियमबाट श्रीमति सुशीला अधिकारी सहभागी हुनुभएको थियो ।

### ५. बाल बचाऊ यु.के द्धारा आयोजित चरणबद्ध सहजकर्ता तालिममा सहभागी

बाल बचाऊ यु.के.द्धारा सन् २००० को २७ जुनदेखि ७ जुलाई सम्म आयोजित पहिलो चरणको तालिम थियो । यस तालिमको दोस्रो चरण सन् २००१को मार्च ६देखि १२ सम्म आयोजना गरिएको थियो भने उक्त दुबै चरणको तालिममा कन्सोर्टियमका श्री राजीब लोचन अधिकारी सहभागी हुनुभएको थियो ।

### ६. बालबालिकाका लागि विश्वव्यापी अभियान /संयुक्त राष्ट्रसंघ महासभाको बालबालिकाका लागि विशेष बैठक सम्बन्धी सन्दर्भ सामग्रीहरूको बाल मैत्रीपूर्ण भाषामा अनुवाद र प्रकाशन :

अंग्रेजीमा प्रकाशीत उपलब्धी दस्तावेज "बालबालिकाको लागि उपयुक्त विश्व" लाई नेपालीमा अनुवाद गरी हातेमालो बालक्लबका बालबालिकासंग यसमा



बालबालिकाका लागि विश्वव्यापी अभियान /संयुक्त राष्ट्रसंघ महासभाको बालबालिकाका लागि विशेष बैठक

UNGASS/GMC सहजिकरण, बालबालिकाका प्रमुख मुद्धाहरुमा कसरी सम्वेदनशील हुने बालबालिकाको परिकल्पना संकलन र क्षेत्रिय परामर्शका लागि अभ्यास रहेका थिए।

पृष्ठपोषण लिने कार्य भयो। साथै तीनवटा अन्य अनुसूचीहरु समावेस गरेर त्यसलाई प्रकाशन गरियो। उक्त प्रकाशन उपलब्धि दस्तावेजको बालबालिकासँग क्षेत्रीय परामर्श गोष्ठिमा सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरियो। साथै सदस्य संस्थाहरुलाई वितरण गरियो। यस प्रकाशनले UNGASS/GMC बारे सहजीकरण गर्दा श्रोत सामग्रीको काम गरेको थियो।

कन्सोर्टियमले गत फेब्रेवरी १२ देखि १४ सम्म ३ दिने सहजकर्ता तालिममा सन् २०००मा सहभागी साथीहरुसंगको अनुगमन कार्यक्रम नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र, जावलाखेलमा सम्पन्न भयो जसमा उहाँहरुले सहजकर्ता तालिम साँच्चैको उपलब्धिमुलक कार्यक्रम भएको र सबै सहजकर्ता साथीहरुलाई यस किसिमको तालिम आवश्यक रहेको कुरा व्यक्त भयो।

७. उपलब्धि दस्तावेज/"बालबालिकाको लागि उपयुक्त विश्व" बालबालिकासँग क्षेत्रीय परामर्शः

संयुक्त राष्ट्संघ महासभाको बालबालिकाका लागि विशेष बैठकका निम्ति बालबालिका निमित्त तयार पारिएको उपलब्धि दस्तावेज बालबालिकासँग क्षेत्रीय परामर्श गरिने निर्णय भयो। उक्त परामर्श सञ्चालन गर्न सबै विकास क्षेत्रहरुबाट ४ जना वयस्क र ४ जना बालबालिका चयन गरियो। उक्त तालिममा सबै विकास क्षेत्रबाट जम्मा २० जना वयस्क र २३ जना बालबालिकाको प्रतिनिधित्व रहेको थियो। यस तालिमका मुख्य सत्रहरुमा

८. उपलब्धी दस्तावेज/ "बालबालिकाको लागि उपयुक्त विश्व" बालबालिकासँग क्षेत्रीय परामर्श गोष्ठिः

पश्चिमाञ्चल विकास क्षेत्रको परामर्श गोष्ठी सन् २००१ को जुन २ देखि ४ तारिख पाल्पामा आयेजना भयो। यस गोष्ठीमा बालबालिकाले बालबालिकाका लागि विश्वव्यापी अभियानका दश प्रमुख मुद्दाहरुमा रहेका समस्याहरु केलाउने काम गरे, र त्यसका समाधानका निम्ति सुझावहरु पनि प्रस्तुत गरे। बालबालिकाले आउँदो दशकमा नेपालमा बालबालिकाको स्थितिबारे परिकल्पना गरे र उक्त प्रस्तुति पनि गरियो।

उक्त गोष्ठि पाँचैवटा विकास क्षेत्रमा आयोजना गरिने योजना रहेको थियो तर देशमा राजदरवार हत्याकाण्डपछि बन्द र तनावको स्थितिले सो कार्यक्रम गर्न सकिएन। यस गोष्ठीबाट प्राप्त गरेका बालबालिकाका विचारहरु विषेश सभाको तेश्रो र अन्तिम तयारी बैठकमा पठाइयो।

९. क्षेत्रीय बालसभाहरू:

कन्सोर्टियमको संचालक समिति र प्लेनरी बैठकहरुको निर्णय अनुसार सदस्य संस्थाहरुको सहयोगमा पाँचै विकास क्षेत्रहरुमा बालसभाहरु संचालन गरियो। यसको राष्ट्रिय आयोजक कन्सोर्टियम रहेको थियो भने क्षेत्रिय आयोजकहरु




सुदुरपश्चिमाञ्चल क्षेत्रीय बालसभामा सहभागि भाइ वहिनीहरु

पूर्वाञ्चल धरानमा उप्का नेपाल धरान, मध्यमाञ्चल हेटौडामा सामाजिक संस्था जिल्ला समन्वय समिति बारा, पश्चिमाञ्चल दमौलीमा होस्टे हैंसे बाल विकास समाज तनहुँ, मध्य–पशिचमाञ्चल सुर्खेतमा बाल बचाउ यु.के. र सुदुर – पश्चिमाञ्चलमा वेस कैलाली र नेपाल राष्ट्रिय समाज कल्याण संघ महेन्द्रनगर कन्चनपुर रहेका थिए ।

बालसभाका मुख्य उद्देश्यहरु बालअधिकारका मुद्धाहरुलाई छलफल गर्ने, बालबालिकाका प्रमुख मुद्धाहरु संकलन गर्ने र सर्व सम्मतिमा ल्याउने, बालक्लबका उपलब्धि र चुनौतिहरुको छलफल गर्ने, UNGASS/GMC को बारेमा छलफल गर्ने रहेका थिए । GMC को मत संकलन गर्ने र हरेक विकास क्षेत्रबाट राष्ट्रिय बालसभाको निम्ति पाँच जना बालबालिका चयन गर्ने रहेको थियो ।

## १०. राष्ट्रिय बालभेलाः

अन्तराष्ट्रिय सेभ द चिल्ड्रेन समूह/कन्सोर्टियमको संयुक्त आयोजनामा सन् २००१ सेप्टेम्बर १० र ११ मा वीरेन्द्र अन्तराष्ट्रिय सभागृहमा राष्ट्रिय बालभेला आयोजना गरियो । यस भेलाको मुख्य उद्देश्यहरु देशका हरेक विकास क्षेत्रका बालसमूहका प्रतिनिधिहरुको भेला गराउने, विषेश बैठकका प्रतिनिधिहरुसँग अन्तरकृया गराउने, बालबालिकाले कार्य गरेका कामहरुको प्रदर्शनी राख्ने रहेको थियो । उक्त भेलामा क्षेत्रीय बालसभाबाट पनि २५ जना बालबालिकाले क्षेत्रिय हिसाबमा आफ्ना क्रियाकलापहरु झल्कने सामग्री प्रदर्शनीमा राखेका थिए ।

यस सभाले पत्रकारहरुलाई पनि बालबालिका प्रति संवेदनशील गर्ने कार्य गर्यो र उपत्यकाका धेरै स्कूलका बालबालिकाले पनि प्रदर्शनी हेर्न र बालअधिकार र बालबालिकाका मुद्धाहरुबारे जानकारी लिने अवसर पाए ।

## ११. बालअधिकार दिवसको अवसरमा प्रकाशन

हरेक वर्ष कन्सोर्टियमले बालअधिकार दिवसको दिन केही दैनिक पत्रिकाहरुमा बालअधिकार सम्बन्धी प्रकाशन गर्दै आइरहेको छ । सन् २००१ मा पनि सोही अनुरुप "गोरखापत्र दैनिक" र "कान्तिपुर दैनिक" मा प्रकाशन गरियो जसमा बालबालिकाका लागि विश्वव्यापी अभियानका दश मुख्य बुँदाहरु माथि प्रकाश परियो र व्यक्ति, परिवार,



समुदाय, स्कूल, संघ संस्थाहरु, र सरकारी निकायहरुलाई बालबालिकाको सर्वोत्तम हित र हरेक क्षेत्रमा उनीहरुको सहभागिताको लागि आह्वान गरियो । साथै कन्सोर्टियमको छोटो परिचय र सदस्य संस्थाहरुको नाम प्रकासित गरियो ।

## १२. आवेदक संस्थाहरूलाई सदस्यता :

सन् २००१ मा युथ क्लब नारायणगढ, भवानी एकिकृत विकास केन्द्र, सिराह; बेस, कैलाली; र नेपाल राष्ट्रिय समाज कल्याण संघ कञ्चनपुरलाई अवलोकनकर्ता सदस्यता प्रदान गरियो ।

## १३. संचालक समिति र प्लेनरी बैठकहरू संचालन :


यस वर्ष जम्मा ८ पटक विविध विषयहरुमा संचालक समितिको बैठक बस्यो र पाँच वटा प्लेनरी बैठकहरु आयोजना गरियो । यस बाहेक विभिन्न कार्यक्रमहरु बालसभाहरु सञ्चालन गर्न, क्षेत्रीय परामर्शको निम्ति तयारी बैठकहरु पनि आवश्यकता अनुसार गठित कार्य दलहरुको नियामित बैठकहरु बस्ने र योजनाहरु बनाउने कामहरु भयो ।

## १४. तालिममा सहभागिता :

बाल बचाउ नर्वेद्धारा सन् २००१ को मार्च महिनाको १ तारिख देखि ५ तारिख सम्म आयोजित लेखा व्यवस्थापन तालिममा कन्सोर्टियमका कर्मचारीहरु सहभागी भएका थिए । बाल बचाउ यु.के. द्वारा मार्च ७ देखि १२, २००१ सम्म दक्षिणकालीमा आयोजित सहजकर्ता तालिममा र हातेमालो संचारद्वारा आयोजित नोभेम्बर ४ देखि ११ सम्मको बालबालिकादेखि बालबालिकासम्म प्रशिक्षक प्रशिक्षण तालिममा कन्सोर्टियमका व्यवस्थापक सहभागी हुनु भएको थियो । बालबालिकादेखि बालबालिकासम्मका लागि प्रशिक्षक प्रशिक्षण तालिमको प्रतिवेदन कन्सोर्टियमले तयार गरेको थियो ।

## १५. तालिममा सहजीकरण :

सन् २००१को २७ जुन देखि ३ जुलाईसम्म हातेमालो सञ्चारद्धारा आयोजित बालबालिकादेखि बालबालिकासम्म पुनर्ताजकीकरण तालिममा सहजीकरण, पूर्वाञ्चल, मध्यमाञ्चल र मध्य पश्चिमाञ्चल बालसभाहरुमा



प्लेनरी बैठक

सहजीकरण र सदस्य संस्थाहरुद्धारा आयोजित कार्यक्रमहरुमा सहभागी/सहजकर्ताको भूमिका पनि कन्सोर्टियमले गर्दै आएको छ ।

## सारांश/निष्कर्श

यस वर्ष कन्सोर्टियमको मुख्य लक्ष्य र उद्देश्यहरुबाट केहीहदसम्म बाहिरिएर "संयुक्त राष्ट्र संघीय महासभाको बालबालिकाका लागि विशेष बैठक र बालबालिकाका लागि विश्वव्यापी अभियानका कार्यक्रमहरु" मा केन्द्रित हुन पुग्यो । देशमा विधमान स्थितिले धेरै अपेक्षा गरिएका यस वर्षका चरणवद्ध सहजकर्ता तालिम पनि २००२ जनवरीमा आएर मात्र सम्पन्न हुन सक्यो । तर पनि हामी बालअधिकारबारे आन्दोलन नै ल्याउने र कन्सोर्टियममा संस्थापकहरुले देखेका सुनौलो सपनालाई साकार बनाउन आगामी वर्षमा योजना बनाइएका योजना/कार्यक्रमहरु मार्फत अग्रसर हुने प्रण गरेका छौं । ❋

# Say Yes for Children Campaign Voting Results

## 1. Introduction:

Say Yes for Children, an integral part of Global Movement for Children is a campaign to show concern and solidarity and voice for children from every part of the society calling for a better world for children. The campaign called upon people from all ages to join their voices. It was build on 10 imperative actions and responsibilities, and aimed in delivering the clear messages that the people of the world care about children. Similarly, the campaign expected government to keep their promises they make to children.

In the campaign people say, "YES" to the 10 critical actions that needed to improve the lives of children and adolescents everywhere. It was a massive grass-roots campaign that reached thousands of people and mobilizes them around the issues that affect the daily lives and futures of children.

## 2. Say Yes for Children in Nepal

The Say Yes for children polling campaign began in Nepal on 25 July as joint initiatives of Ministry of Women, Children and Social Welfare (MoWSCW), Save the Children Alliance members (Norway, US, UK and Japan), UNICEF, and Plan International, the core organizations to move forward the GMC in the country. A 14-year girl child lunched the campaign by casting the first vote to "say yes" for children electronically.


The voting was continued for more than a month through out the country by mobilizing key institutions form community to national level.

Say Yes for Children campaign in Nepal aimed at garnering support form children and adults across the country through a referendum on the rights and well being of children. This also seeks to gather a common voice in support of the government's commitments to improve the situation of children in Nepal.


The following are the 10 Rallying points and the descriptive information provided for Say Yes for Children voting to support the Global Movement for Children.


1. Leave No Child Out
2. Put Children First
3. Care for Every Child
4. Fight HIV/AIDS
5. Stop Harming and Exploiting Children
6. Listen to Children
7. Educate Every Child
8. Protect Children from War
9. Protect the Earth for Children
10. Fight Poverty: Invest in Children

**Age and Gender Distribution of Voters Participated in Say Yes for Children in Nepal.**



# Say Yes for Children Voting Result in Nepal



## Child clubs data of Consortium Member Organizations

| Sr. # | Name and Address of Organization | No. of child clubs | No. of girl child | No. of boy child | Total no. of children | Coverage |
|---|---|---|---|---|---|---|
| 1 | CWIN, Ravibhawan, KTM | 242 | – | – | 24,200 (Tentative) | 21 districts |
| 2 | Concern-Nepal, KTM | 18 | | | 540 | 1 districts |
| 3 | Hatemalo Sanchar, | 4 | 300 | 200 | 500 | 4 districts |
| 4 | SC-UK | 92 | | | | 2 districts |
| 5 | SC- US | 147 | | | | 5 districts |
| 6 | SC with parteners | | | | | |
| 7 | CDS | 6 | 107 | 76 | 183 | 2 districts |
| 8 | UPCA- Nepal, Dharan | 4 | 22 | 61 | 83 | 2 districts |
| 9 | SAFE, Nepalgunj | 6 | 42 | 25 | 67 | 2 districts |
| 10 | CBR-O , Bhaktapur | 2 | | | | 1 district |
| 11 | PLAN Nepal | 500 | | | 20,000 (Tentative) | 8 districts |
| 12 | LWS | 56 | 540 | 650 | 1190 | |
| 13 | BES, Palpa | 57 | | | | 4 VDCs |
| 14 | Hoste Hainse CDC, Tanahun | 54 | 681 | 851 | 1532 | |
| 15 | Social Rise Help Centre, Pal;a | 73 | | | | |
| 16 | Indreni Samaj Kendra, Palpa, Jhirubas | 57 | 902 | 1007 | 1909 | |
| 17 | Women Self Help Centre, Bharte, Lamjung | 51 | | | | |
| 18 | SPW | 85 | 3055 | 3055 | 6110 | 81 VDCs |
| 19 | Loo Niva, Khokana | 11 | | | | |
| 20 | BASE, Kailali | 44 | | | | |
| 21 | NNSWA, Kanchanpur | 50 | 942 | 1360 | 2302 | 3 VDC |
| 22 | Bhawani Integrated Development | 41 | 852 | 1495 | 2356 | |
| 23 | CWISH, Kathmandu | 5 | 55 | 70 | 125 | KTM metro |
| 24 | AFORD, Nepal, Kapilvastu | 3 | 35 | 39 | 74 | 3 VDCs |
| 25 | Janaki Woment Awareness society, Dhanusha | 21 | | | | |
| 26 | Youth club Narayanghat | 16 | 120 | 317 | 437 | 2 VDCs |
| 27 | Ilaka Child Development NGO | 75 | 711 | 907 | 1618 | 4 VDCs |
| | **Total** | **1,720** | | | **63,217** | |

# कन्सोर्टियमका सदस्य संस्थाहरू

### संस्थापक सदस्यहरु

सिविन (नेपाल बालमजदूर सरोकार केन्द्र)
कन्सर्न नेपाल
हातेमालो संचार
समुदायमा आधारित पुनर्स्थापना संस्था विराटनगर
बाल बचाउँ यु.के
बाल बचाउँ नर्वे
बाल बचाउँ यु.एस.
बाल विकास समाज
उप्का धरान
सेफ

### पूर्ण सदस्यहरु

प्लान ईन्टरनेशनल नेपाल
लुथरन वर्ड फेडरेशन
स्टुडेन्ट पार्टनरशिप वर्डवार्यड
समुदायमा आधारित पुनर्स्थापना संस्था भक्तपुर
पछौटेपन उन्मुलन समाज, पाल्पा
होस्टे हैंसे युवा क्लब, तनहुं
महिला आपसी सहयोग केन्द्र, लम्जुङ्ग
समाज उत्थान सहयोग केन्द्र, पाल्पा
ईन्द्रेणी समाज केन्द्र, पाल्पा
ईलाका बाल विकास समाज ,उदयपुर
लु निभा, खोकना

### अवलोकनकर्ता

बेस कैलाली
भवानी एकिकृत विकास केन्द्र, सिराह
युथ क्लब, नारायणगढ
एन.एन.एस.डब्लु.ए. महेन्द्रनगर, कन्चनपुर
अफोर्ड नेपाल
सि.वि.स
जानकी महिला जागरण समाज



### विस्तृत जानकारीका लागि सम्पर्क


नेपालका बालक्लबहरूसंग
कार्यरत संस्थाहरूको साझा समूह
(कन्सोर्टीयम)
पो.ब.न. ६८२, काठमाण्डौ
फोनः ०१-५४२२०४
ईमेलः consortium@mos.com..np